# पहिलो
# आवधिक
# योजना

(आर्थिक वर्ष २०७६/७७ - २०८०/८१)




**प्रदेश सरकार**
**प्रदेश नीति तथा योजना आयोग**
**प्रदेश नं. २, जनकपुरधाम**
**२०७७**

प्रकाशक : प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं. २, जनकपुरधाम, नेपाल
फोन नं. : ०४१-५२२९१९
ईमेल : statepcp2@gmail.com
वेबसाइट : pc.p2.gov.np

प्रकाशन बर्ष : २०७७
सर्बाधिकार : प्रदेश नीति तथा योजना आयोग
लेआउट : राजिव बिष्ट

मुद्रक : एपोलो अफसेट प्रेस प्रा. लि.
चाबहिल-७ , काठमाडौं, नेपाल
फोन नं. ०१-४५६९२२२, ४५७१४८४

मा. लालवावु राउत
Hon. Lalbabu Raut
मुख्यमन्त्री
Chief Minister

फोन फ्याक्स नं.: ०४१-५२७३०३, ५२३१३३
PH. Fax No.: 041-527303, 523133
निजी सचिवालय
Personal Secretariat
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal
Website : www.ocmcm.p2.gov.np

प्रदेश सरकार
State Government
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
Office of the Chief Minister & the Council of Ministers
प्रदेश नं.२
Province No. 2

पत्र संख्या :
च नं. (Ref No).

# मन्तव्य

राजनैतिक अधिकार प्राप्तिका दीर्घकालिन संघर्ष एवं आरोह–अवरोह पश्चात प्राप्त संघीय संरचना अन्तर्गतको प्रदेश नं २ को आफ्नै मौलिक पहिचान, अर्थतन्त्र, भेषभूषा, संस्कृत्ति तथा भूबनौट रहेको छ । मधेशका ८ जिल्लाहरुलाई समेटेर निर्माण गरिएको चुरे तथा समथर भूभागले प्रदेश न. २ को भूगोललाई प्रतिबिम्बित गरेको छ ।

जनआकांक्षा तथा मधेशका वीर शहिदहरुको सपनालाई साकार पार्न प्रदेशमा उपलव्ध स्रोत र साधनलाई अधिकतम सदुपयोग गर्दै प्रादेशिक आकांक्षालाई योजनावद्ध प्रक्रियाद्धारा सम्वोधन गर्न यो “पहिलो आवधिक योजना २०७७” तयार गरिएको छ । यस योजनाले प्रदेशको आगामी विकास निर्माण कार्यक्रमहरुको तर्जुमा गर्न महत्वपूर्ण योगदान पु–याउने अपेक्षा लिएको छु । यसले जनआकांक्षा तथा प्रदेशभित्र विद्यमान कृषि,पर्यटन तथा उधोगहरुको सुव्यवस्थित व्यवस्थापनको साथै मानव संसाधनको विकासको लागि महत्वपूर्ण सोच, उद्देश्य, नीति, रणनीति तथा कार्यक्रमहरु नतिजा खाका सहित निर्देशित गरेको छ । योजनाले विकास निर्माणको लागी कार्यदिशा निर्धारण गर्नुको साथै दिगो विकास लक्ष्य हासिल गर्न, प्रति व्यक्ति आय वृद्धि,प्रदेशको आर्थिक वृद्धि, स्रोतको सदुपयोग, आर्थिक, सामाजिक तथा सांस्कृतिक सामन्जस्य कायम गर्न मद्दत पुऱ्याउने छ ।

अन्तमा, यस प्रदेशको पहिलो आवधिक योजना तयार गरेकोमा प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष लगायत सम्बद्ध सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु ।

यस्तै योजनाको तयारीमा सहयोग गर्नु हुने प्रदेश सरकारका विभिन्न मन्त्रालयका माननीय मन्त्रीज्यू, सांसदज्यू, विभिन्न समितिका पदाधिकारीज्यू लगायत सम्पूर्ण कर्मचारी तथा विकासका साझेदारहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

............................
मा. लालवावु राउत
मुख्यमन्त्री

# प्रदेश सरकार
## प्रदेश नं. २

निजी सचिवालय

माननीय विजय कुमार यादव
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा, नेपाल


पत्र संख्या :
चलानी नं.:

मितिः.................................

### मन्तव्य

मधेश र मधेशीको संघर्ष, बलिदानी तथा शहादतबाट प्राप्त संघीयतालाई जनआकांक्षा अनुकूल रुपान्तरित गर्न प्रतिवद्ध प्रदेश २ को सरकार विकासको प्रतिफल जनसमुदाय समक्ष पुर्‍याउन अग्रसर रहेको छ ।

यसै क्रममा मधेश आन्दोलनका मर्म तथा मान्यता , शहिदको सपना र जनतासंग गरिएको प्रतिवद्धताहरुलाई साकार पार्ने प्रमुख दायित्वलाई मनन गर्दै प्रदेशको विकासलाई योजनावद्ध प्रकृयाबाट अगाडि बढाउन "पहिलो आवधिक योजना २०७७" तयार पारिएको छ। कृषिको आधुनिकिकरण,व्यवसायिक कृषि प्रणालीको विकास, पर्यटकीय क्षेत्रको प्रर्वधन एवं उद्योग र मानवीय पूँजी जस्ता पक्षलाई व्यवहारिक कार्यान्वयनको लागि यस योजनाले अपेक्षित दिशा निर्देश गरेको छ।

यस योजनाले वहुआयमिक प्रादेशिक विकासको आधारशीला तयार गरी सुन्दर र समृद्ध प्रदेशको लक्ष्यतिरको अग्रसरतालाई प्रोत्साहित गर्ने छ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

मा. विजय कुमार यादव
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

Ph No.- 041522919
Fax No.- 041-522919
Email: statepcp2@gmail.com
website: pc.p2.gov.np

## मन्तव्य

प्रदेशको व्यवस्थित विकासको लागि आवधिक योजना निर्माणको आवश्यकतालाई मध्यनजर गर्दै प्रदेशभित्र उपलव्ध स्रोत–साधन, संभाव्यता, चुनौती तथा अवसरहरुलाई विश्लेषण गरी आ.व. २०७६/२०७७ देखि आ.व. २०८०/२०८१ सम्मको प्रदेश सरकारको "पहिलो आवधिक योजना २०७७" तयार गरिएको छ।

यो आवधिक योजना राष्ट्रिय योजना आयोगले तयार गरेको दीर्घकालिन सोच, पन्धौं योजना, दिगो विकासका लक्ष्यहरु एवम् प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार वनाएर विभिन्न चरणमा विभिन्न निकाय र सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया पश्चात् तयार पारिएको छ । योजनामा प्रादेशिक विकास निर्माणका वहुआयामिक विषयवस्तुहरुलाई समेटिएको छ । यस्तै क्षेत्रगत सोच,लक्ष्य,उद्देश्य,नीति,कार्यनीति,कार्यक्रम,अपेक्षित उपलव्धिहरु तथा नतिजा खाकाहरु समेटिएका छन् ।

योजनालाई विभिन्न विषयवस्तुहरु समेटी ८ परिच्छेदमा तयार पारिएको छ । पहिलो परिच्छेदमा योजनाको औचित्य तथा तर्जुमाका निर्देशक आधारहरु,अन्तरवस्तु तथा योजना तर्जुमा पद्धतिवारे वर्णन गरिएको छ । दोस्रो परिच्छेदमा प्रदेशको विद्यमान आर्थिक तथा सामाजिक अवस्था,प्रमुख चुनौती, अवसर,सोच र लक्ष्य एवम् योजना अवधिभित्रमा गरिने परिमाणत्मक लक्ष्य वारे उल्लेख गरिएका छन् । तेस्रो परिच्छेदमा आर्थिक क्षेत्र, विशेष गरी वचत तथा लगानी, सार्वजनिक खर्च, राजस्व परिचालनसंग सम्वन्धित विषय वस्तुहरु समेटिएका छन्। चौथो परिच्छेदमा कृषि,सिचाई,पशपन्छी पालन,मत्स्य पालन,सहकारी,भूमिसुधार,उधोग वाणिज्य तथा आपुर्ति र पर्यटनका विषयवस्तुहरु समावेश गरिएका छन। पांचौ परिच्छेदमा सामाजिक विकास अन्तर्गत शिक्षा,स्वास्थ्य,जेयष्ठ नागरिक, अपाङ्गता भएकाहरु,महिला सशक्तिकरण,वालवालिका,युवा तथा खेलकुद,भाषा, कला,संस्कृति तथा सम्पदा संरक्षण जस्ता विषयवस्तुहरु समावेश गरिएका छन। परिच्छेद छ मा पूर्वाधार,सडक तथा यातायात,सौर्य उर्जा तथा वायोग्याँस, शहरी विकास र

खानेपानी तथा सरसफाई आदिलाई समेटिएको छ। परिच्छेद सातमा तथ्याङ्क व्यवस्थापन, श्रम तथा रोजगारी, वन तथा वातावरण, सूचना तथा प्रविधि, जलवायु परिवर्तन, विपत जोखिम न्यूनिकरण तथा व्यस्थापन, मानव संसाधन विकास, सामाजिक समावेशिता, सुशासन तथा भ्रष्टाचार नियन्त्रणलाई समेटिएको छ । यस्तै परिच्छेद आठमा आवधिक योजनाको लगानी देखि लक्ष्य प्राप्ति सम्म हुने नतिजाका चरणहरुलाई नतिजाको तीन वटा तहगत श्रृङ्खलामा आवद्ध गरी सवै क्षेत्र तथा उपक्षेत्र समेटी हरेकको वेग्लावेग्लै तर्कवद्ध खाका प्रस्तुत गरिएको छ ।

सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समन्वय र सहयोगद्धारा समतामूलक दिगो विकास तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने एवंम नागरिकका चाहनालाई पुरा गर्ने तर्फ योजना केन्द्रित रहेको छ। यसै गरी गरिवी न्यूनीकरण तर्फ गरिवीको रेखामूनि रहेको नागरिकको जीवनस्तरलाई पाँच वर्षभित्र २७.७ प्रतिशत बाट २१ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ भने योजना अवधि भित्र ११ प्रतिशत आर्थिक वृद्धि दर हासिल गर्ने र कुल स्थिर लगानी ११ खर्व ५९ अर्व ३६ करोड आवशयक पर्ने अनुमान गरिएको छ। योजनात्मक लगानीमा सार्वजनिक क्षेत्रवाट ३८ प्रतिशत निजी क्षेत्रवाट ५८ प्रतिशत र सहकारी क्षेत्रवाट ४ प्रतिशत लगानीको अनुमान गरिएको छ। प्रक्षेपित लगानीको प्रतिफलको रुपमा योजनाको अन्त सम्ममा प्रति व्यक्ति आय १००० यु.एस. डलर पुग्ने अनुमान गरिएको छ।

संघीय प्रणालीको अवलम्वनका साथ संघीयता कार्यान्वयनका लागी ल्याइएको नेपालको पन्ध्रौ योजना र प्रदेशको पहिलो योजना संगसंगै अगाडि बढेको छ। फलतः प्रादेशिक योजना कार्यान्वयनका लागी संघीय योजनाले पार गरेका चुनौतीहरुबाट सिक्ने अवसर समेत प्राप्त भएको छ। तसर्थ नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेको दिगो विकासका लक्ष्यहरु हसिल गर्ने प्रतिवद्धता पुरा गर्न प्रदेशले आफ्नो तहबाट सघाउने गरी पहिलो आवधिक योजना तयार गरेको छ।

योजना निर्माणका लागी सहभागितामूलक विधिको अनुसरण गरिएको छ । वस्तुतः यो योजना प्रदेश सरकारका विभिन्न अगंहरु, राजनैतिक दलहरु, निजी तथा सहकारी क्षेत्र, संचारकर्मी, नागरिक समाज सहित विविध सरोकारवालाहरुसंगको विभिन्न चरणमा गरिएको बिचार विमर्श एवम अन्तरक्रियाको परिणाम हो।

यस योजनाको तयारीमा निरन्तर सल्लाह, सुझाव र सहयोग प्रदान गर्नु हुने प्रदेशको मुख्यमंत्री एवं प्रदेश नीति तथा योजना आयोगको अध्यक्ष माननीय लाल वावु राउतज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु। यसै गरी विभिन्न मंत्रालयका माननीय मंत्रीज्यूहरु, राज्यमंत्रीज्यूहरु, प्रमुख सचिव, मुख्य न्यायधिवक्ता, सचिवहरु तथा कर्मचारीहरु प्रति निरन्तर सकारात्मक सहयोगको लागी हृदय देखि धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यो योजना निर्माणमा विज्ञ समूहको महत्वपूर्ण योगदान रहेकोले EPI संग सम्वद्ध सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, यस आवधिक योजनाको निर्माणमा प्रदेश नीति तथा योजना आयोगका कर्मचारीहरु तथा दातृ निकायका प्रतिनिधिहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद दिन चाहन्छु ।

यस आवधिक योजनाले प्रादेशिक विकासको लागि अपेक्षित मार्गदर्शन गर्ने आशा एवं विश्वास लिएको छु ।

डा. भोगेन्द्र झा
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग

# विषयसूची


## परिच्छेदः एक
## परिचय

१.१ प्रदेश आवधिक योजनाको पृष्ठभूमि १
१.२ प्रदेश आवधिक योजनाको औचित्य ३
१.३ प्रदेश आवधिक योजना तर्जुमाका निर्देशक आधारहरू ५
१.४ आवधिक योजनाका अन्तरबस्तु ७
१.५ योजना तर्जुमा पद्धति ७

## परिच्छेदः दुई

## आवधिक योजना
२.१ प्रदेशको विद्यमान आर्थिक सामाजिक अबस्था ११
२.२ प्रमुख चुनौती १६
२.३ अवसर १८
२.४ सोच २०
२.५ लक्ष्य २१
२.६ आवधिक योजनावधिमा हासिल गरिने परिमाणात्मक लक्ष्य २१
२.७ समग्र रणनीति २२
२.८ समष्टिगत आर्थिक स्थिति र नीति २३

## परिच्छेदः तीन

## समष्टिगत आर्थिक क्षेत्र
३.१ बचत तथा लगानी ३३
३.२ सार्वजनिक खर्च ३५
३.३ राजस्व परिचालन ३७
३.४ आन्तरिक ऋण ३९
३.५ वैदेशिक सहयोग ४०
३.६ नीजि क्षेत्र ४१
३.७ बिदेशी लगानी ४२
३.८ सहकारी क्षेत्र ४३

## परिच्छेदः चार

## आर्थिक क्षेत्र
४.१ कृषि ४५

४.२ सिंचाइ ५४
४.३ पशु र पंक्षीपालन ५७
४.४ मत्स्यपालन ६०
४.५ सहकारी ६२
४.६ भूमिव्यवस्थापन ६५
४.७ उद्योग ६७
४.८ वाणिज्य तथा आपूर्ति ७१
४.९ पर्यटन ७४

परिच्छेदः पाँच

सामाजिक विकास
५.१ शिक्षा ८१
५.२ स्वास्थ्य ८७
५.३ जेष्ठ नागरिक र अपाङ्गता ९१
५.४ महिला सशक्तिकरण ९३
५.५ बालबालिका ९६
५.६ युवा तथा खेलकुद ९९
५.७ भाषा कला साहित्य तथा सम्पदा संरक्षण १०२

परिच्छेदः छ

पूर्वाधार
६.१ सडक तथा यातायात १०५
६.२ सौर्य उर्जा तथा बायो ग्याँस १०९
६.३ शहरी विकास १११
६.४ खानेपानी तथा सरसफाइ ११४

परिच्छेदः सात

अन्तरसम्बन्धित तथा सर्बोपरी विषय
७.१ तथ्याङ्क व्यवस्थापन ११७
७.२ श्रम तथा रोजगारी ११९
७.३ वन तथा वातावरण १२१
७.४ सूचना प्रविधि १२४
७.५ जलवायु परिवर्तन, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन १२७
७.६ मानव संशाधनको विकास १३०

७.७ सामाजिक समावेशिता १३२
७.८ सुशासन तथा भ्रष्टाचार नियन्त्रण १३४
७.९ शान्ति सुरक्षा १३७
७.१० कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन १३९

## परिच्छेदः आठ

### नतिजा खाका

८.१ समष्टिगत आर्थिक क्षेत्र ( परिच्छेद ३ संग सम्वन्धित) १४७
८.२ कृषि, पशुपक्षी तथा मत्स्य विकास ( परिच्छेद ४.१ र ४.३ संग सम्वन्धित) १४९
८.३ खाद्य सुरक्षा (परिच्छेद ४.१ को पुरक) १५३
८.४ सिचाइ ( परिच्छेद ४.२ संग सम्वन्धित) १५५
८.५ मत्स्य विकास ( परिच्छेद ४.४ संग सम्वन्धित) १५७
८.६ सहकारी क्षेत्र ( परिच्छेद ४.५ संग सम्वन्धित) १५९
८.७ भूमि व्यवस्थापन ( परिच्छेद ४.६ संग सम्वन्धित) १६१
८.८ गुठी व्यवस्थापन (परिच्छेद ४.६ को पुरक) १६२
८.९ उद्योग ( परिच्छेद ४.७ संग सम्वन्धित) १६३
८.१० वाणिज्य तथा आपूर्ति (परिच्छेद ४.८ संग सम्वन्धित) १६५
८.११ पर्यटन ( परिच्छेद ४.९ संग सम्वन्धित) १६६
८.१२ शिक्षा ( परिच्छेद ५.१ संग सम्वन्धित) १६८
८.१३ स्वास्थ्य तथा पोषण (परिच्छेद ५.२ संग सम्वन्धित) १७१
८.१४ जेष्ठ नागरिक तथा अपाङ्गता ( परिच्छेद ५.३ संग सम्वन्धित) १७५
८.१५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण (परिच्छेद ५.४ संग सम्वन्धित) १७७
८.१६ बालबालिका ( परिच्छेद ५.५ संग सम्वन्धित) १७९
८.१७ युवा तथा खेलकुद ( परिच्छेद ५.६ संग सम्वन्धित) १८१
८.१८ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण
( परिच्छेद ५.७ संग सम्वन्धित) १८३
८.१९ सडक तथा यातायात व्यवस्थापन ( परिच्छेद ६.१ संग सम्वन्धित) १८५
८.२० सौर्य तथा वायो ग्यास (परिच्छेद ६.२ संग सम्बन्धित) १८७
८.२१ शहरी विकास ( परिच्छेद ६.३ संग सम्वन्धित) १८८
८.२२ खानेपानी तथा सरसफाइ (परिच्छेद ६.४ संग सम्वन्धित) १९१
८.२३ तथ्यांक व्यवस्थापन (परिच्छेद ७.१ संग सम्वन्धित) १९३
८.२४ श्रम तथा रोजगार ( परिच्छेद ७.२ संग सम्वन्धित) १९५
८.२५ वन तथा जैविक विविधता ( परिच्छेद ७.३ संग सम्वन्धित) १९८
८.२६ सूचना प्रविधि ( परिच्छेद ७.४ संग सम्वन्धित) २००
८.२७ जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
( परिच्छेद ७.५ संग सम्वन्धित) २०२
८.२८ जलउत्पन्न प्रकोप व्यवस्थापन ( परिच्छेद ७.५ को पुरक) २०४

८.२९ मानव संशाधन विकास (परिच्छेद ७.६ संग सम्वन्धित) २०६
८.३० सामाजिक समावेशीकरण (परिच्छेद ७.७ संग सम्वन्धित) २०७
८.३१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण ( परिच्छेद ७.८ संग सम्वन्धित) २०९
८.३२ शान्ति सुरक्षा ( परिच्छेद ७.९ संग सम्वन्धित) २११
८.३३ योजना कार्यान्वियन र अनुगमन मूल्यांकन (परिच्छेद ७.१० संग सम्वन्धित) २१३

## तालिका

१.१ प्रदेशको आर्थिक सामाजिक अबस्था १२
२.१ आवधिक योजना अवधिमा हासिल गरिने परिमाणात्मक लक्ष्य २१
२.२ गरिबीको अवस्था (प्रतिशतमा) २४
२.३ आर्थिक सामाजिक क्षेत्रमा प्रदेश नं २ को स्थान २४
२.४ क्षेत्रगत मूल्य अभिवृद्धि र ग्राहस्थ उत्पादन २६
२.५ प्रादेशिक आर्थिक वृद्धि दर (प्रतिशत) २६
२.६ गार्हस्थ उत्पादन संरचना (प्रतिशतमा) २७
२.७ सीमान्त पूंजी अनुपात र कुल लगानी २८
२.८ सार्वजनिक, निजी र सहकारीबाट हुने लगानी २९
२.९ तीनतहका सरकारले गर्ने पुंजीगत लगानी प्रक्षेपण ३०
२.१० प्रदेश सरकारको अनुमानित बजेट ३२

## स्रोत तथा सन्दर्भ सामाग्री

# शब्द संक्षेप

| | |
|---|---|
| उ.प.व.वा.म/उपववाम | उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय |
| ने.रा.वै./ नेरावै | नेपाल राष्ट्र बैंक |
| केत.वि/ केत.वि | केन्द्रीय तथ्यांक विभाग |
| रा.ले.अ/ रालेअ | राष्ट्रिय लेखा अभिलेख |
| आ.मा.का.मं/आ.मा.तथा का.मं | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| दि.वि.ल./ दिविल | दिगो विकास लक्ष |
| रा.यो.आ/ रायोआ | राष्ट्रिय योजना आयोग |
| मु.म.तथा म.प.का./मु.म..प.का/मुमपका | मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालय |
| भू.कृ.स.म./भूकृसम | भूमि सुधार, कृषि तथा सहकारी मन्त्रालय |
| भौ.पू.वि.म./भौपूविम | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| रा.ज.ग./राजग | राष्ट्रिय जनगणना |
| ने.श्र.स./ नेश्रस | राष्ट्रिय श्रमशक्ति सर्भेक्षण |
| ने.ज.स्वा.स. / नेजस्वास | नेपाल जनस्वास्थ्य सर्भेक्षण |
| सा.वि.मं./साविमं | सामाजिक विकास मन्त्रालय |
| EMIS | Education Management Information System |
| HDR | Human Development Report |
| NMICS | Nepal Multiple Indicator Cluster Survey |

# परिच्छेद: एक

# परिचय

## १.१ प्रदेश आवधिक योजनाको पृष्ठभूमि

वि.सं. २१०० सम्ममा नेपाललाई उच्च आयस्तरको विकसित राष्ट्रमा स्तरोन्नति गर्ने हाम्रो दीर्घकालीन सोच रहेको छ। योजनाबद्ध विकासको क्रम शुरु भएको ६ दशकमा चौध वटा राष्ट्रिय आवधिक योजनाहरू कार्यान्वयन हुँदासम्म पनि हाम्रो सामाजिक आर्थिक क्षेत्रको विकास उपलब्धि आंशिक नै छ। नेपालको पहिलो आवधिक योजना (२०१३-१८) ले "उत्पादन र कृषिआयमा वृद्धि" लाई अपरिहार्य मानेको थियो। त्यसपछिका सबै आवधिक योजनाहरुले बृहत्तर आर्थिक सामाजिक अबस्थामा सुधार ल्याउने उद्धेश्यले "उत्पादकत्व वृद्धि" मा नै जोड दिइ आएको देखिन्छ। लामो समयसम्म केन्द्रिकृत शासन व्यवस्था र योजना पद्धतिको अबलम्बन पश्चात आठौं योजनाकाल (२०४९-५४) देखि अपनाइएको आर्थिक उदारीकरणबाट परिणाममूखी परिवर्तनहरु देखा पर्न थाले तापनि समग्रमा समृद्ध नेपाल र नेपालीको भविष्य बनाउनका लागि सामाजिक न्यायको माध्यमबाट लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना, निजी र सहकारी क्षेत्रको सहभागितामा तीब्र आर्थिक वृद्धि हासिल गर्ने गरी योजना अनुशासन कायम गर्न सकिएको छैन।

विभिन्न कालखण्डमा राजनैतिक व्यवस्थाहरुमा परिवर्तन हुँदै नेपाल संघीय गणतान्त्रिक मुलुकको रुपमा स्थापित भएको छ। नेपालको संविधानले नेपाललाई सातवटा प्रदेश सहितको संघीय राज्यको रुपमा स्थापित गरी राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको निर्माण गरेको छ। नेपालको बर्तमान राजनैतिक पद्धति निर्माण र सम्बर्द्धनमा ऐतिहासिक जनआन्दोलनको योगदान अतुलनीय रह्यो। मधेश आन्दोलनले नेपालको समथर भूभागको विशिष्ट अवस्थिति, सामाजिक चेतनास्तर र लामो समयसम्म अन्य क्षेत्रको तुलनामा पछौटेपनको अनुभूतिलाई मुखरित गर्दै राजनैतिक तथा आर्थिक सामाजिक विकासलाई नयाँ ढङ्गबाट सोच्न अहम् भूमिका निर्वाह गर्यो। भूक्षेत्रको तुलनामा उच्च जनघनत्व रहेको प्रदेश नं. २ ले आफ्नो पहिचान स्थापित गर्न सफल भए सँगै आफ्नो भौगोलिक विशिष्टता र प्राकृतिक स्रोत सम्पदाको उपयोग गर्दै तिनबाट प्राप्त भएका र हुनसक्ने उपलब्धिहरुको संरक्षण गर्नु अहिलेको आर्थिक चुनौती भएको छ। ठूलो त्याग

र लामो सङ्घर्षको फलस्वरूप स्थापित नेपालको संघीय शासन प्रणालीले मधेशको आर्थिक समृद्धि र पहिचानलाई नयाँ तवरमा परिभाषित एवम् स्थापित गर्ने मार्ग खोलेको छ।

राज्य शासकीय प्रबन्ध गणतन्त्रात्मक भइसकेको छ। संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानूनी राज्यको मूल्य र मान्यतामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने अठोट लिएको छ। प्रदेश र स्थानीयतहमा जनप्रतिनिधिहरु उत्तरदायीपूर्ण शासनभार सम्हाल्न सक्षम हुँदैछन। शासन सञ्चालनका प्रदेशस्तरका संयत्र र संस्थागत व्यवस्थाहरु क्रमश: स्थापित हुँदैछन। सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक परिकल्पना अनुरुप प्रदेश तथा स्थानीय सरकारहरु अधिकार र साझा अधिकारहरुको प्रयोग तथा कार्यान्वयनका प्रारम्भिक चरणमा प्रवेश गरेका छन।

प्रदेशहरुबीच रहेको भौगोलिक विविधता, प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकासस्तरलाई यथोचित सम्बोधन गर्न आफ्नो आर्थिक, समाजिक र पूर्वाधारजन्य विकास लाई प्रादेशिक आवश्यकताअनुरुप योजनाबद्ध रुपमा लैजानु पर्ने अभिभारा प्रदेश कै हो। नागरिकलाई प्राप्त अधिकारको कार्यान्वयन गर्न प्रदेश स्थापनाकाल देखि नै सक्षम हुँदै जान सके मात्र आर्थिकरुपमा आत्मनिर्भर र स्रोत परिचालनका लागि निर्णायक हुँदै जान्छन।

प्रदेशको दक्षिण सीमा भारतको विहार राज्यसंग जोडिएको छ। आर्थिक उदारीकरणको लाभ लिन प्रदेशले भारत तथा चीनको अर्थतन्त्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदा लिने अवसर छ। विप्रेषण उन्मुख अर्थतन्त्र बन्नुबाट प्रदेश जोगिनु उत्तिकै आवश्यक छ। भौगोलिक स्थितिका कारण प्राप्त राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय आर्थिक पक्षका लाभ लिन समेत प्रदेशको दीर्घकालीन योजना निर्देशित हुनुपर्दछ।

यस पृष्ठभूमिमा प्रदेशको आर्थिक सामाजिक सन्तुलित तथा दिगो विकासका लागि प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजिकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह दिने निकायका रुपमा "प्रदेश नीति आयोग गठन तथा कार्य संचालन, ऐन २०७५" बमोजिम प्रदेश नीति तथा योजना आयोग गठन भएको छ। योजनाबद्ध विकास गरी समृद्ध प्रदेश बनाउन प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशको आवधिक योजना वनाउने कार्यलाई प्राथमिकता साथ उल्लेख

गरिएको छ। प्रदेश सरकारका आर्थिक रणनीतिहरु उच्चतम आर्थिक विकास दर हासिल गर्दै अन्तरप्रदेशीय प्रतिस्पर्धामा अगाडि बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनीय बनाउन लक्षित रहेको अबस्था छ। योजनाबद्ध विकासको परिपाटी अबलम्बन गर्दै स्रोत परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरी स्थानीय सुशासनको अनुभूति दिलाउन समेत आवधिक योजनाले प्रदेशभित्रका स्थानीय तहहरूलाई नीतिगत मार्गदर्शन गर्नसक्नुपर्छ। सबल प्रदेश अर्थ व्यवस्था निर्माणका लागि संबैधानिक एवम् कानूनी जिम्मेवारी निर्वाह गर्दै केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक समृद्धि सुनिश्चित गर्ने सोच सहितको आवधिक योजना तर्जुमा अपरिहार्य भएको थियो।

## १.२ प्रदेश आवधिक योजनाको औचित्य

### १.२.१ संवैधानिक अधिकार तथा आर्थिक नीतिहरुको तर्जुमा

राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीयतहले गर्ने गरी प्रदेशको अधिकार तथा साझा अधिकारहरु संविधानको अनुसूची ६, ७ र ९ मा व्यवस्थित छन। प्रदेशलाई आफ्नो अधिकारभित्रको विषय सम्बन्धी कानून बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक जिम्मेवारी प्राप्त छ। यी अधिकारहरुको कार्यान्वयनका लागि प्रदेशले आर्थिक अबस्थाको विश्लेषण सहित प्रादेशिक नीतिहरुको तर्जुमा, विषयक्षेत्रगत योजनाको तर्जुमा, मध्यमकालीन खर्चसंरचना तयारी लगायतका विभिन्न आर्थिक विश्लेषणात्मक कार्यहरु सम्पादन गर्नुपर्ने हुन्छ।

### १.२.२ प्रदेशको आर्थिक सामाजिक अबस्था

प्रदेश नं. २ मा नेपालको कुल जनसङ्ख्याको २०.४ प्रतिशत (५४,०४,१४५/२०६८) बसोबास गर्छन। यो प्रदेशले नेपालको कुल भूभागको ५.७४ प्रतिशत ओगटेको छ। कुल ९,३२,३०८ घरधुरी रहेको यस प्रदेशको ५ वर्ष र सो भन्दा माथिको उमेर समूहको साक्षरता दर राष्ट्रियस्तरमा सबैभन्दा कम ४९.५४ प्रतिशत र त्यस्मा पनि महिला साक्षरता ३९ प्रतिशत मात्र रहेको देखिन्छ। बैदेशिक रोजगारीमा जाने कुल श्रमिक संख्या मध्ये २५.१ प्रतिशत यस प्रदेशबाट गएका देखिन्छ। आ.व २०७४/ ७५ मा प्रदेशको प्रतिव्यक्ति आय यू.यस डलर ७९९ रहेको छ, जुन राष्ट्रिय औसत अमेरिकी डलर १००४ भन्दा कम छ (नेपाल राष्ट्र बैङ्क)। प्रदेशको समग्र गरिबी दर २७.७ प्रतिशत रहेको छ,

जुन राष्ट्रिय गरिबी दर २५.२ प्रतिशतभन्दा बढी छ। राष्ट्रिय औसत बहुआयामिक गरिबी दर २८.६ प्रतिशत छ भने प्रदेशको बहुआयामिक गरिबी दर ४७.९ प्रतिशत छ।

### १.२.३ स्रोत परिचालन प्राथमिकीकरण र खर्च

विकास आयोजनाहरु प्राथमिकीकरण हुन नसकी सरकारी वित्तको प्रभावकारी कार्यान्वयन हुन नसकेको तीतो अनुभव राष्ट्रसमक्ष छ। आ. व. ०७३/७४ मा राष्ट्रिय कुल खर्चमा चालु खर्चको अंश ६१.९४ प्रतिशत र पूँजीगत खर्चको अंश २४.९३ प्रतिशत रहेको छ। सरकारी फजुल खर्च नियन्त्रण गर्न प्रतिफलमुखी आयोजना प्रस्तावित हुने पद्धति अवलम्बन भएको छैन। आर्थिक वर्ष २०७४।७५ को महालेखा परिक्षकको प्रतिवेदनले औल्याएको बेरुजुको दर संघीय सरकारको ५.२९ प्रतिशत र प्रदेश सरकारहरुको ७.२५ प्रतिशत छ। महालेखा परिक्षकको प्रतिवेदनले ७४७ स्थानीय तहहरुको ५ खर्ब ७२ करोड ५१ लाख रुपैयाँको लेखापरीक्षण गरेकोमा २४ अर्ब १४ करोड रुपैयाँ बेरुजु देखाएको छ जुन बेरुजु दर ४.२२ प्रतिशत हुन आउँछ। सात प्रदेशको ६८ निकायको २ अर्व ६२ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा सबैभन्दा बढी बेरुजु प्रदेश नं.२ को २३.७१ प्रतिशत रहेको छ (महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७५)। प्रदेश सरकारले सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण र विश्वसनीय बनाउन बजेटमा प्राथमिकीकरण र विनियोजन दक्षता अभिवृद्धि गर्ने, आयोजना सञ्चालन गर्ने जिम्मेवारी र जवाफदेहिता किटान गरी पूँजीगत खर्चगर्ने क्षमता बढाउन जरुरी देखिएको छ।

### १.२.४ स्थानीय तहहरुको आवश्यकता सम्बोधन

सङ्घ र प्रदेश तथा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार कार्यान्वयन पक्ष कमजोर छ। प्रदेश र स्थानीय तहहरुबाट निर्माण गरिनुपर्ने नीति कानून बनिसकेको छैन।प्रदेशभित्रका गाँउपालिका र नगरपालिकाहरु बीच ठूलो आर्थिक सामाजिक असमानता छ। सप्तरी जिल्लाको ३८.७ वर्ग कि.मि. मा फैलिएको २३,९८२ जनसङ्ख्या भएको राजमार्ग/ फिडर सडक सँग नजोडिएको बेल्ही चपेना र धनुषा जिल्लाको ४८.७१ वर्ग कि.मि. मा फैलिएको २८,२५१ जनसङ्ख्या भएको लक्ष्मीनियाँ गाउँ पालिकाहरुमा सामाजिक अवस्था तुलना गर्न सकिन्न। सिरहाको सुखीपुर नगरपालिका र सर्लाहीको बरहथवा नगरपालिका बीच कुनै आर्थिक अवस्था तुलना हुनसक्दैन। एउटै जिल्लामा रहेका र सीमा जोडिएका जीतपुर सिमरा (आन्तरिक आय ४ करोड ३७ लाख, आ.व. ०७४/७५) र कलैया उपमहानगर बीचको (आन्तरिक आय २ करोड ३७ लाख, आ.व. ०७४/७५) आन्तरिक आयमा ठूलो असमानता छ। यी स्थानीय तहहरुमा विकास

सूचकाङ्कमा प्रशस्त फरक देखिएको छ। यी असमानता सम्बोधन गर्न प्रदेशले पनि असमानता कम हुँदै जानेगरी लगानीको प्राथमिकीकरण गर्नुपरेको छ।

### १.२.५ तथ्याङ्क अबस्था

सबै प्रकारका तथ्याङ्कहरु केन्द्रीय निकायहरुमा भण्डार भएका छन। देशको संघीय ढाँचा अनुरुप क्षेत्रीय तथा जिल्लास्तर र स्थानीय तहको आधारभूत खण्डिकृत तथ्याङ्कहरु उपलब्ध छैनन। प्रदेशले प्राप्त गर्ने राजस्व रोयल्टी लगायत अन्य बजेट सहयोगहरुका लागि प्रदेशको आफ्नो तथ्याङ्क व्यवस्थापन भण्डार खडा गरिसकिएको छैन। क्षेत्रीय तथा विश्वव्यापी रुपमा सर्वेक्षण अध्ययन भइ प्रकाशन हुने तथ्याङ्कहरु पनि प्रदेशगत उपलब्ध हुनसक्ने अबस्था र आधार खडा भइसकेका छैनन। आर्थिक सामाजिक तथ्याङ्क सहितको प्रदेश बस्तुस्थिति विवरण तयार भई भर्खरै मात्र प्रकाशनमा आएको छ।

यी अबस्थामा सकारात्मक परिवर्तन र समावेशी र सन्तुलित विकासका रणनीतिहरू अवलम्बन गर्दै सामाजिक न्यायमा आधारित समाजबाद उन्मुख प्रादेशिक अर्थतन्त्र निर्माणको लागि प्रदेशको सोच सहितको आवधिक योजना तर्जुमा गर्नु परेको हो। योजना तर्जुमा गरिंदा लाभ, लागत लगायतका विविध विश्लेषणको आधारमा स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषण, अध्ययन, अनुसन्धान तथा सहजीकरण गर्ने जस्ता विषय महत्वपूर्ण हुन्छन। साथै प्रदेशभित्रका स्थानीय तहहरूलाई पनि समृद्धिको लागि मार्गदर्शन दिने ध्येयका साथ प्रदेश सरकारले यो पहिलो आवधिक योजना तयार पारेको हो।

## १.३ प्रदेश आवधिक योजना तर्जुमाका निर्देशक आधारहरू

### १.३.१ नेपालको संविधान

नेपालको संविधानले केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समानुपातिक समावेशी र समतामूलक समाजको निर्माण गर्ने भनेको छ। राज्यले मधेशी समुदाय, मुस्लिम, महिला, दलित, जनजाति, अल्पसंख्यक र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा लाभका लागि सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अख्तियार गरेको छ। प्रदेशको अर्थमन्त्रीले राजस्वको अनुमान, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू,

र प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू सहितको वार्षिक अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने प्रावधान छ।

### १.३.२ संघीय र प्रदेश कानूनहरु

प्रदेशको अधिकार संविधानको अनुसूची -६ मा उल्लेखित विषयमा रहेको छ। ती अधिकारको प्रयोग संविधान र प्रदेशले बनाएको कानून बमोजिम हुने र प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्छन।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, बैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यबस्था गरेको छ। आवधिक योजना तर्जुमामा प्रदेश नं २ नीति तथा योजना आयोग ऐन र आर्थिक ऐन, २०७५ आधारका रुपमा रहेका छन।

### १.३.३ राष्ट्रिय योजना र दिगो विकास

संघीय प्रणालीको अबलम्बनका साथ संघीयता कार्यान्वयनका लागि ल्याइएको नेपालको पन्ध्रौं योजना र प्रदेशको पहिलो आवधिक योजना सँगसँगै अगाडि बढेको छ। प्रदेशको सोच, लक्ष्य र उद्देश्य हासिल गर्न र योजना कार्यान्वयनका लागि संघीय आवधिक योजनाले पार गरेका चुनौतीहरुबाट सिक्ने मौका मिलेको छ। चौधौं योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। नेपालले पनि अन्तर्राष्ट्रिय रुपमा गरेको दिगो विकासका लक्ष्यहरु हासिल गर्ने प्रतिबद्धता पूरा गर्न प्रदेशहरुले आ-आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ।

### १.३.४ राजनैतिक दलहरुको प्रतिबद्धता

प्रदेशमा रहेका राजनैतिक दलहरु आर्थिक सामाजिक विकासको मुद्दामा आ-आफ्ना राजनैतिक घोषणा पत्र मार्फत प्रतिबद्ध देखिएका छन। सबै प्रमुख राजनैतिक दलहरुले प्रदेशको गरिबी, असमानता, स्रोत परिचालन, श्रमशक्तिको सही उपयोग, कृषि रुपान्तरण,

शैक्षिक एवम् स्वास्थ्य अबस्थामा सुधार र सामाजिक बिसङ्गति हटाइने कुरालाई प्रमुख मुद्दा बनाएका छन।

## १.४ आवधिक योजनाका अन्तरबस्तु

प्रदेशले तर्जुमा गर्ने आवधिक योजना राष्ट्रिय सोच र राष्ट्रिय लक्ष्यहरुसँग सामञ्जस्य हुने, प्रादेशिक आर्थिक विकास उन्मूख, अन्तरप्रदेश प्रतिस्पर्धी र स्थानीय सरकारका आवश्यकता सँग तदात्मय राख्ने निम्न अन्तरबस्तुहरुबाट सम्बोधित छन।

- मध्यम तथा दीर्घकालीन रणनीति मार्फत विकास सूचकहरुमा उल्लेख्य सुधार ल्याउन कृषि, औद्योगिकरण, पूर्वाधार र पर्यटन उपक्षेत्रहरुलाई सम्बोधन ;
- शिक्षा र स्वास्थ्य सूचकाङ्कहरुमा उल्लेख्य सुधार समेत गर्नुपर्ने भएकाले कृषि, औद्योगिकरण र पर्यटन उपक्षेत्रहरुमा तिनको अन्तरसम्बन्धहरुको विश्लेषणका साथ लगानी ;
- संस्थागत संयन्त्रको कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्ने हुँदा प्रदेशतहको संस्थागत कार्यान्वयन योजना ; र
- संघीय शासन प्रणालीको मर्म अनुरुप प्रदेशको आर्थिक सामाजिक विकास सम्बन्धी नीति तथा योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता।

## १.५ योजना तर्जुमा पद्धति

योजना तयारीको लागि नीति तथा योजना आयोगले प्रदेशको आवश्यकता र तर्जुमासम्बन्धी क्षमतालाई ध्यानमा राखी निम्न मूलभूत मान्यता लिएको छ।

- प्रदेशको भौतिक आर्थिक सामाजिक अबस्थाको विश्लेषण, स्रोत सम्भाब्यता, नतिजा उपक्रमहरुको निर्माण गर्न विषयक्षेत्रगत समितिको अबधारणा; र
- तर्जुमाका विभिन्न चरणमा सरोकारवालाहरुको सहभागिता।

योजना तयारीका लागि देहायका चरणहरुमा काम सम्पादन गरिएको थियो।

## चरण एक: योजना सम्बन्धी नीतिगत तयारी

योजना तयारीका लागि प्रदेश नीति तथा योजना आयोगले प्रदेश सरकारको दीर्घकालीन दृष्टिकोणका आधारमा समष्टिगत उद्देश्य, रणनीति, नीति र विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु तर्जुमाका लागि देहायका अन्तरबस्तु समग्र मार्ग निर्देशकका रुपमा लिएको थियो।

- राष्ट्रिय नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृया;
- प्रदेश सरकारको दीर्घकालीन दृष्टिकोण;
- प्रदेशतहमा विकास राजनीति सम्बन्धी साझा दृष्टिकोण; र
- प्रदेशको आर्थिक सामाजिक विषयगत तथा बस्तुगत विश्लेषण।

## चरण दुई: विषयगत क्षेत्रको पहिचान र कार्यसमूह निर्माण

चरण एकमा उल्लेखित अन्तरबस्तु विश्लेषण गर्नका लागि प्रदेशको भू-राजनैतिक अबस्था, जनसङ्ख्या, आर्थिक स्रोत जस्ता विश्लेषण विषयलाई सम्बोधन गर्न आयोग द्वारा विषयगत क्षेत्रहरुको पहिचान गरिएको थियो। प्रत्येक विषयगत क्षेत्रका लागि प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा सम्बन्धित मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पदाधिकारीहरुको कार्यसम्पादन समूहले निम्न क्षेत्रको विस्तृत कार्य अभ्यास गरेको थियो।

- कृषि, भूमि व्यवस्था तथा सहकारी
- उद्योग, पर्यटन, बन तथा वातावरण
- पूर्वाधार विकास
- सामाजिक विकास

## चरण तीन: मस्यौदा तयारीका लागि छलफल एवम् सल्लाह सुझाब सङ्कलन

विषयगत कार्यसमूहले आधार-पत्रको दायरा र विषयक्षेत्र समेटिने गरी निम्न कार्यसम्पादन गरेको थियो।

- प्रदेश व्यस्थापिका संसद सदस्यहरु र विभिन्न समितिहरुका सदस्यहरु सँग राय सङ्कलन।
- प्रदेश तहमा प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय लगायत अन्य मन्त्रालयहरु सँग परामर्श।

- प्रदेशस्तरका र प्रदेशमा रहेका राजनीतिक दल, उद्योग व्यवसायी, नागरिक समाज, महिला, गैसस, नीजि क्षेत्र, पेशागत समुदाय, लक्षित वर्गसँग विभिन्न चरणमा छलफल एवम् परामर्श।
- स्थानीय तहमा स्थानीय बासिन्दाहरुबाट व्यक्त भावना र सुझाव सङ्कलन।
- विषय सम्बन्धी संघीय, प्रदेशस्तर तथा अन्तर्राष्ट्रिय विज्ञहरु सँग अन्तरक्रिया।

छलफल एवम् सल्लाह सुझाब सङ्कलनका लागि

- जनकपुर, वीरगञ्ज, राजविराज, लहान, बर्दिबास र गौरमा परामर्श कार्यशालाहरु आयोजना र सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको थियो।
- वीरगञ्जस्थित एकीकृत जाँच चौकी (Integrated Check post / Inland Container Depot) र सिरहा, लहान नजिकको ठाढी भन्सार कार्यालयहरुमा अबलोकन र छलफल गरिएको थियो।
- वीरगञ्ज, गढीमाई, जनकपुरधाम, नूनथर, हजमिनिया मस्जिद, सलहेश, छिन्नमस्ता, कङ्कालिनी लगायतका धार्मिक साँस्कृतिक क्षेत्रहरुको भ्रमण तथा जनकपुरधाम र बर्दिबासमा निर्माणाधीन रेल्वे पूर्वाधारहरुको अबलोकन र स्थानीय सरोकारवालाहरु संग परामर्श गरिएको थियो।

## चरण चार: आधार-पत्रको मस्यौदा तयारी

प्रत्येक विषयगत कार्यसमूहले विषयगतक्षेत्र सम्बन्धित मन्त्रालय एवम् निकाय र परामर्शदातालाई परिचालन गरी राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना र स्थानीय तहका आवधिक विकास योजना बीचको अन्तरसम्बन्ध विश्लेषण गरेको थियो। प्रारम्भिक मस्यौदा माथि सम्बन्धित पक्षहरुसँग छलफल गरी अन्तिम मस्यौदा तयार पारिएको हो। यसरी तयार भएको मस्यौदालाई प्रदेश नीति तथा योजना आयोग वाट मुख्यमंत्री तथा मन्त्री परिषदको कार्यालय मार्फत मंत्री परिषदवाट प्राप्त सुझावहरु समेटी आधारपत्रको अन्तिम मस्यौदा तयार गरी स्वकृत्तिको लागि मन्त्रिपरिषदमा पठाइएकोमा मन्त्रिपरिषदबाट मिति २०७६।८।११ मा स्वीकृत्त भएको र उक्त स्वीकृत्त आधारपत्र प्रदेश नीति तथा योजना आयोगवाट प्रकाशन गरिएको थियो ।

## चरण पाँचः योजनाको अन्तिम मस्यौदा तयारी

स्वीकृत्त आधारपत्रलाई विस्तृत नतिजा खाका सहितको योजना निर्माणको लागि नीति तथा योजना आयोगको नेतृत्वमा कार्यदल गठन गरिएको थियो । यसरी गठित कार्यदलबाट मन्त्रालयगत योजना तर्जुमाका लागि प्रत्येक मन्त्रालयका सचिवको अध्यक्षतामा मन्त्रालयस्तरीय योजना तर्जुमा समिति गठन गरीयो।उक्त मन्त्रालयस्तरीय समितिले आ.व.०७५/७६ सम्म मन्त्रालयमा प्राप्त तथ्यांक र प्रदेश वस्तुस्थिति विवरण समेतका

आधारमा आ-आफ्नो मन्त्रालयमा छलफल गरी योजनाको आधारपत्रमा उल्लेखित तथ्यांकहरुलाई आवश्यकतानुसार परिमार्जन गरी विस्तृत नतिजा खाका सहितको योजनाको मस्यौदा तयार गरियो। यसरी परिमार्जित तथ्यांक सहित तर्जुमा गरिएको मन्त्रालयगत विस्तृत नतिजा खाका सहितको योजनाको मस्यौदामा विभिन्न मन्त्रालय, सरोकारवाला निकायहरु तथा क्षेत्रगत विज्ञहरुसँग छलफल गरी आवधिक योजनाको एकिकृत अन्तिम मस्यौदा तयार गरिएको थियो।

### चरण छः स्वीकृति र प्रकाशनः

यसरी प्राप्त प्रथम आवधिक योजनाको अन्तिम मस्यौदा प्रदेश नीति तथा योजना आयोगको वैठक वाट अनुमोदन भई प्रकाशित गरिएको छ।

# परिच्छेदः दुई
## आवधिक योजना

### २.१ प्रदेशको विद्यमान आर्थिक सामाजिक अबस्था
नेपालको संविधान अनुसार नेपालको पूर्वी समथर भूखण्डमा रहेका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लाहरु यो प्रदेशमा रहेका छन। कोशी नदीको विशाल नदी तटीय समथर भूभागको पूर्वी सीमा हुँदै कमला, वागमती नदीको तल्लो क्षेत्र भइ पश्चिममा पर्सा बन्यजन्तु आरक्ष सम्म फैलिएको यो प्रदेश नेपालको खाद्य भण्डारको रुपमा रहेको छ।

नेपालको कुल जनसङ्ख्याको २०.४ प्रतिशत र कुल भूभागको ५.७४ प्रतिशत ओगटेको यो प्रदेश भित्र बोलिने मातृभाषाहरुमा मैथिली ४५.२९ प्रतिशत (२४,४७,९७८) र त्यसपछि भोजपुरी १८.५७ प्रतिशत (१,००,३७०) रहेको छ। नेपालको कुल औद्योगिक प्रतिष्ठानहरु मध्ये १२.७ प्रतिशत औद्योगिक प्रतिष्ठानहरु रहेको यो प्रदेशले देशको कुल गार्हस्थ उत्पादनको १६.२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ (जनगणना २०११ र राष्ट्रिय योजना आयोग)।

३२ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र, ६४ वटा प्रदेश सभा निर्वाचन क्षेत्र, ८ वटा जिल्ला, १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेको छ। पूर्वपश्चिम राजमार्गको २४५ कि. मि. खण्ड सहित प्रदेशभर ३१७० कि.मी. सडक सञ्जाल रहेको छ।

राष्ट्रिय गौरब र पौराणिक एवम् धार्मिक साँस्कृतिक पहिचानलाई अक्षुण राख्ने जनक र जानकी जन्मभूमि पूज्य छन। प्रदेशस्थित धार्मिक आस्थाका रुपमा रहेका ऐतिहासिक छिन्नमस्ता र गढीमाई लगायत अन्य धार्मिक सम्पदा एवम् धरोहरहरु रहेका छन।

प्रदेश नं. २ को प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कायालर्य लगायत ७ मन्त्रालयहरु छन। मधेश आन्दोलन पश्चात राजनैतिक परिवर्तनको अनुभूति हुने गरी प्रदेशको शासन व्यवस्था सञ्चालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु अपेक्षितरुपमा स्थापित भइसकेका छैनन। प्रदेश

सरकार सञ्चालनका लागि जनशक्तिको व्यवस्थापन र साधनको परिचालन र विकास आयोजनाहरुको कार्यान्वयन तत्कालका लागि चुनौतीपूर्ण देखिएका छन।

भारतसँगको खुला सीमा र दुवै देशका नागरिकलाई नेपाल र भारतबीच स्थलमार्गबाट निर्बिघ्न ओहोर-दोहोर सुविधा आर्थिक विकासको एक प्रमुख सम्भावनाको रुपमा रहेको छ। भारतको विहार राज्य सरकारले सीमा क्षेत्रमा सडक सञ्जाल बिस्तारका साथै कृषि र उद्योगलाई प्राथमिकतामा राखी प्रादेशिक विकास बजेटहरु कार्यान्वयनमा ल्याउन थालेका छन। प्रदेशले आवधिक योजना तर्जुमा गर्दा यी भौगोलिक लाभका आर्थिक पक्ष र भइरहेको सामाजिक-आर्थिक परिवर्तनबाट प्रशस्त लाभ लिनसक्ने अवसर छ।

प्रदेशको आर्थिक सामाजिक अबस्था तालिका- १.१ मा प्रस्तुत गरिएको छ।

तालिका - १.१: प्रदेशको आर्थिक सामाजिक अबस्था

| | |
|---|---|
| प्रदेश प्रशासनिक संरचना | ८ जिल्ला, १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका |
| जनसङ्ख्या | ५४,०४,१४५ (२०.४ प्रतिशत, प्रदेशहरुमध्ये दोश्रो ठूलो) |
| जनघनत्व | ५५९ जना प्रति वर्ग कि. मि. |
| शहरी जनसङ्ख्या | ७१.९७ प्रतिशत |
| कुल गार्हस्थ उत्पादन | रु ४८८ अर्ब (कुल राष्ट्रिय गार्हस्थ उत्पादनको १६.२ प्रतिशत) |
| प्रतिव्यक्ति आय | ७९९ यू एस डलर (प्रदेशहरुमा पाँचौं स्थान) |
| आर्थिकरुपले सकृय जनसङ्ख्या | ३१ प्रतिशत |
| बहुआयामिक गरिबी दर | ४७.९ प्रतिशत |
| आयमा असमानता सूचकाङ्क (Gini-Coefficient) | २९.५ |

| | |
|---|---|
| खेतीयोग्य जमिनमध्ये खेती गरिएको | ८९.९ प्रतिशत (६ लाख ०२ हजार ३०६ हे.) |
| खाद्यान्न उत्पादन | १९लाख ८६ हजार ३०० मे.ट.। |
| प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योगक्षेत्रको योगदान | १३ प्रतिशत |
| सडक | ३१७० कि.मि.। |
| सडक घनत्व प्रति सय वर्ग कि.मी | ५८.९५ कि.मी |
| औसत आयु | ७०.४ वर्ष |
| ५ बर्ष मूनिको वाल मृत्युदर | ५२ प्रति हजार जीवित जन्ममा |
| पूर्ण खोप कभरेज | ६५ प्रतिशत |
| परिवार नियोजनका साधन प्रयोग दर | ४८ प्रतिशत |
| प्रदेशको मानव विकास सूचकाङ्क | ०.४२१ |
| साक्षरता | ४९.५ प्रतिशत |
| खुदभर्नादर (१-८ कक्षा) | ७९.६ प्रतिशत |
| आधारभूत खानेपानीको सुविधा प्राप्त | ८९ प्रतिशत |
| वनले ढाकेको क्षेत्र | २७.२९ प्रतिशत |
| शौचालयको सुविधा | ६५ प्रतिशत |
| लैङ्गिक असमानता सूचकाङ्क | ०.४७६ |
| भ्रष्टाचार अनुभूति सूचकाङ्क | २६ |
| कानूनी शासन सूचकाङ्क | ०.५४ |
| वेरोजगारी दर | २०.१ प्रतिशत |
| बालश्रम ( १८ बर्ष मूनि) | ३७.४ प्रतिशत |
| सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग | ४० प्रतिशत |
| बैंक तथा बित्तिय संस्था शाखाको संख्या | ३२५ |

स्रोत : आर्थिक सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश नं. २ का मन्त्रालयहरुको प्रतिवेदन

देशको खाद्य भण्डार मानिएको उर्वर माटो भएको यस प्रदेशमा कुल राष्ट्रिय खाद्यान्न उत्पादनको ७४ प्रतिशत उत्पादन हुन्छ। कुल खेती योग्य जमिन मध्ये ८९.९ प्रतिशतमा खेती गरिएको छ। कुल ५ लाख ६५ हजार ९१ हे. सिंचाइ योग्य जग्गा मध्ये ४३.२ प्रतिशत मा कोशी पश्चिम, कमला, वागमती सिंचाइ नहरबाट र अन्य साना कुलो पैनिहरुबाट मौसमी सिंचाइ सुविधा उपलब्ध छ। सानो सानो टुक्रामा विभाजित जमिनको कारण कृषि यन्त्रहरूको प्रयोग आवश्यक मात्रामा हुनसकेको छैन।

कमला र वागमती बाह्रै महिना पानी रहने नदी हो। कोशी हिमनदी हो। कुल ५० हजार मे. ट. राष्ट्रिय माछा उत्पादन मध्ये ६० प्रतिशत भन्दा बढी उत्पादन हुने यो प्रदेशभर मत्स्यपालनका लागि करीब ४००० पोखरी उपयोगमा छन। जनकपुर र आसपासका क्षेत्र मत्स्यपालनका लागि प्रख्यात छ। जनकपुरधाम र आसपासका क्षेत्रमा धार्मिक र पौराणिक महत्व बोकेका पोखरीहरु छन।

विविध कृषि बाली उत्पादन अनुकूल स्थानीय हावापानीका कारण प्रदेशभर सबै प्रकारका प्रमुख खाद्य तथा नगदेबाली उत्पादन हुन्छ। मौसमी फलको रुपमा आँपको कुल राष्ट्रिय उत्पादन मध्ये ६८ प्रतिशत उत्पादन यस प्रदेशमा हुन्छ। नेपालभर भइ आएको कुल उखु खेती ६४,४८३ हेक्टर मध्ये ५३, ३०० हेक्टर भूभाग यस प्रदेशमा पर्दछ। नेपालभर कुल १७ वटा चिनी कारखाना मध्ये ८ वटा चिनी कारखाना सञ्चालन भएको यो प्रदेशले कुल राष्ट्रिय चिनी उत्पादन (३२.३३ लाख मे.टन) को ७६.३ प्रतिशत (२४.६७ लाख मे.टन) उत्पादन गरिआएको छ।

प्रदेशका आठवटा जिल्ला क्षेत्रमा पूर्वपश्चिम राजमार्गको करीब २४५ कि. मि. खण्ड र हुलाकी राजमार्गको विभिन्न खण्डमा आवागमन सुविधा छ। यसका साथै जिल्ला केन्द्रहरु र प्रमुख शहर एवम बस्ती जोड्ने करीब ३१७० कि.मि. विभिन्न मापदण्डका सडक छन। यी सबै सडकहरु औद्योगिक र व्यापारिक प्रयोजनका लागि समेत उयपुक्त छन। प्रारम्भ बिन्दु निजगढ रहेको काठमाडौंलाई तराई मधेश सित जोड्ने ७६ कि.मि. लामो द्रुतमार्ग निर्माणाधीन छ। प्रदेशका मूख्य शहरहरु राजविराज, जनकपुरधाम र सिमरा स्थित विमानस्थल हवाइमार्गबाट काठमाडौं सँग बाह्रै महिना जोडिएका छन। प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक काम शुरु भएको छ। यसैगरी भारत विहारको जयनगर नेपालको जनकपुरधाम सँग रेलमार्गबाट जोडिदै छ। रेलसेवा बर्दिबाससम्म बिस्तारहुने क्रममा छ। भारतको पटनाबाट जनकपुरधामका लागि भारतीय (विहार राज्य परिबहन) बससेवा र नेपालका निजी क्षेत्रका बससेवा सञ्चालनमा छन।

नेपालको प्रमुख औद्योगिक प्रतिष्ठानहरु रहेको यस प्रदेशको सिमरा र वीरगञ्ज क्षेत्र प्रमुख औद्योगिक क्षेत्रका रुपमा विकसित भएका छन। गजेन्द्र नारायण सिंह औद्योगिक ग्राम राजविराजमा स्थापित छ। आयात निर्यात सरलीकरण गर्ने उद्देश्यले स्थापित वीरगञ्जको एकीकृत जाँच चौकी सञ्चालनमा छ। सीमावर्ती क्षेत्रका प्रमुख औद्योगिक, ब्यापारिक तथा प्रशासनिक केन्द्रहरु वीरगञ्ज (पर्सा), गौर (रौतहट), मलङ्वा (सर्लाही), भिठामोड (महोत्तरी,) जटही (धनुषा), माडर, ठाडी (सिरहा), तिलाठी (सप्तरी) भारतीय बन्दरगाहहरुसँग उच्चमार्ग वा रेलमार्ग तथा दुबैबाट जोडिएका छन। सुक्खा बन्दरगाह, निर्यात प्रवर्द्धनका लागि निर्माण गरिएका विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रहरु प्रदेशमा छन।

लागत लाभका दृष्टिकोणले प्रदेशका मूख्य केन्द्रहरुको सामिप्यमा रहेको चुनढुङ्गा उत्खनन क्षेत्र र सिमेन्ट उद्योगबाट आर्थिक विकासमा योगदान भइआएको छ। निजी क्षेत्रको मारुती सिमेन्ट, चन्द्रपुर (सिरहा) मा कारखानाबाट वार्षिक १.५ लाख मे.टन सिमेन्ट उत्पादन भइआएको छ। निजी क्षेत्रकै अर्को ठूलो सौर्य सिमेन्ट उद्योग मिर्चैया (सिरहा) मा निर्माणाधीन छ।

नेपालको हावापानी तथा जलसंरक्षण र नदीजन्य खानी विकासका लागि महत्वपूर्ण मानिएको चुरे शिवालिक पर्वत श्रृंखलाको २०६,३१५ हेक्टर भूभाग यस प्रदेशमा पर्दछ। मधेश तथा चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार राष्ट्रपति चुरे—तराई—मधेश संरक्षण विकास कार्यक्रम सञ्चालनमा छ।

पर्सा राष्ट्रिय निकुन्जको पर्सा जिल्लातर्फको भाग र एकीकृत रुपमा निकुन्जमा पर्यटन गतिविधि सञ्चालन गर्ने अबसर छ।

यस प्रदेशको लहान, जनकपुर एव् वीरगञ्जमा गुणस्तरीय आँखा अस्पताल भएकोले सीमावर्ती भारतीय क्षेत्रबाट बिरामीहरु आउने गरेका छन जसका कारण मेडिकल पर्यटनको थोरै भएपनि विकास भएको छ।

प्रदेशभित्र अधिकांश जनसङ्ख्या हिन्दू धर्मावलम्वी छन। भारतको विहार, उत्तर प्रदेश, पश्चिम बङ्गाल र अन्य प्रदेशहरुका हिन्दू धर्मावलम्वीहरुबाट साँस्कृतिक तथा धार्मिक सम्बन्धका कारण उल्लेख्यनीय सङ्ख्यामा पर्यटकहरु आउँछन। (आर्थिक सर्वेक्षण २०७५, राष्ट्रिय स्याम्पल कृषि गणना २०६८, राष्ट्रपति चुरे तथा मधेश संरक्षण विकास समिति)

## २.२ प्रमुख चुनौती

कृषि उत्पादनमा अपेक्षित रुपमा वृद्धि नभइसकेको हुँदा कृषिजन्य उद्योगहरुलाई पुनःस्थापन र सञ्चालन गर्नु चुनौतीपूर्ण छ। कृषि उत्पादनको बजारीकरणमा रहेको बिचौलियाको अत्यधिक उपस्थिति घटाइ उत्पादक र क्रेताबीचको मूल्यको अन्तर कम गर्दै उत्पादकलाई लागतसङ्गत मूल्य उपलब्ध हुने परिस्थिति निर्माण गर्नु चुनौतीको रुपमा देखा परेको छ।

स्थानीय र खास गरेर कृषिमा आधारित उद्योग र उत्पादनलाई प्रतिस्पर्धी बनाइ अन्तरप्रदेश आपूर्तिमा योगदानमूलक बनाउन सकिएको छैन। प्रदेशमा औद्योगिकरण गर्न नवीनता, उद्यमशीलता र संस्थागत संस्कारको विकास गराउनुका साथै पर्याप्त जग्गा, आवश्यक भौतिक पूर्वाधार, दक्ष श्रमिक र सहुलियत कर्जा उपलब्ध हुनसक्ने अबस्था छैन। खास गरेर खुला सीमाका कारण भारतीय उत्पादनको आयात र भारतीय बजारको मूल्यसँग प्रतिस्पर्धा अर्को प्रमुख चुनौतीको रुपमा देखा परेको छ।

जलवायु परिवर्तनका कारण देखिएको बाढी र वर्षामा पानीको जमाव र उत्पन्न कटान तथा विपद जोखिम कम गर्न कठीनाइ भइआएको छ। विश्वव्यापी रुपमा हुँदै गरेको जलवायु परिवर्तन, पेट्रोलियम पदार्थको बढ्दो प्रयोग र ताप विसर्जनलगायत प्रदुषणले हुने तापमान वृद्धिका कारण प्रदेशको सतह पानी संरक्षण चुनौतीपूर्ण हुँदै गएको छ। चुरेक्षेत्रको अत्यधीक दोहनका कारण निम्त्याइएको विनाशले प्राकृतिक विपद्को घटनामा लगातार वृद्धि भइ यस्को नकारात्मक प्रभाव पर्दै गएको छ। प्राकृतिक र अदूरदर्शी मानवीय क्रियाकलापबाट चुरेमा भै रहेको विनाशबाट तल्लोतटीय क्षेत्रमा आउने बाढीबाट तराइको कृषि भूमि कटान हुने वा डुवानमा पर्ने भैरहेको छ। सन १९९६ देखि २००५ सम्मको तथ्याङ्क अनुसार धनुषा जिल्लामा रातु नदीले मात्रै उक्त अवधिमा वार्षिक ७७.८ हेक्टर कृषि भूमिको क्षय गरेको छ। चुरे विनाशबाट कृषि भूमिलाइ कटान वा डुवानमा पारेको मात्र होइन बाढी सँगै बगाइ ल्याएको बालुवा र नदीजन्य वस्तुहरुले पुरिएर कृषि भुमिको उत्पादकत्वमा पनि ह्रास हुने गरेकोछ। प्रदेश क्षेत्रभित्र जल संरक्षण उपक्रम बढाउने र मरुभूमिकरण हुनबाट रोक्न चुरे विनाशको गतिले कडा चुनौती दिएको छ।

अन्तरप्रदेश तीव्र बसाइसराइको कारण कृषि योग्य भूमि र बन क्षेत्रको उचित संरक्षण एवम् व्यवस्थापन गर्न सकिएको छैन। व्यवस्थित शहरीकरण गरी परम्परागत शैलीमा

रहेको कृषि प्रणालीलाई आधुनिकीकरण, विविधिकरण, व्यवसायिकरण र यान्त्रिकरण गर्न र युवाहरु कृषि पेशातर्फ आकर्षित गर्नु चुनौतीपूर्ण रहेको छ।

प्रदेशका युवाहरु रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने प्रवृत्ति उच्च छ। प्रदेशभित्र देखिएको श्रम अभावको समाधान र प्रादेशिक अर्थतन्त्रको लागि आवश्यक सीप र क्षमता भएका जनशक्तिहरू उत्पादन गरी शैक्षिक वेरोजगारीको स्थिति समाधान गर्दै श्रम बजारमा श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउने काम चुनौतीको रुपमा रहेको छ।

देशमा संघीय राज्य व्यवस्थाको अभ्यास नौलो भएको र भर्खरै अस्तित्वमा आएका तीन तहका सरकारहरुको कार्य बिभाजनमा समेत अझै अस्पष्टता र अन्यौल रहेकोले प्रदेश सरकारलाई प्रादेशिक योजना बनाउनु, त्यसको निम्ति श्रोत परिचालन र यसको सफल कार्यान्वयन गर्नु चुनौती कै रुपमा रहेको छ।

प्रदेशमा रहेका धार्मिक साँस्कृतिक सम्पदाहरु मौसमी तथा चाडपर्व केन्द्रित छन। प्रसिद्ध शक्तिपीठ तथा पर्यटकीय स्थलहरुलाई आर्थिक पक्षसँग जोड्न सकिएको छैन। विद्यमान आर्थिक सम्भावनायुक्त धार्मिक साँस्कृतिक पर्यटनको विकास गर्न आवश्यक लगानी आकर्षित गर्न सकिएको छैन। पोखरा र लुम्बिनीमा आउने पर्यटकहरूलाई धार्मिक साँस्कृतिक पर्यटकीय स्थलहरूको पहिचान गरी प्रदेश नं. २ मा भित्र्याउन सकिएको छैन। पूर्वाधारको विकास, प्रचार प्रसार गरी पर्यटक आकर्षित गर्नु चुनौतीपूर्ण रहेको छ। यसका साथै भारतीय पर्यटकहरुलाई रामायण सर्किटको विकासद्वारा आकर्षित गर्न सकिएको छैन।

औद्योगिक र बजार प्रबर्द्धनका लागि नभई नहुने विद्यमान भौतिक पूर्वाधारको मर्मत सम्भार र लागत लाभको आधारमा सञ्चालन गर्नु ज्यादै चुनौतीपूर्ण छ।

मानवीय पूँजी निर्माणको लागि शिक्षा र स्वास्थ्यको सहज पँहुच र गुणस्तर सुधार चुनौतीपूर्ण रहेको छ। एकातर्फ शिक्षा र स्वास्थ्यको पहुँच विस्तार यथेष्ट छैन भने अर्कोतर्फ उपलब्ध सार्वजनिक शिक्षा र स्वास्थ्यको गुणस्तर ज्यादै कमजोर रहेको छ। पछिल्लो समयमा मानिसहरुमा नसर्ने रोग बढ्दै गएको छ।

मधेशी महिलाहरुमा स्वास्थ्य सुविधाको कमी रहेको छ। अन्धविश्वास, कुरीति, घरेलु तथा महिला हिंसा हुने परिप्रेक्ष्यमा समाजमा सद्भभाव र सामाजिक विश्वास बढाउँदै कानूनी शासनको पालना र शान्ति सुरक्षा कायम राख्ने काम चुनौतीपूर्ण रहेको छ।

प्रदेश सरकारको संबैधानिक अधिकारहरुको पूर्ण कार्यान्वयन भइ स्रोत व्यवस्थापनका लागि केही समय लाग्ने देखिन्छ। उपलब्ध राजस्वको बाँडफाँट, करको बाँडफाँट लगायत स्थानीय स्रोत परिचालनबाट प्राप्त स्रोतको पनि प्राथमिकीकरण गरी लगानी गर्दा बढ्दो जनआकांक्षा सम्बोधन हुने क्षेत्रमा स्रोत विनियोजन गर्नसकिएको छैन। अर्कोतर्फ प्रदेश सरकारको उपस्थितिको जनअनुभूतिका लागि जनसरोकारका चासोका योजनाहरुमा विनियोजन नगरी भएको छैन। यसरी आर्थिक समृद्धिका लागि बृहद् परियोजनाहरु पनि सञ्चालन गर्नुपर्ने तर प्रदेश सरकारको उपस्थिति अनुभूत हुने गरी स्थानीय विकासको पनि प्रबर्द्धन गर्नु आर्थिक दृष्टिकोणले ठूलो राजनैतिक चुनौती भएको छ।

राष्ट्रिय आवधिक योजनाहरुमा मधेश र मधेशीका समस्याप्रति मधेश विकास लक्षित नीतिहरुको अभाव छ। मधेशी समुदायका खास मुद्दाहरु पहिचान गरी मधेशी समुदायको राजनैतिक, आर्थिक, सामाजिक, जातीय, साँस्कृतिक र भाषिक पहिचानका साथ मधेशी समुदायको उत्थानका लागि ठोस योजना तर्जुमा र कार्यान्वयन चुनौतीपूर्ण छ।

## २.३ अवसर

सबै तहमा र प्रदेशमा समेत स्थिर सरकार भएकोले राजनैतिक वातावरण अनुकूल भै विकासको निमित्त अवसर प्राप्त भएको छ।

नतिजामुखी योजना व्यवस्थापनलाई स्थानीयतहका सरकारहरुले अबलम्बन गर्न थालेका छन। योजनाबद्ध रुपमा वार्षिक कार्यक्रमहरु मार्फत अत्यावश्यकीय बस्तु र सेवाको प्रत्याभूति हुन थालेको छ। सीमीत भएपनि सामाजिक सुरक्षाको प्रत्याभूतिले राज्यका सबै तहका सरकार जवाफदेही बन्दै गएका छन। प्रदेशमा नीजिक्षेत्रको सहकार्य र लगानी उपलब्ध छ। प्राकृतिक र अन्य स्रोतहरु उपरको अधिकार स्थापित भएका छन।

अर्थ व्यवस्थालाई चलायमान राख्न आवश्यक उत्पादन र खपत तथा श्रमशक्तिको दृष्टिकोणले प्रदेशको जनसंख्या सवल पक्ष हो। साथै भारतीय बजार सँग पनि भौगोलिक सन्निकट् र सहज सम्बन्ध भएकोले प्रदेशका उत्पादनहरुको निमित्त बजार उपलब्धताको सम्भावना पनि उच्च छ।

औद्योगिक पूर्वाधारको उपस्थीति यस प्रदेशको अर्को सवल पक्ष हो। विरगंज पथलैया पहिले देखि नै औद्योगिक कोरिडोरको रुपमा रहदै आएको छ। राजविराजमा गजेन्द्र

नारायण सिंह औद्योगिक क्षेत्र सञ्चालनमा छ। सप्तरी, सिराहा, धनुषा र रौतहटमा विशेष आर्थिक क्षेत्र बनाउन पूर्व सम्भाव्यता अध्ययन भैसकेको छ। विशेष आर्थिक क्षेत्र, सुख्खा वन्दरगाह र एकीकृत चेक पोष्ट स्थापनाबाट निकासी व्यापारमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

उच्च सडक घनत्व यस प्रदेशको अर्को सवल पक्ष हो। यहाँको सडक घनत्व प्रति सय वर्ग कि.मी.५८.९५ कि.मी छ जबकि राष्ट्रिय सडक घनत्व ०.४८ मात्र छ। हुलाकी राजमार्गको निर्माण सम्पन्न भएपछि यो अझै बढने छ। समथर भूभाग भएकोले यहाँ सडक निर्माण सजिलो पनि छ। रेल मार्ग सञ्चालन हुने क्रममा रहेको यो देशको एउटा मात्र प्रदेश हो।

कृषि क्षेत्रमा यान्त्रिकरण, विविधिकरण, व्यवसायीकरण गरेर कृषि पेशालाई मर्यादित बनाए युवाहरूलाई यस क्षेत्रमा आकर्षण गर्न सकिने अवसर रहेको छ।

यस प्रदेशमा वर्षैभरि सिंचाइ हुने पर्याप्त सम्भावना छ। सुनकोशी कमला डाइभर्सन र सुनकोशी मरीन डाइभर्सन परियोजना साकार भएसँगै प्रदेशमा सिंचाइ खेती हुने क्षेत्रमा बढोत्तरी भई उत्पादन वृद्धि लाभ लिन सकिनेछ। हाल कमला नदीबाट पश्चीमी सिराहा र पूर्वी धनुषामा मात्र सिमित सिचाइ सुबिधा प्राप्त भैरहेकोमा उक्त आयोजना सम्पन्न भएपछि सप्तरी, सिरहा, धनुषा र महोतरी जिल्लाहरुमा बार्है महिना सिंचाइ सुबिधा उपलब्ध हुनेछ। यसबाट खाद्यान्न, फलफूल, तरकारी र नगदेवालीको उत्पादनमा धेरै सुधार आउनेछ।

देशभित्र देखिएको कृषि लगायत औद्योगिक श्रमशक्तिको अभाव पूर्ति गर्न र प्रादेशिक अर्थतन्त्रको लागि आवश्यक सीप र क्षमता भएका जनशक्तिहरू उत्पादन गरी जनसङ्ख्यामा युवाहरुको बाहुल्यता रहेकोले श्रम आपूर्तिमा जनसांख्यिक लाभ लिन सकिने अवसर छ। भारतको विहार, उत्तरप्रदेश र पश्चिम बङ्गाल राज्यका ४० करोड भन्दा बढी जनसङ्ख्याका लागि आवश्यक कृषि उत्पादनको केही अंश आपूर्ति गर्न सकिने बजार उपलब्ध हुने देखिन्छ। साथै कृषि उपजको भण्डारण र बजारीकरण सम्बन्धी उद्योगहरु स्थापना एवम् सञ्चालनको अबसर निर्माण हुनेछ।

यस प्रदेशमा प्रसिद्ध हिन्दू तीर्थ स्थलहरु भएकोले पर्यटन व्यवसाय वृद्धि गर्ने प्रसस्त सम्भावना छ। निजगढमा अन्तर्राष्ट्रिय बिमानस्थलको निर्माणबाट पनि प्रदेशको पर्यटन

विकासमा ठुलो सघाउ पुग्ने अनुमान गर्न सकिन्छ। त्यस्तै काठमाडौं जोड्ने फाष्ट ट्र्याकको निर्माणबाट पनि विकासमा उल्लखनीय टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ।

रेल्वे सञ्जालको विस्तार र विद्यमान आवागमन सञ्जालको समुचित उपयोगबाट खाद्यान्न, औद्योगिक उत्पादन मानव आवागमन र पेट्रोलियम पदार्थको ढुवानी र आयात निर्यात पारवहन सहज हुन जान्छ।

पर्यटन क्षेत्रमा धार्मिक पर्यटन प्रबर्द्धनका लागि रामायण सर्किट बिस्तार, अन्तरप्रदेश धार्मिक साँस्कृतिक सर्किट विकासका साथै जनकपुरको जानकी मन्दिर लगायत स्थानीय प्रसिद्ध तीर्थस्थलहरुको प्रबर्द्धन भइ साँस्कृतिक पर्यटकको संख्यामा वृद्धि हुने अबसर छ।

आर्थिक विकास र समृद्धिको लागि प्रदेश सरकारले उद्योग र प्रतिस्पर्धी उत्पादन अनुकूल वातावरण निर्माण गर्दा प्रदेश भित्र स्वदेशी, विदेशी र गैर आवासिय नेपालीहरूको लगानी बढ्ने अवसर रहेको छ।

यस प्रदेशमा उल्लेख्यनीय संख्यामा रहेका सहकारी संस्थाहरू, गैर सरकारी संस्थाहरू, उपभोक्ता समूहहरू, सामूदायिक वनका समूहहरू र तिनको बचत र सीपको उपयोग आर्थिक वृद्धिका लागि गर्न सक्ने अबसर छ।

प्रदेशको आफ्नो भौगोलिक चरित्रहरुको उपयोग गर्दै पहिचान स्थापित गर्ने अवसर छ। आर्थिक सामाजिक र मानवीय अबस्थामा देखिएको स्थिति सुधार गर्न सकिने अबस्था छ। यसबाट नेपालमा संघीय शासन प्रणालीको स्थापनाका लागि भएको मधेश आन्दोलनको औचित्य पुष्टि हुन्छ।

## २.४ सोच

**" उच्च मानव विकास र पहिचान - समृद्ध मधेश समाज। "**

प्रदेशको सोच निर्माणमा निम्न प्रमुख गन्तब्यलाई दृष्टिगत गरिएको छ।

- कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि र खाद्य बचत द्वारा अन्तरप्रदेश माग आपूर्तिमा योगदान।
- प्रदेशभर उपलब्ध क्रियाशील उमेरका जनसङ्ख्या समूहका जनशक्तिका लागि रोजगारी सृजना।
- औद्योगिकरणमा स्थानीय उत्पादन आबद्ध।

- गुणात्मक स्वास्थ्य, शिक्षामा लगानी।

## २.५ लक्ष्य

प्रदेशबासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन उच्च आर्थिक वृद्धि दर हासिल भएको हुने।

## २.६ आवधिक योजना अवधिमा हासिल गरिने परिमाणात्मक लक्ष्य

आवधिक योजनाको ५ वर्ष अवधिमा प्रदेशस्तरमा हासिल हुने अबस्था र परिमाणात्मक लक्ष्य तालिका - २.१ मा देखाइएको छ।

तालिका - २.१: आवधिक योजना अवधिमा हासिल गरिने परिमाणात्मक लक्ष्य

| प्रमुख सूचक | आधार वर्ष २०७५।७६ | योजनाको अन्तिम वर्ष २०८०।८१ |
|---|---|---|
| प्रादेशिक आर्थिक वृद्धि दर प्रतिशत | ६.५३ | ११ |
| समग्र गरिबी दर प्रतिशत | २७.७ | २१ |
| आयमा असमानता सूचकाङ्क (Gini-Coofficient) | २९.५ | २७.२ |
| कुल गार्हस्थ्य उत्पादन | रु ४८८ अर्ब | रु ६०० अर्ब |
| गैह्रकृषि कृयाकलापहरुको योगदान प्रतिशत | ५८ | ६५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ७९९ | १००० |
| औसत आयु बर्ष ( जन्महुंदाको बखत) | ७०.४ | ७३ |
| ५ बर्ष मूनिका बाल मृत्यु दर (प्रति हजार जिबित जन्म) | ५२ | २० |

| | | |
|---|---|---|
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९ | १०० |
| साक्षरता दर (प्रतिशत) | ४९.५ | ९७ |
| शौचालय सुविधा (प्रतिशत) | ६५ | १०० |
| सिंचाइयोग्य क्षेत्रमा दीगो र भरपर्दो सिंचाइ सुबिधा (प्रतिशत) | ४३.२ | ७५.५ |
| सडकको लम्वाई कि.मी. | ३१७० | ३५०० |
| रेल यातायात कि.मी. | ३५ | ६९ |
| कानूनी शासन सूचकाङ्क | ०.५४ | ०.५९ |
| भ्रष्टाचार अनुभूति सूचकाङ्क | २६ | १६ |

स्रोत : आर्थिक सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश नं. २ का मन्त्रालयहरुको प्रतिवेदन

## २.७ समग्र रणनीति

आवधिक योजनाका लक्ष्यहरु हासिल गर्न देहायका रणनीतिहरु अपनाइने छ।

- आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न तुलनात्मक लाभ हुनसक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा वृद्धि गर्ने।
- कृषि तथा उद्योग क्षेत्रमा सृजना भएका स्थानीय रोजगारी र सम्भाब्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सीपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने।
- विद्यमान सडक सञ्जालको उपयोग हुने गरी आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने।
- व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गरि कृषिजन्य उद्योगलाइ विकासको सम्बाहक बनाउने।
- कृषि अनुसन्धान क्षेत्रमा आधुनिक तथा नवीनतम प्रविधि विकास गर्ने।

- चुरीया क्षेत्रलाई जलसंरक्षणका लागि आधारस्तम्भ मानी जलसंरक्षणलाई प्रतिकूल असर गर्ने क्रियाकलाप रोकथाम हुनेगरी भूसंरक्षण तथा उपयोग नीति वनाउने।
- अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई रोजगारी र उद्यमशीलतामूलक बनाउने।
- शैक्षिक सामाजिक चेतनास्तर कमजोर रहेको जातीय समूह समुदायका लागि स्थानीय रुपमा उपलब्ध अवसरहरुमा विशेष प्राथिमकता दिने।
- स्थानीय तथा भारतीय पर्यटकको साँस्कृतिक र धार्मिक अभिरुचि सम्बोधन हुने गरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गर्ने।
- अन्तरप्रदेश तीव्र बसाइ सराइको व्यवस्थापनका लागि प्रदेशले आफ्नो क्षेत्रको भूमि सम्बन्धी नीति बनाउँदा स्थानीय तहहरुलाई भूउपयोग योजना तर्जुमा गर्न प्रोत्साहित गर्ने र एकीकृत बस्ती विकासको रणनीति लिने।
- कृषि योग्य भूमि र बनक्षेत्रको संरक्षण गर्न र युवाहरुलाई कृषि पेशातर्फ आकर्षित गराउन विभिन्न कार्यक्रम संचालन गर्ने।
- प्रादेशिक विकास सन्तुलनमा योगदान गर्ने आयोजनाहरुलाई मात्र प्रदेश गौरवका आयोजनाका रुपमा छनौट गरी कार्यान्वयनमा प्राथमिकता दिने।

## २.८ समष्टिगत आर्थिक स्थीति र नीति

### २.८.१ रोजगारी

यस प्रदेशका ससरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाहरु बढी श्रमिकहरु वैदेशिक रोजगारीमा जाने नेपालकै माथिल्लो दस जिल्लाहरुमा पर्दछन। बारा, रौतहट र पर्साबाट वैदेशिक रोजगारीमा जाने संख्या पनि उल्लेख्यनीय छ। वैदेशिक रोजगारीमा गएका कूल श्रमिकहरु मध्ये यस प्रदेशबाट जाने श्रमिकको संख्या २३.९ प्रतिशत छ।

### २.८.२ प्रतिब्यक्ति आय

प्रदेशको प्रतिव्यक्ति आय यू.यस. डलर ७९९ (आ.व २०७४। ७५) रहेको छ। सबैभन्दा बढी आय भएको बारा जिल्लाको प्रतिव्यक्ति आय यू.यस डलर १४८० छ, कम आय भएको महोत्तरी जिल्लाको प्रतिव्यक्ति आय यू.यस. डलर ६८१ मात्र छ, जुन प्रदेश औसत भन्दा कम छ। मानब विकास प्रतिवेदन २०१४ अनुसार प्रदेश भित्र अन्तर जिल्ला आय

विषमता पनि उच्च देखिन्छ। मानव विकास सूचकाङ्कमा यस प्रदेशका ८ जिल्लाहरु मध्ये महोत्तरीको सूचकाङ्क ०.३८८ र रौतहटको सूचकाङ्क ०.३८६ रहेको छ।

### २.८.३ गरिबीको अवस्था

बहुआयमिक गरिबी दर पनि राष्ट्रिय औसत भन्दा धेरै बढी छ। राष्ट्रिय औसत बहुआयामिक गरिबी दर २८.६ प्रतिशत छ भने प्रदेशको बहुआयामिक गरिबी दर ४७.९ प्रतिशत छ। मानब विकास सूचकाङ्कको आधारमा पछी परेको यस प्रदेशको गरिबी सम्बन्धी अन्य सूचकहरु पनि राष्ट्रिय औसत भन्दा तल रहेको देखिन्छ।

तालिका - २.२: गरिबीको अवस्था (प्रतिशतमा)

| | प्रदेश नं २ | समग्र नेपाल | प्रदेशहरु मध्येको स्थान |
|---|---|---|---|
| बहुआयामिक गरिबी दर | ४७.९ | २८.६ | २ |
| गरिबी दर | २७.७ | २५.२ | ३ |
| कूल बहुआयामिक गरिबको संख्या | २४.१ | १०० | १ |
| मानब विकास सूचकांक | ०.४२१ | ०.४९० | ७ |

तालिका - २.३ : आर्थिक सामाजिक क्षेत्रमा प्रदेश नं २ को स्थान

| आर्थिक तथा सामाजिक सूचक | प्रदेशको स्थान | प्रदेश नं २ | राष्ट्रिय औसत/मान |
|---|---|---|---|
| १. कूल खेती योग्य जमिन मध्ये खेती गरिएको क्षेत्र फल (प्रतिशत) | पहिलो | ८९.९ | ७९.३ |
| २. खेती गरिएको जमिन मध्ये सिंचित क्षेत्रफल (प्रतिशत) | पहिलो | ४३.२ | ४५.२ |

| | | | |
|---|---|---|---|
| ३. जलविद्युत उत्पादन (मे. वाट) | अन्तीम | - | ९९०.५ |
| ४. सडक घनत्व प्रति सय कि.मी. | दोश्रो | ५८.९५ | ०.४८ |
| ५. मानब विकास सूचकांक | अन्तीम | ०.४२१ | ०.४९ |
| ६. साक्षरता (प्रतिशत) | अन्तीम | ४९.५ | ५९.६ |
| ७. खूद भर्ना दर (१-८ कक्षा) (प्रतिशत) | अन्तीम | ७९.६ | ९२.३ |
| ८. विद्यार्थी संख्या (कक्षा १—१२) | तेश्रो | १२,५५,६३५ | ७३,९१,५२४ |
| ९. बैंक तथा बित्तिय संस्था शाखाको प्रतिशत | पाचौं | ११.१ | १००. |
| १०. कूल निक्षेपमा प्रदेशगत प्रतिशत | पाचौं | ४.३ | १००. |
| ११. कूल कर्जामा प्रदेशगत प्रतिशत | पाचौं | ७.७ | १०० |

श्रोतः आर्थिक सर्भेक्षण २०७५, केन्द्रीय तथ्याङ्क विभाग

## २.८.४ गार्हस्थ उत्पादनको वृद्धि दर र संरचना

केन्द्रीय तथ्याङ्क विभागले हालै आर्थिक वर्ष ०७५/७६ को प्रदेशगत गार्हस्थ उत्पादनको तथ्याङ्क सार्वजनिक गरेको छ। उक्त तथ्याङ्कमा ०७५/७६ को प्रदेश नं २ को कूल गार्हस्थ उत्पादन रु. ४४४.४९ अर्ब देखाइएको छ। केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार प्रदेश नं २ को आ.व. ०७५।७६ को आर्थिक वृद्धिदर ६.५३ प्रतिशत छ। यसैलाई आधार मानी योजना अवधिको प्रादेशिक गार्हस्थ उत्पादन प्रक्षेपण गरिएको छ। आधार वर्षको वृद्धिदरमा योजना अवधिको प्रत्येक बर्ष ०.५ प्रतिशत बिन्दुले बढाउदै प्रथम प्रादेशिक योजनाको अन्तमा आर्थिक वृद्धिदर ११.० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। जस अनुसार आर्थिक बर्ष ०८०।८१ मा प्रदेशको कूल गार्हस्थ उत्पादन ६८३.६२ अर्ब पुग्नेछ। योजना अवधिको कृषि, उद्योग र सेवाको गार्हस्थ उत्पादन तालिका २.४ मा दिइएको छ।

तालिका - २.४: क्षेत्रगत मूल्य अभिवृद्धि र गार्हस्थ उत्पादन (आर्थिक बर्ष ०७५ / ७६ को स्थीर मूल्यमा रु अर्बमा)

| आ.व. | कृषि | उद्योग | सेवा | कूल | दर वृद्धि |
|---|---|---|---|---|---|
| ०७५/७६ आधार वर्ष | १७७. ८० | ५७.७८ | २०८.९१ | ४४४.४९ | ६.५३ |
| ०७६/७७ | १८५.४८ | ६४.२१ | २२५.९१ | ४७५.६० | ७.० |
| ०७७/७८ | १९५.१९ | ७१.९१ | २४६.५५ | ५१३.६५ | ८.० |
| ०७८/७९ | २०७. १६ | ८१.१८ | २७१.५४ | ५५९.८८ | ९.० |
| ०७९/८० | २२१.७१ | ९२ . ३८ | ३०१. ७८ | ६१५. ८७ | १०.० |
| ०८०/८१ | २३९ .२७ | १०५ .९६ | ३३८. ३९ | ६८३.६२ | ११.० |

योजना अवधिका बार्षिक औसत आर्थिक वृद्धि दर ९.० प्रतिशत हुने प्रक्षेपण गरिएको छ। तर प्रक्षेपण अनुसार योजनाको चौथो वर्ष नै दोहरो अंकको औसत वृद्धि दर १० प्रतिशत हासिल हुने छ। क्षेत्रगत रुपमा योजना अवधि (०७६ / ७७ -०८० / ८१) मा कृषि, उद्योग र सेवा क्षेत्रको बार्षिक औसत वृद्धि दर क्रमशः ६.१ प्रतिशत, १२.९ प्रतिशत र १०.२ प्रतिशत हुनेछ। ( तालिका २.४ र २.५ )

तालिका - २.५: प्रादेशिक आर्थिक वृद्धि दर (प्रतिशत)

| आ.ब. | कृषि | उद्योग | सेवा | कूल |
|---|---|---|---|---|
| ०७६/ ७७ | ४.३ | ११.१ | ८.१ | ७.० |
| ०७७ / ७८ | ५.४ | १२.० | ९.१ | ८.० |
| ०७८/ ७९ | ६.१ | १२.९ | १०.१ | ९.० |
| ०७९/ ८० | ७.० | १३.८ | ११.५ | १०.० |
| ०८०/ ८१ | ७.९ | १४.७ | १२.१ | ११.० |
| औसत | ६.१ | १२.९ | १०.२ | ९.० |

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आ.व ०७५/७६ मा प्रदेशको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्र र गैरकृषि क्षेत्रको योगदान क्रमशः ४० प्रतिशत र ६० प्रतिशत हुने देखिन्छ। आर्थिक विकासको क्रममा गार्हस्थ उत्पादनको संरचनामा आउने परिवर्तनलाई दृष्टिगत गरी योजनाको अन्त्य सम्ममा कृषि क्षेत्रको योगदान ३५ प्रतिशत मात्र हुने अनुमान गरेको छ। तदनुसार गैरकृषि क्रियाकलापहरुको योगदान ६५ प्रतिशत पुग्नेछ। ( तालिका २.६ )

तालिका - २.६: गार्हस्थ उत्पादन संरचना (प्रतिशतमा)

| आ.ब. | कृषि | उद्योग | सेवा | जम्मा |
|---|---|---|---|---|
| ०७५/७६ | ४०.० | १३.० | ४७.० | १०० |
| ०७६/७७ | ३९.० | १३.५ | ४७.५ | १०० |
| ०७७/७८ | ३८.० | १४.० | ४८.० | १०० |
| ०७८/७९ | ३७.० | १४.५ | ४८.५ | १०० |
| ०७९/८० | ३६.० | १५.० | ४९.० | १०० |
| ०८०/८१ | ३५.० | १५.५ | ४९.५ | १०० |

## २.८.५ लगानी

चौधौं योजनामा समग्र सीमान्त पूँजी उत्पादन अनुपात ५.२:१ र कृषि, उद्योग र सेवा क्षेत्रको क्रमशः २.९:१, ६.२:१ र ५.३:१ हुने अनुमान गरिएको थियो। पन्ध्रौ योजनाको आधारपत्रले सीमान्त पूँजी अनुपात ४.९:१ प्रतिशत मात्र हुने प्रक्षेपण गरेको छ। सीमान्त पूँजी उत्पादन अनुपातमा आएको सुधारलाई दृष्टिगत गरि आगामी योजनाको लागि लगानी प्रक्षेपण गर्न कृषि र सेवा क्षेत्रमा चौधौं योजनाको अनुपात भन्दा केही कम गरि क्रमशः २.८:१ र ५:१ सीमान्त पूँजी उत्पादन अनुपात कायम गरिएको छ। प्रदेश नं २ को आवश्यकता समेतलाइ विचार गरि उद्योग क्षेत्रको सीमान्त पूँजी अनुपात भने चौधौं योजनाको अनुपात भन्दा केही बढी (६.९:१) हुने अनुमान गरिएको छ। प्रदेश योजनाले लक्ष्य गरे अनुसार औसत ९.० प्रतिशत को आर्थिक वृद्धि दर हासिल गर्न योजना अबधिमा कृषिमा रु १ खर्ब ७२ अर्ब १२ करोड, उद्योगमा रु ३ खर्ब ३२ अर्ब ४४ करोड र सेवा क्षेत्रमा रु ६ खर्ब ४७ अर्ब ४० करोड गरि कूल रु ११ खर्ब ५१ अर्ब ९६ करोड स्थीर पूँजी लगानी गर्नुपर्ने अनुमान रहेको छ। यस अनुसार समग्रमा सीमान्त पूँजी उत्पादन अनुपात ४.८:१ हुन आउँछ।

तालिका - २.७: सीमान्त पूँजी अनुपात र कूल लगानी
(आर्थिक बर्ष ०७५/७६ को स्थीर मूल्यमा)
रु. अर्बमा

| | अनुमानित सीमान्त पूँजी अनुपात | ०७६।७७ | ०७७।७८ | ०७८।७९ | ०७९।८० | ०८०।८१ | कूल |
|---|---|---|---|---|---|---|---|
| कृषि | २.८ | २१.५० | २७.१९ | ३३.५२ | ४०.७४ | ४९.१७ | १७२.१२ |
| उद्योग | ६.९ | ४४.३७ | ५३.१३ | ६३.९६ | ७७.२८ | ९३.७० | ३३२.४४ |
| सेवा | ५.० | ८५.०० | १०३.२० | १२४.९५ | १५१.२० | १८३.०५ | ६४७.४० |
| कूल | ४.८ | १५०.८७ | १८३.५२ | २२२.४३ | २६९.२२ | ३२५.९२ | ११५१.९६ |

निजी क्षेत्रको बिस्तार र त्यसमा सरकारको अहम् भुमिका समेतलाई दृष्टिगत गरी प्रदेश नं २ को योजनामा सार्बजनिक क्षेत्रबाट ३८  प्रतिशत, निजी क्षेत्रबाट ५८ प्रतिशत र सहकारीबाट ४  प्रतिशत लगानी हुने अनुमान गरिएको छ। सार्बजनिक  क्षेत्रबाट विशेष गरेर पूर्वाधार, शिक्षा स्वास्थ र कृषिमा लगानी हुने अपेक्षा गरिएको छ। त्यस्तै सहकारी क्षेत्रबाट मूलत: कृषि, साना उद्योग तथा व्यापार, वित्तिय मध्यस्थतामा र केही शिक्षा तथा स्वाथ्यमा समेत लगानी हुने अनुमान गरिन्छ। सामान्य प्रशासन तथा रक्षामा बाहेक अन्य सबै क्षेत्रमा निजी क्षेत्रको पनि लगानी हुनेछ।

तालिका २.८ मा देखाइए अनुसार योजना अवधिको कूल लगानी मध्ये सार्बजनिक क्षेत्रबाट रु. ४ खर्ब ३७ अर्ब ७५ करोड, निजी क्षेत्रबाट रु.६ खर्ब ६८ अर्ब १४ करोड र सहकारी क्षेत्रबाट रु.४६ अर्ब ७ करोड लगानी हुने अनुमान छ।

तालिका - २.८: सार्वजनिक, निजी र सहकारीबाट हुने लगानी

(आ.ब. ०७५ / ७६ को मूल्यमा

रु. अर्वमा )

| | सार्वजनिक | प्रतिशत | निजी | प्रतिशत | सहकारी | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कृषि | ५९.२९ | ३४.४ | ८८.९३ | ५१.७ | २३.९० | १३.९ | १७२.१२ |
| उद्योग | ११५.१० | ३४.६ | २१४.०९ | ६४.४ | ३.२५ | १.० | ३३२.४४ |
| सेवा | २६३.३६ | ४०.७ | ३६५.१२ | ५६.४ | १८.९२ | २.९ | ६४७.४० |
| जम्मा | ४३७.७५ | ३८.०० | ६६८.१४ | ५८.०० | ४६.०७ | ४.०० | ११५१.९६ |

### २.८.६ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत

नयाँ संघीय संरचनामा प्रदेशमा तीन तहको सरकारबाट खर्च तथा लगानी हुने व्यवस्था छ। सार्बजनिक क्षेत्रबाट हुने पूँजीगत लगानीलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच वर्गीकरण गरिएको छ। विद्यमान संबैधानिक व्यवस्था अनुसार तीनै तहको सरकारले आफ्नो ढङ्गले पूँजीगत खर्च गर्न सक्ने व्यवस्था रहे बमोजिम तीन तहको सरकारबाट योजना अवधिमा हुन सक्ने पूँजीगत खर्चको अनुमान गरिएको छ। यो प्रदेश सबै भन्दा बढी नगरपालिका भएको र दोश्रो सब भन्दा बढी स्थानीय तहहरु भएको प्रदेश हो। यो कुरालाइ समेत ध्यानमा राखी योजना अवधिको कूल सार्बजनिक पूँजीगत लगानी रु.४ खर्ब ३७ अर्ब ७५ करोड मध्ये स्थानीय तहहरुबाट करिब ३० प्रतिशत अर्थात रु.१ खर्ब ३१ अर्ब ३३ करोड लगानी हुने अनुमान गरिएको छ। भविष्यमा परियोजनाहरु हस्तान्तरण हुदै संघीय सरकारको दायित्व घटदै जान सक्ने भएता पनि पहिलो योजनामा सार्वजनिक लगानीमा संघीय सरकारले प्रमुख दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। अतः संघीय सरकारबाट ४०.० प्रतिशत अर्थात १ खर्ब ७५ अर्ब १० करोड लगानी हुने अनुमान गरिएको छ। बाँकी रु. १ खर्ब ३१ अर्ब ३२ करोड(३० प्रतिशत) प्रदेश सरकारले लगानी गर्नुपर्ने अनुमान गरिएको छ। तीनै तहको सरकारबाट पाँच बर्ष अवधिमा गर्ने वार्षिक लगानीको अनुमानित रकमलाई तालिका २.९ मा दिइएको छ।

तालिका - २.९: तीनतहका सरकारले गर्ने पूँजीगत लगानी प्रक्षेपण (आ.ब. ०७५/७६ को स्थीर मूल्यमा/ रु. अर्बमा)

| सरकारहरु | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | २२.९३ | २७.८९ | ३३.८० | ४०.९२ | ४९.४ | १७५.१ |
| प्रदेश सरकार | १७.२ | २०.९२ | २५.३६ | ३०.६९ | ३७.१ | १३१.३२ |
| स्थानीय सरकार | १७.२ | २०.९२ | २५.३६ | ३०.६९ | ३७.१६ | १३२.३३ |
| जम्मा | ५७.३३ | ६९.७३ | ८४.५२ | १०२.३ | १२३.८ | ४३७.७ |

## २.८.७ प्रदेश सरकारको खर्च र खर्च व्यहोर्ने श्रोत

योजना अवधिमा प्रदेश सरकारको कूल पूँजीगत खर्च रु १ खर्व ३१ अर्व ३२ करोड हुने अनुमान गरिएको छ। आर्थिक वर्ष ०७५।७६ को प्रदेश सरकारको बजेटमा चालु खर्च र पुँजिगत खर्चको अंश क्रमशः ४९ प्रतिशत र ५१ प्रतिशत रहेको छ। चालु खर्चको यो अनुपात उच्च देखिन्छ। तसर्थ वार्षिक बजेट निर्माण गर्दा यसलाई क्रमशः घटाउदै लानु पर्ने देखिन्छ। चालु खर्चलाई योजनाको अन्तिम वर्षसम्ममा ४४ प्रतिशत मा झार्ने गरि प्रक्षेपण गर्दा योजना अवधिमा प्रदेश सरकारको कूल खर्च रु.२ खर्ब ४१ अर्ब ६६ करोड हुने अनुमान छ। त्यसमध्ये चालु खर्च १ खर्ब १० अर्ब ३३ करोड (४५.७प्रतिशत) र पूँजीगत खर्च रु.१ खर्ब ३१ अर्ब ३५ करोड (५४.३ प्रतिशत) हुने अनुमान गरिएको छ।

यस आधारमा योजना अवधिमा कूल ६० अर्व आन्तरिक राजस्व उठने अनुमान गरिएको छ। मूल्य अभिवृद्धि कर र अन्त:शुल्क बापतको राजस्व बाँडफाटबाट प्राप्त हुने रकम नै प्रदेशको वित्तीय व्यवस्थापनको मूल श्रोत हो। आर्थिक वर्ष ०७३। ७४ मा यो श्रोतबाट रु. १८ अर्ब प्राप्त भएको देखिन्छ। आर्थिक क्रियाकलापको वृद्धिसँगै यो श्रोतबाट प्राप्त हुने रकममा पनि वृद्धि हुने तथ्यलाई समेत दृष्टिगत गरी यसबाट योजना अवधिमा रु. १ खर्ब परिचालन हुने अनुमान गर्न सकिन्छ। प्रदेशको आ.व ०७५।७६ को बजेटमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान र विशेष अनुदान क्रमशः रु. ७ अर्ब ७२ करोड, ९ अर्ब १८ करोड र रु. १ अर्ब गरी जम्मा रु. १७ अर्ब ९० करोड अनुदान प्राप्त गर्ने लक्ष्य राखिएको छ। यसलाई आधार मान्दा योजना अवधिमा रु. १ खर्ब अनुदान प्राप्त हुने अनुमान गर्न सकिन्छ। यस आधारमा प्रदेश सरकारले योजना अवधिको निमित्त घाटा रहित वार्षिक बजेट बनाउन सकिने देखिन्छ। यदि कुनै कारणले घाटाको अवस्था आउने देखिएमा वैदेशिक र आन्तरिक ऋणको बाटो उपलब्ध छ, जुन वित्तीय संघीयताको प्रारम्भिक कार्यान्वयनको चरणमा सहज छैन।

तालिका - २.१०: प्रदेश सरकारको अनुमानित बजेट
(आ.ब. ०७५ / ७६ को स्थीर मूल्यमा/ रु.अर्बमा

| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| कूल खर्च | ३३.०८ | ३९.४७ | ४६.९६ | ५५.८० | ६६.३५ | २४१.६६ |
| चालु खर्च | १५.८८ | १८.५५ | २१.६० | २५.११ | २९.१९ | ११०.३३ |
| पूँजीगत खर्च | १७.२० | २०.९२ | २५.३६ | ३०.६९ | ३७.१६ | १३१.३३ |

# परिच्छेदः तीन

# समष्टिगत आर्थिक क्षेत्र

## ३.१ बचत तथा लगानी

### विद्यमान अवस्था

उच्च आर्थिक वृद्धिको लागि उल्लेखनीय बचत परिचालन र लगानीको आवश्यकता पर्दछ। प्रदेशगत स्तरमा बचत तथा लगानीको तथ्याङ्क उपलब्ध नभएको हुँदा यसबारे सुक्ष्म विश्लेषण गर्नसक्ने अवस्था छैन। नेपालको समग्र बचत तथा लगानीलाई हेर्दा आर्थिक बर्ष २०७४/७५ मा गार्हस्थ्य उत्पादनको १५.०१प्रतिशत बचत र ३४.११ प्रतिशत स्थिर पूँजी निर्माण भएको देखिन्छ। तर पछिल्लो ५ वर्ष (०७०/७१-०७४/७५) को औसत हेर्ने हो भने १० प्रतिशत बचत र २९ प्रतिशत कूल स्थिर पूँजी लगानी भएको देखिन्छ। विगत ५ वर्षमा कूल राष्ट्रिय बचत भने कूल गार्हस्थ्य उत्पादनको औसत ४४ प्रतिशत रहेको छ।

### प्रमुख समस्या

गार्हस्थ्य बचत र लगानीको उच्च अन्तर एउटा प्रमुख समस्या हो। हालैका बर्षहरुमा बचत र गार्हस्थ्य उत्पादनको अनुपात केही बढे पनि बचत र लगानीको अन्तर भने घट्न सकेको छैन। आ.व २०७४।७५ मा यस्तो अन्तर कूल गार्हस्थ्य उत्पादनको १९ प्रतिशत रहेको छ। प्रदेश नं २ मा २७.७ प्रतिशत जनसङ्ख्या गरिब छन। यस्तो जनसङ्ख्याको आयमा वृद्धि भएतापनि बढी उपभोगमै खर्च हुने भएकोले बचत बढाउन खासै सहयोग पुग्दैन। बैदेशिक रोजगारीबाट हुने आयमा पनि यो लागू हुन्छ। उनीहरुको आयको ठूलो अंश उपभोगमै खर्च हुने गरेको छ। साथै बढ्दो उपभोगबादी संस्कृतिले पनि बचतमा प्रतिकूल असर परिरहेको छ। ग्रामीण क्षेत्रमा पर्याप्त बैकिङ्ग सेवाको विस्तार नहुनुले बचत गर्न चाहनेलाई पनि त्यस्तो अवसर उपलब्ध छैन।यस प्रदेशमा बैंक शाखा र जनसङ्ख्याको अनुपात सबै भन्दा उच्च छ। एउटा बैंक शाखाले सरदर १८ हजार जनतालाई सेवा पुर्याइरहेको छ। हालका दिनहरुमा बैकिङ्ग सेवा पनि प्रक्रियागत रुपमा बचतकर्तालाई प्रोत्साहित गर्ने खालको नभइ झन्झटिलो हुँदै गएको छ। एकातिर बचत गर्ने बानीको पर्याप्त विकास नहुनु र अर्कोतिर लगानीतर्फ नागरिकमा उद्यमशीलता र जोखिम लिन सक्ने क्षमता र इच्छा शक्तिको कमी छ भने सरकारको पूँजीगत खर्च पनि अपेक्षित रुपमा नहुनु समस्याको रुपमा रहेको छ।

## चुनौती तथा अवसर

पर्याप्त बैकिङ सेवाको विस्तार गर्नु, जनताको आयस्तर बढाउनु, पर्याप्त मात्रामा उद्यमशीलताको विकास गर्नु, प्रदेशका सम्भावनाहरूको पर्याप्त खोजी गर्नु र सहज ऋणको उपलब्धता गराउनु चुनौतीको रुपमा रहेका छन्।

वित्तीय क्षेत्र फराकिलो हुँदै जानु, विप्रेषण आप्रवाहले मानिसहरूको आम्दानी बढनुले बचत र पूँजी निर्माण गर्ने सम्भावना पनि बढेको छ। त्यस्तै, राजनैतिक स्थिरता सहितको नयाँ राजनैतिक व्यवस्थाले गर्दा लगानीको लागि वातावरण तयार हुँदै गएको छ। यस प्रदेशमा विभिन्न आर्थिक गतिविधिका थुप्रै सम्भावनाहरू रहेकोले निजी क्षेत्र, गैर आवासिय नेपाली र वैदेशिक लगानी प्रर्वद्धन गर्न सकिने अवसर रहेको छ। साथै तीनै तहको सरकारहरुबाट भौतिक पूर्वाधार निर्माणका कामहरु अघि बढिरहेकोले सरकारी क्षेत्रको लगानी बढ्ने अवसर पनि रहेको छ।

## कार्यनीति

- प्रादेशिक पूँजी बजारको विकास गरिनेछ।
- र्साबजनिक खर्चलाई मितव्ययी पारदर्शी र चुहावट रहित बनाई सरकारी बचतमा अनुकूल असर सिर्जना गरिनेछ।
- वित्तीय सेवा खासगरी बचत परिचालनको प्रक्रियालाई सरल तथा बचतकर्ता मैत्री बनाउन र वित्तीय ज्ञान वृद्धिका लागि वित्तीय संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।
- बचत अभिवृद्धिको लागि उत्पादनशील लगानी प्रोत्साहन गरी आय आर्जन वृद्धि गरिनेछ।
- निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधारमा सार्वजनिक लगानी बढाइनेछ।
- प्राथामिकता प्राप्त क्षेत्रमा लगानी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिनेछ।
- निजी सार्वजनिक साझेदारी मा जोड दिई लगानी प्रवर्द्धन गरिनेछ।
- सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।
- प्रदेशका सम्भावित लगानीका क्षेत्रहरु पहिचान गरी लगानी आकर्षित गर्न लगानी सम्मेलन गरिनेछ।
- गैर आवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई बढाउन प्रोत्साहित गरिनेछ।

- व्यावसायिक वातावरणमा सुधार गरी लगानी बढाउन तदनुसार प्रादेशिक औद्योगिक नीति र बिदेशी लगानी नीति बनाई लागू गरिनेछ।

## ३.२ सार्वजनिक खर्च

### विद्यमान अवस्था

नेपालको संविधानले प्रदेशलाई आर्थिक सामाजिक विकासको गहन जिम्मेवारी सुम्पेको छ। लामो कालखण्डको केन्द्रीकृत शासन प्रणालीले नेपालको अपेक्षित विकास गर्न नसकेकोले संघीय शासन प्रणालीमा देश रुपान्तरण भएको छ। नयाँ संवैधानिक संरचनाको रुपमा प्रदेश सरकार स्थापना भएको छ। नयाँ उत्साहका साथ भर्खरै मात्र स्थापना भएको प्रदेश सरकारबाट जनताले उच्च अपेक्षा राखेको छ। तर प्रदेश सरकारसँग श्रोत सिमित छ र त्यसको परिचालनको निमित आवश्यक कर्मचारीको कमी छ। तसर्थ प्रदेशको सन्तुलित विकास र समृद्धिको लागि प्रदेश सरकारले प्रभावकारी एवम् मितव्ययी ढङ्गले खर्च गरेर सार्वजनिक खर्चको उत्पादकत्व बढाउनु आवश्यक छ। क्षेत्रगत विकासमा समानता ल्याउने गरी प्राथमिकताका आधारमा योजनाहरु छनोट गरी खर्च गर्नुपर्ने आवश्यकता छ।

### प्रमुख समस्या

पछिल्ला वर्षहरूमा नेपाल सरकारको पूँजीगत खर्च अपेक्षाकृत नहुने गरेको, भएको सरकारी खर्चको पनि प्रतिफल संतोषजनक नहुने, सरकारी खर्चमा वित्तीय अनुशासनको कमी र कमसल स्तरका निर्माण कार्यहरुले गर्दा सार्वजनिक खर्च प्रतिफलमुखी हुन सकिरहेको छैन। यी समस्याहरु प्रदेशमा पनि दोहोरिने सम्भावना धेरै छ।

### चुनौती तथा अवसर

बजेटलाई योजना र नीतिमा आधारित बनाउने, प्रतिफलमुखी बनाउने, वित्तीय अनुशासन कायम गर्ने, चालु खर्च नियन्त्रणद्वारा पूँजीगत खर्च बृद्धि गर्ने, सरकारी खर्चमा हुने गरेको चुहावट रोक्ने र बजेट कार्यान्वयनलाई प्रभावकारी वनाउने कार्य चुनौतीपूर्ण रहेको छ। प्रदेशको बजेट कार्यान्वयनका लागि चुस्त प्रशासनिक संरचनाहरू निर्माण गर्ने र कर्मचारीहरूलाई उत्प्रेरित गर्ने काम पनि चुनौतीपूर्ण नै रहेको छ।

तर नयाँ संरचना भएकोले प्रभावकारी सरकारी संरचना र संयन्त्र बनाएर सरकारी कार्य सम्पादनमा कुशलता वृद्धि गर्न सकिने अवसर पनि रहेको छ। **भौगोलिक रुपले** सानो क्षेत्र भएकोले प्रदेश सरकारले सरकारी खर्चको अनुगमन गर्न र वित्तीय अनुशासन कायम गर्न

सहज हुने देखिन्छ। सुशासनलाई सुरु देखिनै कडाइका साथ लागू गर्न सकियो भने यसले पछि सम्म सार्बजनिक खर्चको प्रतिफल बढाउन टेवा पुग्नेछ।

**कार्यनीति**

- नीति र योजनामा आधारित बजेट प्रणालीको विकास गरिनेछ।
- आयोजना तथा कार्यक्रमहरु प्राथामिकताका आधारमा छनौट गरिनेछ।
- सरकारी संयन्त्रहरुको कार्यान्वयन क्षमता अभिवृद्धी गरिनेछ।
- आर्थिक प्रशासन सम्वन्धी कानूनी र संस्थागत क्षमता सुदृढीकरणद्वारा आर्थिक अनुशासन कायम गरिनेछ।
- आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त आयोजना छनौट गरी बजेट विनियोजन गरिनेछ।
- बजेट तर्जुमामा मध्यमकालीन खर्च संरचनाको अवलम्वन गरिनेछ।
- स्थानीय तहसंगको समन्वयमा लैंगिक उत्तरदायी बजेट प्रणालीको व्यवस्था गरिनेछ।
- प्रदेशका बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरु छनौट गरी पर्याप्त बजेटको व्यवस्था गरिनेछ।
- गैर सरकारी संस्थाहरुलाई प्राथमिकता प्राप्त क्षेत्रहरुमा खर्च गर्न प्रोत्साहन तथा उत्प्रेरित गरिनेछ।
- सार्बजनिक खर्चलाई बढी कुशल र प्रतिफलदायी बनाउन निजी, सहकारी वा समुदायिक क्षेत्रसँग साझेदारी लगानीलाई प्रोत्साहित गरिनेछ।
- व्यवस्थापन सर्वेक्षणद्वारा आवश्यकता अनुरुप प्रदेशस्तरीय सरकारी संरचनाहरु स्थापना गरिनेछ।
- कर्मचारीहरुलाई सामयिक र विशेष तालिम दिइ सार्वजनिक खर्च कुशलतापूर्वक गरिनेछ।
- आयोजना तथा कार्यक्रमको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ।
- आर्थिक प्रशासन सम्वन्धी आवश्यक कानूनहरु निर्माण तथा परिमार्जन गरिनेछ।
- सार्वजनिक खर्चलाई मितव्ययी बनाउन समय सापेक्ष मापदण्ड र नीति तर्जुमा गरिनेछ।
- सरकारी खर्चको सदुपयोग र प्रभावकारिता बढाउन नियमित अनुगमन गरिनेछ।

- बजेट इन्फर्मेसन म्यानेजमेन्ट सिष्टम (BIMS) मार्फत प्रदेश र स्थानीय सरकारको बजेट व्यवस्थापन गरिनेछ।

## ३.३ राजस्व परिचालन

### विद्यमान अवस्था

नेपालको संविधान अनुसार प्रदेश सरकारको क्षेत्राधिकार भित्र घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर गरी ५ किसिमका करहरु रहेका छन्। यी करहरुमध्ये कृषि आयमा कर बाहेक अन्य ४ वटा करहरु स्थानीय तहको क्षेत्राधिकार भित्र पनि पर्दछन्। यस अतिरिक्त स्थानीय तहले सम्पति कर, घर बहाल कर, भूमिकर (मालपोत), व्यवसाय कर उठाउन पाउने संवैधानिक प्रावधान रहेको छ। गैरकर राजश्व तर्फ प्रदेश र स्थानीय तह दुवैले सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना उठाउने अधिकार रहेको छ। पर्यटन दस्तुर संघीय सरकारको क्षेत्राधिकार भित्र राखिएको छ भने पर्यटन शुल्क प्रदेश र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ। भन्सारजन्य राजस्व संघको अधिकारक्षेत्रमा रहेको छ।

आ.व २०७३/७४ को तथ्याङ्कबाट प्रदेशले उठाउन पाउने करहरु मध्ये सबै भन्दा बढी घर जग्गा रजिष्ट्रेशन करबाट उठने गरेको देखिन्छ। उक्त वर्ष प्रदेश नं २ मा उठने रु. १ अर्ब २९ करोड ६० लाख कर मध्ये रु. १ अर्ब १३ करोड १४ लाख घर जग्गा रजिष्ट्रेशन करबाट मात्र उठेको देखिन्छ।

अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ अनुसार प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहेका कर मध्ये सवारी साधन कर प्रदेशले लगाउने र उठाउने, घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरञ्जन कर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन कर स्थानीय तहले नै लगाउने र उठाउने व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त:शुल्क नेपाल सरकारले एक संघीय विभाज्य कोषमा जम्मा गरी संकलित रकमको ७० प्रतिशत संघीय सरकारलाई र १५ प्रतिशत प्रदेश सरकारहरुलाई र १५ प्रतिशत स्थानीय तहहरुवीच बाँडफाँड गर्नुपर्ने प्रावधान रहेको छ। प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी एक संघीय विभाज्य कोषमा जम्मा गरी संघीय सरकारलाई ५०प्रतिशत, सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत र सम्बन्धित प्रदेशलाई २५ प्रतिशतका दरले बाँडफाँट हुने व्यवस्था रहेको छ।यसरी राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम नै प्रदेश नं २ को मुख्य आर्थिक श्रोत हो। आ.व ०७३।७४ मा मूल्य

अभिवृद्धि कर र अन्तःशुल्कको बाँडफाँटबाट मात्र रु. १८ अर्ब यस प्रदेशले प्राप्त गरेको छ।

मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनको अन्तःशुल्क र प्राकृतिक स्रोतको बाँडफाँटका अतिरिक्त नेपाल सरकारले प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधार प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहले संघीय सरकारबाट सशर्त, समपुरक र विशेष अनुदान प्राप्त गर्ने व्यवस्था छ। यसरी प्रदेशले कर उठाउन पाउने क्षेत्र सिमित मात्र छ।

### प्रमुख समस्या

संस्थागत क्षमता कमजोर हुनु, कर सम्वन्धी कानूनी व्यवस्थाहरुको प्रभावकारी संचार नहुनु, साझा करको रुपमा रहेका कर सम्वन्धमा स्थानीय तहमा द्विविधा रहनु, राजस्व सङ्कलनको विगतको तथ्याङ्क उपलब्धताको अभाव, जनतामा कर सम्वन्धी चेतनाको कमी, कर तिर्ने संस्कृतिको अभाव, कर योग्य क्षमतामा कमी आदि राजस्व सङ्कलनका प्रमुख समस्याका रुपमा रहेका छन्।

### चुनौती तथा अवसर

राजस्व सङ्कलनका लागि कर सम्वन्धी कानूनी व्यवस्थाका सम्बन्धमा जानकारी र चेतनाको अभिवृद्धि गर्नु, संस्थागत व्यवस्था गर्नु, दोहोरो करको भार पर्न नदिने गरी कर सङ्कलन गर्नु, कर तिर्ने वानीको विकास गर्नु र कर चुहावट नियन्त्रण गर्नु आदि राजस्व सङ्कलनका चुनौतीका रुपमा रहेका छन्। प्रदेशलाई कृषि आयमा कर अधिकार दिइएको छ। तर अहिले नै कृषिमा कर लगाउनु चुनौतीपूर्ण काम हुने देखिन्छ।

तीन तहको नयाँ सरकारी संरचना बनेको हुँदा नयाँ ढङ्गले कर सङ्कलन गर्न सकिने अवस्था ,करको दायरा फराकिलो पार्ने र कर चुहावट नियन्त्रण गर्न सकिने अवसर भने रहेको छ।

### कार्यनीति

- आन्तरिक राजस्व सङ्कलनको लागि प्रभावकारी संरचना निर्माण गरिनेछ।
- निजी क्षेत्र र नागरिक समेतको सहभागितामा कर तिर्ने वानीको विकास गरिनेछ।
- कर चुहावट नियन्त्रण गरिनेछ र करदातालाई सम्मान गरिनेछ।

- राजश्वका आधारहरु खोजी तथा दरहरु समसामयिक बनाई राजश्व सङ्कलन प्रभावकारी ढङ्गबाट गरिनेछ।
- राजस्व सङ्कलनमा सूचना प्रविधिको प्रयोग गरी कर सङ्कलनलाई सहज बनाइनेछ।
- सरोकारवालाहरुसंगको सहकार्यमा कर सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- कर सम्वन्धी जानकारीमूलक संदेशहरु प्रवाह गरिनेछ।
- राजश्व चुहावट नियन्त्रण सम्वन्धमा कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्कृष्ट करदातालाई प्रोत्साहित गरिने कार्यक्रम सञ्चालन गरिनेछ।
- करदाता मैत्री राजश्व प्रशासन बनाइनेछ।
- आर्थिक क्षमताका आधारमा सबै आयमुलक क्रियाकलापहरुलाई करको दायरामा ल्याइनेछ।
- गैरकर राजश्वका स्रोतहरु पहिचान गरी समयानुकूल बनाउदै लगिनेछ।

## ३.४ आन्तरिक ऋण

### विद्यमान अवस्था

नेपालको संविधान र अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ ले तीनै तहका सरकारले घाटा बजेट पेश गर्न सक्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिश गरेको सीमा भित्र रहेर आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिनु अघि संघीय सरकारको सहमति लिनुपर्दछ। प्रदेश र स्थानीय तहले सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना र यसबाट प्राप्त हुन सक्ने प्रतिफल, ऋण भुक्तानी योजना र ऋण दिने संस्थाको विवरण सहमतिको लागि संघीय सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। साथै, नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था पनि छ।

### चुनौती तथा अवसरहरू

आन्तरिक ऋण लिन संघीय सरकारको सहमति लिनु पर्ने, ऋण सङ्कलन गर्न संघीय संरचना प्रयोग गर्नु पर्ने र आन्तरिक ऋणको दुरुपयोगको सम्भावना रोक्ने चुनौती रहेको छ। बजेट प्रक्षेपण अनुसार आगामी प्रथम योजना अवधिमा आन्तरिक ऋण परिचालन गर्न आवश्यक नहुन सक्छ। तापनि नयाँ संरचनाको रुपमा रहेको प्रदेश सरकारले आयोजना विशेषमा केन्द्रीत हुने गरी आन्तरिक ऋण उठाउने र उपयोग गर्न सक्ने अवसर रहेको छ।

### कार्यनीति

- आन्तरिक ऋणको परिचालन गर्न आवश्यक तयारी गरिनेछ।
- आवश्यक परे ऋण पत्रहरु बिक्री गरी वित्तीय स्रोत सङ्कलन गरिनेछ।
- आयोजना बैंक बनाउन सबै मन्त्रालय विभागहरु परिचालन गरिनेछ।
- प्रादेशिक पुँजी बजारको विकास गरिनेछ।

## ३.५ वैदेशिक सहयोग

### विद्यमान अवस्था

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार वैदेशिक सहयोग लिने अधिकार संघीय सरकारमा रहेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि पनि वैदेशिक सहयोग लिन सक्ने व्यवस्था रहेको छ। साथै प्रदेश तथा स्थानीय तहले पनि नेपाल सरकारको पूर्वस्वीकृति लिइ वैदेशिक सहयोग लिनसक्छन। यसरी प्रदेशले वैदेशिक सहयोग लिदा वा सोमा आधारित भएर कार्यक्रम तथा परियोजना सञ्चालन गर्न संघीय सरकारको पूर्व स्वीकृती लिनुपर्ने अवस्था रहेको छ। प्रदेशको आन्तरिक राजस्व सङ्कलनको क्षेत्र सिमित रहेको हुनाले जनअपेक्षा अनुसार योजना कार्यान्वयन गर्न बैदेशिक सहयोग लिन आवश्यक पर्न सक्छ।

### प्रमुख समस्या

समग्रमा नेपालले लामो समयदेखि वैदेशिक सहयोग लिएर विकास खर्च जुटाइ रहको भए तापनि यसको प्रभावकारी उपयोग हुन नसकेको र वैदेशिक सहयोग प्रवाह भए अनुरुपको विकासको प्रतिफल प्राप्त हुन सकेको छैन।

### चुनौती तथा अवसर

प्रदेश सरकारले केन्द्र सरकार मार्फत मात्र वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा विकासका साझेदारहरु सहायता प्रवाहमा पर्ख र हेरको अवस्था मा छन्।

अर्कोतर्फ विकास साझेदारहरु प्रदेशगत रुपमा सहयोग गर्न उत्सुक पनि देखिएका छन। प्रदेश सरकारले वैदेशिक सहयोगको बढी भन्दा बढी परिचालन गर्न सक्ने सम्भावना पनि देखिएको छ।

### कार्यनीति

- प्रदेशको प्राथमिकता अनुसार उपयुक्त आयोजनाको लागि मात्र वैदेशिक सहयोग माग गरिनेछ।
- प्रदेशका ८ वटै जिल्लाका सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ।
- सम्भावित सूचीहरुका आयोजनाहरुको प्रतिफल विश्लेषण गरिनेछ।
- वैदेशिक सहयोगको निमित्त उपयुक्त आयोजनाहरु पहिचान गरिनेछ।
- उच्च प्रतिफल भएका आयोजनाहरुको लागि वैदेशिक सहयोग सूचिमा राखिनेछ।
- वैदेशिक सहयोगलाई प्रभावकारी ढङ्गले सदुपयोग गरिनेछ।
- आयोजना बैंक निर्माण र अद्यावधिक गरिनेछ।

## ३.६ निजी क्षेत्र

### बिद्यमान अवस्था

देशको आर्थिक विकासमा निजी क्षेत्रको अहम् भुमिका रहेको छ। मुलुकको पन्ध्रौ योजनामा ५८ प्रतिशत भन्दा बढी लगानी निजी क्षेत्रबाटै हुने अनुमान गरिएको भएतापनि निजी क्षेत्रमा अझै उद्यमशीलता, नवप्रवर्तन र व्यावसायिक प्रतिवद्धताको कमी महसुस गरिन्छ। प्रदेश नं २ को स्थिति पनि राष्ट्रिय स्थिति भन्दा फरक छैन। अर्कोतर्फ हालका वर्षहरुमा देशमा राजनैतिक स्थिरता र शान्तिको वातावरण बने पनि व्यावसायिक वातावरण अझै निजी क्षेत्र अनुकूल बन्न सकेको छैन। विश्व बैंकको पछिल्लो Doing Business Report अनुसार नेपालको अवस्था झन खस्केको पाइएको छ। उक्त प्रतिवेदनमा प्रयोग गरिएको व्यावसायिक वातावरण मापनका दसवटा परिसूचकहरु मध्ये कर भुक्तानीको सूचक सबै भन्दा नराम्रो देखाइएको छ। त्यस्तै सम्झौता कार्यान्वयन, निर्माण स्वीकृति, व्यवसाय स्थापनाका सवालमा पनि नेपालको स्थान धेरै तल रहेको छ। हालका वर्षहरुमा नेपालमा बिद्युत आपूर्तिमा सुधार भएता पनि यस मामिलामा अन्य देशहरुको तुलनामा नेपाल अझै धेरै तल रहेको छ।

### प्रमुख समस्या

व्यवसायको लागत बढनाले नेपालको निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको छ। विश्व बजार र छिमेकी मुलुकहरु सँग प्रतिस्पर्धा गर्न सकिरहेको छैन। यो निजी क्षेत्र प्रवर्द्धनको निमित्त ठूलो समस्या हो। सक्षम र सवल प्रतिस्पर्धी निजी क्षेत्रको विकास गर्नु आजको आवश्यकता हो।

## चुनौती तथा अवसर

प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको निजी क्षेत्रलाई व्यवसाय स्थापना सरल बनाउने, कर प्रक्रिया सरल बनाउने जस्ता कतिपय सुधारहरु चुनौती बनी बसेका छन्। चुनौतीहरुको सामना गर्दै प्रमुख औद्योगिक नगरहरुमा निजी क्षेत्रको लगानी सम्बन्धी समस्याहरु समाधानका लागि प्रदेशबाट पहल प्रारम्भ भएको छ । व्यवसाय स्थापना सरल बनाउने, निर्माण स्वीकृतको प्रक्रिया सरल बनाउने जस्ता कतिपय सुधारहरु भने प्रदेश तहमै पनि हुन सक्छन्।

## कार्यनीति

- प्रदेश सरकारका सबै नीतिहरु निजी क्षेत्र मैत्री बनाइ व्यावसायिक वातावरणमा सुधार गरिनेछ।
- निजी क्षेत्रलाई एउटा सक्रिय साझेदारको रुपमा लिइ सार्वजनिक निजी क्षेत्र साझेदारी कार्यक्रमहरु अघि बढाइनेछ।
- प्रदेशका नीति निर्माणमा निजी क्षेत्रलाई पनि सहभागी गराइनेछ।
- निजी क्षेत्रको क्षमता अभिवृद्धिको कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- निजी क्षेत्रमा व्यावसायिक नवप्रवर्तनका लागि सरकारबाट आवश्यक सहयोग प्रदान गरिनेछ। यसको निमित्त आवश्यक संरचना समेत खडा गरिनेछ।

## ३.७ बिदेशी लगानी

### विद्यमान अवस्था

बिदेशी लगानी बिना अपेक्षित आर्थिक वृद्धि हासिल गर्न सकिदैन। विदेशी लागानीबाट पूँजीको साथै प्रविधि पनि उपलब्ध हुन्छ। उत्पादित बस्तु वा सेवाको बजार बिस्तार गरिने सम्भावना पनि हुन्छ तर नेपालमा अपेक्षाकृत बिदेशी लागानी प्रवाह भैरहेको छैन। त्यसमा पनि प्रदेश नं २ मा बिदेशी लगानी धेरै कम छ। आर्थिक सर्भेक्षण ०७४/७५ अनुसार नेपालमा स्थापना भएको विदेशी लगानीका ४२७३ उद्योगहरु मध्ये १३० वटा मात्र प्रदेश नं २ मा छन। यस हिसाबले प्रदेश चौथो स्थानमा पर्दछ।

### प्रमुख समस्या

नयाँ विदेशी लगानी आकृष्ट गर्न नसक्नु र बिदेशी लगानी तथा प्रबिधि हस्तान्तरण नीति तथा ऐन लागू गर्न प्रक्रिया थालिएको धेरै वर्ष बितिसक्दा पनि कार्यान्वयनमा आउन

नसक्नु यस क्षेत्रको मूख्य समस्या हो। तसर्थ प्रदेशले आफ्नै विदेशी लगानी नीति तदारुकताका साथ बनाउनु आवश्यक छ।

### चुनौती तथा अवसर

बैदेशिक सहायता लिनु प्रदेशका लागि आफैमा चुनौती हो।

### कार्यनीति

- प्रादेशिक विदेशी लगानी नीति र ऐन प्राथमिकताका साथ बनाइनेछ।
- स्वदेशी श्रम र कच्चा पदार्थ प्रयोग हुने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ।
- राष्ट्रिय सुरक्षा तथा संवेदनशीलता बाहेक अन्य सबै उद्योग व्यवसाय, पूर्वाधारमा लगानी खुल्ला गरिनेछ।
- ज्वाइन्ट भेन्चरको रुपमा आउने विदेशी लगानीलाई प्राथमिकता दिइनेछ।
- विदेशी लगानीको माध्यमबाट नयाँ प्रबिधि भित्र्याउन प्रोत्साहित गरिनेछ।
- स्वायत्त प्रादेशिक लगानी बोर्ड गठन गरिनेछ।
- पूर्वाधार विकासमा विदेशी लगानी प्रोत्साहित गरिनेछ।
- लगानीको निमित्त गैर आवासीय नेपालीहरुलाई प्रोत्साहित र परिचालन गरिनेछ।

## ३.८ सहकारी क्षेत्र

### विद्यमान अवस्था

अहिले देशमा सहकारीलाई विकासको एउटा स्तम्भको रुपमा मानेको अवस्था छ। संविधानले लक्षित गरेको समाजवाद उन्मुख अर्थतन्त्रको विकासमा सहकारीबाट प्रभावकारी भुमिका निर्वाह हुन सक्छ। नेपालमा सहकारी संस्थाहरु तिव्र गतिमा बढेका छन। आर्थिक वर्ष २०७४/७५ सम्ममा यसको सङ्ख्या ३४५१२ पुगेको छ। प्रदेश नं २ मा ५ हजार ८ सय ५७ सहकारी संस्थाहरु छन। अर्थात देशको कूल सहकारी संस्थाको करिब १७ प्रतिशत यस प्रदेशमा छन। सहकारी संस्थाको सङ्ख्याको हिसाबले यो प्रदेश दोश्रो स्थानमा पर्दछ तर कारोबारको हिसाबले पाचौं स्थानमा मात्र पर्दछ। यसले यस प्रदेशको सहकारी क्षेत्रमा सुधारको आवश्यकतालाइ संकेत गर्दछ। सहकारीका सिद्धान्तलाई इमान्दारिताका साथ पालना नगरी व्यापारिक संस्थाको रुपमा सञ्चालन गर्न खोज्दा र संचालकहरुको महत्वाकांक्षा तथा वदनियतले कतिपय संस्थाहरु असफल भएको मात्र होइन जोखिममा पनि परेका छन। शेयरधनीहरुमा सहकारी बारे ज्ञानको अभाव पनि यसको निमित केही हदसम्म जिम्मेबार छ।

### प्रमुख समस्या

सहकारीहरु बचत तथा ऋण कारोबारमा मात्र केन्द्रीत हुनु र सहकारीको सिद्धान्त अनुरुप नचल्नु यस क्षेत्रको प्रमुख समस्याको रुपमा देखिएको छ। यी समस्याहरुलाई सम्बोधन गर्दै सहकारी क्षेत्रको प्रवर्द्धन गरिने सम्भावना भने प्रवल छ। सहकारी क्षेत्रको विकास गरी प्रदेशको विकासमा योगदान पुर्‍याउन निम्न नीतिहरु अवलम्बन गर्नु वाञ्छनीय देखिन्छ।

### चुनौती तथा अवसर

सहकारिताको सिद्धान्त र मर्म बाहिर गइ काम गरिरहेका सहकारीलाई ग्रामीण विपन्न वर्गको आर्थिक अबस्था सुधार सम्बन्धी आर्थिक क्रियाकलापमा निर्देशित गर्न चूनौतीपूर्ण छ।

प्रदेशमा करिब ७ लाख सदस्यहरु र तिनको करिब ६ अर्बको निक्षेप सङ्कलन र साढे ८ अर्बको ऋण लगानी भएका बचत तथा ऋण सहकारी संस्थाहरुको सञ्जाल ठूलो अवसरको रुपमा रहेका छन।

### कार्यनीति

- सहकारीहरुको सङ्ख्या बढाउनु भन्दा भएका संस्थाहरु सक्षम बनाउने नीति अख्तियार गरिनेछ।
- सहकारीलाई नियन्त्रण नगरी प्रवर्द्धन र नियमन गरिनेछ।
- बहुउद्देशीय सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ।
- कृषि उत्पादन देखि बजारीकरणसम्मको मूल्य श्रृखलका क्रियाकलापहरुमा सहकारी संस्थाहरुलाइ आवद्ध गरिनेछ।
- कृषि र स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना घरेलु तथा लघु उद्यममा सहकारीको भूमिका विस्तार गरिनेछ।
- सहकारी संस्थाहरुको सञ्चालनको लागि क्षमता विकास तथा सुशासन कायम गर्न प्रदेश सरकारको तर्फबाट प्रशिक्षणको व्यवस्था गरिनेछ।
- जनमानसमा सहकारी सम्बन्धी ज्ञान र चेतना बढाउन यथेष्ट प्रचार गरिनेछ।
- फलफूल, तरकारी, जडीबुटी आदिको सहकारी थोक बजारहरु सञ्चालन गरिनेछ।
- सहकारी शीत भण्डार र गोदामहरु सञ्चालन गरिनेछ।
- सहकारी पशुपालन फार्महरु सञ्चालन गरिनेछ।

# परिच्छेदः चार

## आर्थिक क्षेत्र

### ४.१ कृषि

**विद्यमान अवस्था**

कृषि यस प्रदेशको मुख्य आर्थिक आधार हो। कृषि यस प्रदेशका जनताको मूख्य पेशा र जीवन निर्वाहको मुख्य श्रोत हो। प्रदेशका बहुसंख्यक कृषकले एक हेक्टर भन्दा कम जमिनमा खेती गरिरहेका छन्। कृषि उपकरण र यन्त्रको प्रयोग आवश्यक मात्रामा हुनसकेको छैन। नेपालको कृषि (कृषि र पशु समेत) उत्पादनमा यस प्रदेश को योगदान करिब १३ प्रतिशत देखिन्छ। प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा भने कृषि क्षेत्रको योगदान ४० प्रतिशत छ।कृषिगणना २०६८ अनुसार करिब ७८ प्रतिशत कृषि जमिनमा खाद्यान्न, ११ प्रतिशत मा दलहन, ४ प्रतिशत नगदे बालि र ३ प्रतिशत तेल बालीको खेती गरिएको छ। देशको कूल उत्पादन मध्ये करिब २१.६१ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारीहरू यसै प्रदेशमा उत्पादन गरिन्छ।खाद्य सुरक्षाका दृष्टिले हेर्दा यस प्रदेशमा न्यूतम क्यालोरी प्राप्त जनसंख्या ९१.९ प्रतिशत, खाद्य सुरक्षामा रहेको परिवार ५२.६ प्रतिशत र उच्च खाद्य असुरक्षित परिवार ९.२ प्रतिशत रहेको छ।प्रमूख उत्पादन तर्फ हेर्दा आ.व. ०७५/७६ मा धानको उत्पादन १२ लाख ८५ हजार ८ सय मे.टन, मकैको १ लाख ३१ हजार ७ सय मे.टन, गहुँको ५ लाख ६६ हजार ९ सय मे। टन, फापर, कोदो तथा जौको उत्पादन एक हजार ९ सय मे.टन गरी कूल खाद्यान्न १९ लाख ८६ हजार ३०० मे.टन भएको छ । त्यस्तै १ लाख आठ हजार २ सय मे.टन दलहन, ४३ हजार ५० मे.टन तेलहन र २३ हजार सात सय मे.टन मसला वाली उत्पादन भएको छ। यो प्रदेशको चुरे क्षेत्र जडीबुटीहरुको पनि श्रोत हो।

मौसमी फलको रुपमा देशको कूल आँप उत्पादन मध्ये ६८ प्रतिशत प्रदेश २ मा उत्पादन हुन्छ। आ.व. ०७५/७६ मा २ लाख ३१ हजार आठ सय मे. टन आंप उत्पादन भएको देखिन्छ भनें अन्य फलफूल जस्तो केरा, लिची, मेवा, अम्वा, रुख कटहर, भूईं कटहर, नरिवल तथा सुपारी आदि को उत्पादन ९८ हजार नौ सय मे.टन भएको देखिन्छ। उखु खेतीका लागि प्रयोग भइ आएको कूल ६४,४८३ हेक्टरबाट वार्षिक २४२६८०० मे. टन उखु उत्पादन भएको छ।त्यस्तै आलुको उत्पादन तीन लाख ७० हजार ६०० मे.टन, जुट ३१ हजार दुई सय र सूर्ति दुई हजार छ सय मे.टन, तरकारी एक लाख ८१ हजार ५५० मे.टन उत्पादन भएको देखिन्छ।

कृषिमा आधारित उद्योगमा उपलब्ध रोजगार नै जीविकोपार्जनको माध्यम रहेको छ । धान उत्पादनका अतिरिक्त प्रमुख नगदेबालीका रुपमा उखु रहेको छ। उत्पादनको दृष्टिले प्रदेश खाद्यान्न र तरकारीमा आत्मनिर्भर भई अन्य प्रदेशहरुलाइ खाद्यान्न आपूर्ति गर्न सक्ने प्रचुर सम्भावना छ ।

प्रदेशको अधिकार सूचीभित्र परेका कृषि तथा पशु विकासकालागि कृषि अनुसन्धान, प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको लागि प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्थापना भएको छ। दिगो विकासको दोस्रो लक्ष्यको रुपमा सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्न, सबै खालको कुपोषण हटाउन र सबैलाई सुरक्षित ढङ्गले पौष्टिक खाद्यान्न बढाउन कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व र किसानहरूको आम्दानी बढाउन आवश्यक रहेको छ जसको लागि कृषि अनुसन्धान कार्यलाई बढावा दिनु जरुरी देखिएको छ।

## प्रमुख समस्याहरु

भौगोलिक रुपमा सबभन्दा सानो यस प्रदेशमा जनघनत्व ५९९ जना प्रति बर्ग किलोमिटर छ। कृषि बाली उत्पादनमा यान्त्रिकीकरण हुन नसक्नु र उत्पादन तथा उत्पादकत्व बढाउन नसक्नु कृषिक्षेत्रमा देखिएको मूख्य समस्या हुन। भारत सँगको खुला सीमानाका कारण हुने सस्तो आयातले उत्पादनको लागत मूल्य समेत पाउन कठिनाइ छ। खाद्यान्नको उत्पादकत्व उच्च हुँदाहुँदै पनि यो प्रदेशमा खाद्यान्न अपुग हुने गरेको छ। बिगतमा कृषि अनुसन्धानले उच्च प्राथमिकता नपाएको कारण उन्नत जातका बीउ तथा पशु प्रजाति र आधुनिक कृषि प्रणालीको विकास हुनसकेको छैन।

औद्योगिक प्रयोगका लागि जग्गा ओगट्ने तर उद्योग स्थापना नहुने, कृषि जग्गा घडेरीका लागि अनियन्त्रित प्रयोग, र जथाभावी सडक तथा मार्गहरुको निर्माण जस्ता प्रवृत्तिका कारण कृषिजन्य भूमि संकुचित हुँदै गएको छ। चुरे र अन्य बनजंगल मासिंदै गएकोले भूमिगत पानीको सतह घट्दै गएको छ।

अन्तर्राष्ट्रियस्तरको कृषि अनुसन्धान, प्रयोगशाला तथा पुर्वाधारहरुको अभाव छ जस्को कारणले उत्पादित बस्तुहरुले पनि अन्तर्राष्ट्रिय बजारमा प्रवेश पाउनसकेका छैनन्। गुणस्तरीय माटो परीक्षण तथा अन्य प्रयोगशालाको कमी, उपयुक्त बालीहरु (बर्णशङ्कर ),

बिउ बिजन तथा मलको कमी र आवश्यक जनशक्तिको कमी छ। उत्पादित बस्तुको प्रमाणीकरण तथा उपयुक्त क्वारेन्टाइनको पनि कमी छ।

## चुनौती तथा अवसर

आयातीत कृषि उत्पादन सँग प्रतिस्पर्धा गर्नु कृषि क्षेत्रमा ठूलो चुनौती रहेको छ । अन्तराष्ट्रिय गुणस्तरको कृषि अनुसन्धान, प्रविधि विकाश तथा प्रसार हुन नसक्नु र वर्तमान अवस्था मा कृषि अनुसन्धान तथा प्रसारमा दक्ष जनशत्तिको अभाव हुनु चुनातीको रुपमा रहेको छ। नेपाली कृषि उत्पादनहरुको प्रतिस्पर्धात्मक क्षमता तुलनात्मक रुपमा कमजोर छ।

नयाँ सिंचाइ बिस्तार र खानेपानी प्रयोजनका लागि प्रचुर सतह एवम् भूमिगत जलस्रोत रहेको छ। नदी बेसीनहरु परिवर्तन गरी जल क्षमता वृद्धि गर्न सकिने भौगोलिक अनुकूलता छ।

उत्पादनका लागि अनुकूल भूबनौट र हावापानी रहेको छ। विभिन्न खाद्य, तरकारी, फलफूल तथा नगदेबाली पशुजन्य र दुग्ध पदार्थ र माछाको उत्पादन र उत्पादकत्व, बर्णशङ्कर प्रविधि (hybrid technology) द्वारा कैयौं गुणाले उत्पादन बढाउन सक्ने अवसर छ।

बेमौसमी तरकारी र फलफूलको माग बढ्दै गएको छ जस्को परिपुर्तिको लागि ठूलाठूला प्लाष्टिक घरमा तरकारी, फल फुल तथा जडिबुटीहरुको सफलतापुर्वक उत्पादन गर्न सकिन्छ। यस प्रदेशमा बगर खेतिको ठूलो सम्भावना छ। ठूलो क्षमताको शित भण्डार निर्माणमा लगानी गरी राम्रो मूल्य प्राप्त गर्न सकिन्छ। बेमौसमी तरकारी र फलफूलको सीमावर्ती बजारमा राम्रो बिक्री मूल्य प्राप्त हुनसक्छ।

प्रदेशको समथर भूभाग समेत बेमौसमी तरकारी र फलफूलको उत्पादनको लागि अनुकूल छ। बिक्रीका लागि सीमावर्ती भारतीय बजार पनि उपलब्ध छ। समथर जमिन, सिंचाइको सुबिधा र न्यानो तापक्रमका कारण यस प्रदेशमा उष्ण, उपोष्ण तथा केही मात्रामा समशितोष्ण हावापानीमा हुने प्राय: सबै जातका बालिनालीहरुका खेती गर्न सकिन्छ। पूर्ब-पश्चिम राजमार्ग, शाखा सडक, हुलाकी मार्गको संजाल भारतका बजारसम्म जोडिएको कारण यस प्रदेशबाट उत्पादित सामान अन्यत्र पठाउन र अन्यत्रबाट समान ल्याउन सहज छ।

सुनकोशी कमला डाइभर्सन आयोजनाको निर्माण सम्पन्न भएपछि प्रदेशमा सिंचाइ सुबिधा उल्लेखनीय रुपमा बढ्नेछ। प्रतिस्पर्धात्मक क्षमता बढाउन सके ठूलो परिमाणको कृषि बस्तु आयातलाई प्रतिस्थापन गर्ने अवसर प्राप्त हुन्छ। प्रदेशभित्रै उपलब्ध ठूलो बजार, भारतीय बजार सँगको भौगोलिक विकटता र सहज आवागमन र यातायात संजालको बिस्तारलाई पनि कृषि बजारीकरणको निमित्त एउटा अवसरको रुपमा लिन सकिन्छ।

चिनी मिल तथा विभिन्न कृषिमा आधारित उद्योग भएको कारणले गर्दा औद्योगिक नगदे बालीबाट फाइदा लिन सकिने अबस्था छ। फलफूल तथा तरकारी बाट बिभिन्न प्रकारको परिकारहरु बनाउने उद्योगहरुको स्थापना गर्न सकिन्छ ।

निकट भविष्यमा निजगढ-काठमाडौं द्रुतमार्ग तथा पूर्व-पश्चिम रेल सञ्चालन भएपछि यहाँ देखि अन्यत्र पठाउँदा खर्च कम लाग्ने हुँदा नगदेबाली, फलफूल, तरकारी, दुध र अन्डाको उत्पादन निकै बढ्ने सम्भाबना रहेको छ। रैथाने बालीनाली तथा पशुपंक्षीको जैविक विविधता संरक्षण गरी तुलनात्मक रुपमा बढी लाभ लिन सकिन्छ।

**क्षेत्रगत सोच**

खाद्य आत्मनिर्भर सुरक्षित र निर्यात गर्ने प्रदेश।

बैज्ञानिक भूमि ब्यबस्थापन र कृषिको आधुनिकीकरण, विविधिकरण तथा ब्यवसायिकरण द्वारा दिगो आर्थिक समृद्धि हासिल हुने।

**लक्ष्य**

- बैज्ञानिक भू उपयोग नीति कार्यान्वयन र आधुनिक कृषि अनुसन्धान प्रणाली अवलम्बन गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि एबं सहकारीको प्रभावकारी परिचालन मार्फत खाद्य तथा पोषण सुरक्षा वृद्धि हासिल गरी कृषि बस्तुको निर्यात द्वारा उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल भएको हुने ।

**उद्देश्य**

- नवीनतम कृषि अनुसन्धान प्रविधिहरुको विकाश गर्नु ।
- कृषि बालीनाली, पशुपंक्षी, माछा र दुग्धजन्य पदार्थका उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
- बालीनाली तथा मासु र दुग्धजन्य उत्पादनको व्यवसायिकरण र बजारीकरण गर्नु।

- वातावरणमैत्री कृषि यान्त्रिकीकरण गरी जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउनु।
- कृषि जैविक स्रोतको संरक्षण, संबर्द्धन र उपयोग गर्नु।
- एकीकृत रुपमा कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रबाह सुनिश्चित गरी कृषक तथा कृषि उद्यमलाइ उत्पादन वृद्धिमा प्रोत्साहित गर्नु।
- बैज्ञानिक प्रणाली अबलम्वन गरी बिशिष्ट पहिचान भएका बाली तथा बस्तुको ब्यवसायिक उत्पादन तथा निर्यात गर्नु।
- एकीकृत स्वास्थ सेवाको अबधारणा अनुसारको बाताबरण विकास गरी बालीनाली तथा पशुपंक्षी रोग न्यूनीकरण गर्नु।
- स्थानीय रैथाने जातका बालीनाली र पशुपंक्षीहरुको संरक्षण र सम्बर्द्धन गरी जैबिक बिबिधताको संरक्षण एबम् उपयोग गर्नु।
- प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना गर्नु ।
- प्रदेशमा कृषि विश्व विद्यालयको स्थापना गर्नु ।
- प्रदेशमा अव्यवस्थित कृषि अनुसन्धान केन्द्रहरु तथा अन्य कृषि केन्द्रहरुलाई प्रदेश मातहतमा ल्याउनु ।
- प्रदेशमा अव्यवस्थित कृषि अनुसन्धान केन्द्रहरु तथा अन्य कृषि केन्द्रहरुलाई प्रदेश मातहतमा ल्याउनु । (Hybrid Technology) को विकास गर्नु।
- यान्त्रिकरणलाई व्यवस्थित गर्न Custom Hiring Center स्थापना गरि विस्तार गर्नु ।
- जैविक तथा प्रांगारिक मलको कारखाना स्थापना गर्नु ।

## रणनीति

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषक तथा सहकारीस्तरमा प्रतिस्पर्धात्मक अवधारणा लिने।
- कृषिभूमि बाँझो रहनबाट जोगाउन मालपोत करको माध्यमबाट रोक्ने।
- कृषि अनुसन्धान, प्रविधि प्रसार र कृषि शिक्षाको पहुँच बढाउने।
- कृषि क्षेत्रमा रहेको श्रमिक आपूर्ति व्यवस्थापन गर्न युवालाई कृषिमा आकर्षित गर्ने।
- कृषि पेशामा जोखिम कम गर्न कृषि वीमामा सहुलियत दिने।
- परम्परागत कृषि ज्ञान, सीप, प्रविधि साथै जैविक विविधतालाइ संरक्षण र प्रर्वधन हुने अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने।

- जैविक मल उत्पादन गरी उत्पादन बढाउने।
- बालिनाली वीमाको लागि अनुदान दिने।

## कार्यनीति

- यान्त्रिकरणलाई सुदृढ गर्न प्रदेशको विभिन्न ठाँउहरुमा Costom Hiring Center को स्थापना गरिनेछ तथा कृषि क्षेत्रलाई क्रमशः यान्त्रिकरण र व्यावसायिकरण गर्दै लगिनेछ।
- प्रादेशिक स्तरको जैविक तथा प्रांगारिक मलको कारखाना स्थापना गरिनेछ ।
- धान, मकै, तरकारी तथा फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउन वर्णशंकर प्रविधि (Hybrid Technology) को विकाश गरिने छ ।
- धान, मकै, तरकारी, दलहन, तेलहन, उखु, घासेवाली, फलफूलका आदिको उन्नतजात विकाश कार्यक्रम (Technology generation) गरिनेछ ।
- सिफारिस गरिएका बालीहरुको उन्नत जातहरु किसानको खेतमा द्रुत गतिमा प्रचार प्रसार गर्नकोलागी Large plot demonstration बैज्ञानिक र प्रविधिक, कृषि ज्ञान केन्द्र तथा स्थानिय निकायको रेख देखमा किसानको खेतमा समुहिक खेतीका रुपमा संचालन गरिनेछ ।
- प्रदेशका सप्तरी, सिरहा, महोत्तरी, सर्लाही र धनुषा जिल्लालाई आँप सुपर जोनको रुपमा तथा धनुषाको ढल्केवर, सर्लाहीको लालबन्दी सहित बागमतीसम्मको क्षेत्रलाई गोलभेडाको सुपर जोनको रुपमा विकास गरिनेछ ।
- प्रदेशमा विद्यमान विभिन्न कृषि अनुसन्धान तथा प्रसार सम्वन्धी पूर्वाधार र प्रयोगशाला (माटो परिक्षण, वाली संरक्षण, Mobile Soil Testing Van, तथा जैविक प्रविधि प्रयोगशाला आदि) को व्यवस्था तथा स्तरोन्नति गरिनेछ। प्रत्येक जिल्लामा शित भण्डार निर्माण तथा बिस्तार गरिनेछ।
- प्रदेशमा रहेको विभिन्न खोला नालाको वगर यकिन गरी सम्पूर्ण वगरमा सहकारी खेतीको अवधारणा विकास गरिनेछ तथा Pilot Project को रुपमा Hitech Poly House को स्थापना गरी वेमौसमी तरकारी तथा फलफूल उत्पादन आठै जिल्लामा सुरुवात गरिनेछ । साथै विभिन्न बालीको बेर्ना उत्पादनको लागि आठै जिल्लामा Hitech Poly House को निमार्ण Public Private Co-operatives को अवधारणा अर्न्तगत कार्यक्रमको सुरुवात गरिनेछ ।
- माछाको नश्ल सुधार र स्थानीय माछा सम्बन्धी अध्ययन अनुसन्धान गरि उत्पादन र उत्पादकत्व बढाउन जनकपुर स्थित मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रलाई प्रदेश मातहत ल्याइने छ। माछाको भुरा उत्पादन तथा मुल्य श्रृखंला अपनाई ह्याचरी दाना उत्पादन सम्बन्धी वृहत कार्यक्रम तर्जुमा गरिनेछ। पाँच वर्षभित्र माछा

उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाइनेछ। मत्स्य पालन क्षेत्रमा माछा उत्पादन लाई प्रोत्साहन गरिनेछ। यसलाई ब्राण्डिङ गरिनेछ।

- विभिन्न कृषि कर्म (जोताइ, बुआई, रोपाई, गोडाई, कटाई, दाँई आदि) कृषियन्त्रद्वारा व्यवहारिक रुपमा किसानको खेतमा वैज्ञानिक/प्राविधिक र कृषि ज्ञान केन्द्रको रेखदेखमा प्रत्येक निर्वाचन क्षेत्रमा वृहत प्रदर्शन तथा संचालन गरिनेछ। साथै, महिलामैत्री कृषि यान्त्रीकरणलाई व्यापकता दिइनेछ। वर्षमा दुईपटक वर्षे बाली तथा हिउँदे वालीलाई लक्षित गरि कृषि मेलाको आयोजना गरिने छ।

- कृषकहरुद्वारा उत्पादित अन्नबालीहरु खरिद गर्नका लागि विभिन्न जिल्लाहरुमा कृषि मण्डीको स्थापना गर्ने व्यवस्था मिलाइनेछ। तरकारी, फलफूल तथा दूध आदिको संकलन केन्द्र स्थापना तथा बजार सम्म पुऱ्याउन आवश्यक सवारी साधनको वन्दोवस्तीमा अनुदानको व्यवस्था गरी काठमाडौँ लगायत देशका अन्य व्यापार केन्द्रसंग सम्पर्क स्थापित गर्न प्रदेश सरकारले सहजकर्ताको भुमिका निर्वाह गर्न उद्योग तथा कृषि मन्त्रालय सम्मिलित एक बजार विस्तार समिति गठन गरिने छ। उक्त संकलन केन्द्रमा चिस्यान गृहको साथै सहुलियत मूल्यमा तरकारी, फलफूल, दूध तथा दुग्धबाट उत्पादित सामानहरुको बिक्री वितरण गरिने व्यवस्था मिलाइनेछ।

- अन्नबाली, फलफूल, तरकारीबाली, पशुपंक्षी र माछा पालनमा वीमाको व्यबस्था गरिनेछ। वीमाका लागि वीमा कम्पनीहरुसंग सहकार्य गरी निरन्तर रुपमा निजी वीमा कम्पनी तथा प्रदेश सरकार वीच सहकार्यको वातावरण वनाइने छ। प्रदेशमा विकसित प्रविधिहरु एकै थलोमा झल्किने गरि एउटा नमूना कृषि गाउँको स्थापना गरिनेछ। खाद्य परीक्षण प्रयोगशाला प्रदेशमा स्थापना गरिनेछ। उत्पादकत्व वृद्धिका लागि कृषि विद्युतीकरण तथा कृषि सडकको निर्माण गरिने छ।

- स्थानीय तहका पशुसेवा शाखालाई पशुपंक्षी उपचार औजार सामग्री उपलब्ध गराइनेछ तथा विशेषज्ञ सेवाका लागि भेटनरी अस्पताल तथा पशुसेवा विज्ञसंगको सहकार्यतामा व्यापकता ल्याइनेछ। Old Age animal को ब्यबस्थापन तथा संरक्षण गरिनेछ र गाईं,भैंसीको बाछा बाछी र पाडापाडीहरुको लागि गोठको ब्यबस्था गरिनेछ।

- विभिन्न वालीहरुको उन्नत विउ विजन उत्पादन गर्न प्रदेश सरकारले निजी विउ विजन कम्पनीहरुलाई प्रोत्साहन दिने छ।

- प्रदेशभित्र बोरो तथा चैत्रे धानको खेती गर्नका लागी विशेष पकेट क्षेत्र पहिचान गरी विस्तार गर्नका लागी प्रोत्साहन दिइनेछ।

- धानको प्रोसेसिंग, आधुनिक मिलिंग र प्याकेजिंग गरी प्रदेश न. २ को नाउँमा ब्रान्डिङ् गरिनेछ ।
- कृषि क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रादेशिक कृषि अनुसन्धान तथा प्रसार नीति, भू उपयोग नीति, कृषि बिद्युतिकरण नीति, भू उपयोग ऐन र सहकारी सम्बन्धि नीति तर्जुमा गरिने छ।
- जग्गा नभएका वा कम जग्गा भएका कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गराउन चक्लाबन्दी गरि भूमि करारमा लिई, करार, सामुहिक, सहकारी व्यवासायिक खेती गर्ने प्रणालीको विकास गरिनेछ।
- व्यबसायिक तथा उद्यमी कृषकहरुको लागि व्यबसायिकरण गर्न करार, सामुहिक र सहकारी खेती गरिनेछ ।
- प्रदेशको भौगोलिक र आर्थिक सामाजिक विकासको गति हेरी सम्भाव्यता र जनचाहना बमोजिम "कृषिजन्य विशेष उत्पादन क्षेत्र" तोकी त्यस्ता क्षेत्रमा आवश्यक उत्पादन तथा कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरि बजारीकरणका पूर्वाधारहरुको विकास गरिनेछ।
- युवाको वढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिई केरा, अम्बा, टमाटर, मेवा, अनार, फलफूल, तरकारी तथा सोहिजन आदिको मोडेल खेतीको रुपमा बैज्ञानिक ढङ्गले कार्यान्वयन गरिने छ। युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षित गराउन सहकारीको माध्यमबाट कार्यक्रम सञ्चालन गर्ने निकायलाई प्रथमिकता दिइने छ।
- युवा रोजगार लक्षित कृषि व्यवसायिक प्राविधिक सीप अभिवृद्धि तथा अद्यावधिकरण तालिमको थालिनी गरी युवा तथा उद्यमी किसानहरुलाई व्यवसायिक किसान बनाईने लक्ष्य राखिएको छ । च्याउ खेती विस्तार एवम् तालिम कार्यक्रम पाइलट प्रोजेक्टको रुपमा प्रर्वद्धन गरिने छ ।
- गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस, वंगुर, टर्की, क्वेल, बटई आदिको पालन प्रवर्द्धन गरिनेछ । उन्नत वीर्य उत्पादन तथा नश्ल सुधारको कार्यक्रमलाई व्यापकता दिईनेछ । बोयर तथा सानेन वाखाको सम्भाव्यता अध्ययन गर्ने गरि पाइलट प्रोजेक्टको रुपमा प्रदेशको केही स्थानमा संचालन गरिनेछ । कुखुरा तथा राङ्गा पालन विस्तार गरि सुव्यवस्थित गरिनेछ । बाख्रा, भैंसी, गाई, बंगुर, माछा आदिको अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।

- विभिन्न कृषि कर्म (जोताइ, बुआई, रोपाई, गोडाई, कटाई, दाँई आदि) कृषियन्त्रद्वारा व्यवहारिक रुपमा किसानको खेतमा (१०० विगाहासम्म) वैज्ञानिक/प्राविधिक र कृषि ज्ञान केन्द्रको रेखदेखमा प्रत्येक निर्वाचन क्षेत्रमा वृहत प्रदर्शन तथा संचालन गरिनेछ । साथै, महिलामैत्री कृषि यान्त्रिकरणलाई व्यापकता दिइनेछ । वर्षमा दुईपटक वर्षे बाली तथा हिउँदे बालीलाई लक्षित गरि कृषि मेलाको आयोजना गरिने छ ।

- प्रदेशमा सहकारी विकास बोर्ड, उखु विकास बोर्ड, डेरी विकास बोर्ड, मत्स्य विकास बोर्ड, तरकारी तथा फलफूल विकास बोर्ड क्रमशः गठन गरिनेछ।
- कृषि तथा पशुपंक्षी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- कृषि क्षेत्रमा भईरहेको अनियन्त्रित विषादी प्रयोगको कारणले मानव स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्नको लागि प्रांगारिक खेतीमा जोड दिईनेछ।
- चुरेको विनाशबाट खेती योग्य जमिन मासिदै जाने, जमिनको उर्वरत्व नष्ट हुने आदि जोखिमलाई न्यून गर्न चुरे संरक्षणको प्रभावकारी नीति र कार्यक्रमहरु तदारुकताका साथ कार्यान्वयन गरिनेछ।
- कृषि बजारीकरणका तहहरु घटाउने, व्यवस्थित गर्ने र सहकारी संस्थाहरुलाई संलग्न गराइनेछ।
- सिंचित क्षेत्रको विस्तारसंगै सघन बाली प्रणाली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ।
- गुणस्तरीय उन्नत बीउ तथा बिरुवाको सहज उपलब्धताका लागी बाली विशेष श्रोत केन्द्रहरुको स्थापना गरिनेछ।
- स्थान विशेषका लागि कृषि क्षेत्रको उत्पादन वृद्धि र उत्पादन लागत कम गर्नको लागि स्थानीय तह, कृषि ज्ञान केन्द्र र नार्कसंगको सहकार्यमा नियमित अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि अनुसन्धानका संरचनाहरु विकास गरी नवीनतम प्रविधिहरुको विकास गरिनेछ।
- कृषि तथा खाद्य पोषण सम्वन्धि प्रादेशिक नीति , कानून तथा गुणस्तर मापदण्ड बनाइनेछ। खाद्य असुरक्षित क्षेत्रमा स्थानिय जातका कृषिजन्य उत्पादन प्रवर्द्धन र उपयोगमा जोड दिइनेछ।
- जडिबुटी सङ्कलनलाई व्यवस्थित गर्ने र व्यावसायिक रुपमा जडिबुटी फार्महरु विकास गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्तिम बर्ष २०८०/८१ सम्ममा कृषि बालीको उत्पादन प्रति बर्ष ५ प्रतिशत का दरले वृद्धि भई २५ लाख ३५ हजार ७० मे.टन खाद्यान्न हुने र प्रतिव्यक्ति प्रतिबर्ष २०६.६३ के.जी पुगेको हुने, तेलहन, मसला तथा नगदे बालीको उत्पादन ३७ लाख मे.टन पुगेको हुने, तरकारी तथा फलफूल उत्पादन १८ लाख दुई हजार ४ सय ३० मे.ट. भई कूल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान रु दुई खरव ३९ अरव २७ करोड पुगेको हुनेछ। खाद्य सुरक्षा तर्फ ९६ प्रतिशत जनसंख्यालाई न्यूनतम क्यालोरी पुगेको हुने, खाद्य सुरक्षामा रहेको परिवार ८० प्रतिशत पुगेको हुने, उच्च खाद्य असुरक्षित परिवार ५ प्रतिशतमा झरेको हुनेछ।

## ४ .२ सिंचाइ

### विद्यमान अवस्था

प्रदेश २ को कूल क्षेत्रफल ९६६,१०० हेक्टर मध्ये ६ लाख २ हजार ३०६ हेक्टर कृषियोग्य तथा ५ लाख ६५ हजार ०९१ हेक्टर जमिन सिँचाइ योग्य भएकोमा हाल सम्म २ लाख ६० हजार ४९६ हेक्टरमा मात्र सतह र भूमिगत जलस्रोत उपयोग गरी सिंचाइ सुविधा पुऱ्याउन सकेको अवस्था रहेको छ। यो तथ्याङ्कमा बाँझो रहेको वा विभिन्न कारणले कृषि बाली नलगाइएको क्षेत्र गणना भएको छैन। हाल भै रहेका सिंचाई प्रणालीहरुको ७० प्रतिशतमात्र उपयोग हुन सकेको छ। सिंचाइका लागि प्राप्तहुने जलस्रोतमा मूलरुपमा सतह नदी प्रणालीको पानि हो। हाल यस प्रदेशमा ७० वटा मझौला, ३४७ वटा भूमिगत (डीप तथा स्यालो ट्युववेल) सिंचाई आयोजना संचालित छन। प्रदेशको कूल कृषि भूमि मध्ये ७०५ हेक्टर क्षेत्रफलमा कोशी पश्चिम, कमला, वागमती सिंचाइ नहरबाट र अन्य साना कुलो पैनीहरुबाट मौसमी सिंचाइ सुविधा उपलब्ध छ। कोशी हिमनदी, कमला र वागमती बाह्रै महिना पानी रहने नदी हुन।

७० प्रतिशत सिंचाई प्रणालीको नियमित मर्मत सम्भार भई आएको छ। नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको क्रमशः विकास र विस्तार भई ५०० हेक्टरमा सिंचाई सुविधा पुगेको छ। ।मौसमी सिंचाइ प्रणालीका कारण उत्पादकत्व बढाउन सकिएको छैन। सिंचाइ प्रणालीको निर्माणपछिको मर्मतसम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

सिंचाइक्षेत्रमा प्रदेशको अधिकार भित्र कृषि तथा पशु विकासका र सिंचाइ सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन पर्दछन। प्रदेश स्तरको

सिंचाइ सम्बन्धी योजना, गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन, प्रदेशस्तरमा सिंचाई सम्वन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण र सिंचाई सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति र मापदण्ड र नियमन अधिकारक्षेत्रका विषय हुन।

## प्रमुख समस्या

अधिकांश सिंचाइ योजना प्राकृतिक नदी प्रणाली (रन अफ द रिभर) अवधारणामा निर्माण गरिएकोले बाह्रै महिना एकैनासले सिंचाइको भरपर्दो सेवा उपलब्ध छैन। निर्माण सम्पन्न भइसकेका सिंचाइ प्रणालीको पर्याप्त मर्मत सम्भार हुन नसक्नु, ठूला सिंचाइ आयोजना मर्मत सम्भार नभइ सिंचाइ प्रणालीको प्रभावकारी प्रयोग हुन नसक्नु, सिंचाइ सुविधा पुगेको वा पुग्नसक्ने भूमीमा खण्डिकरण र अव्यवस्थित शहरीकरण हुनु, सतह सिंचाइ र भूमिगत सिंचाइको संयोजनात्मक उपयोग हुन नसक्नु, प्राकृतिक मूल तथा मुहानहरु सुक्दै जानु आदि रहेको पाइन्छ। प्रदेशको चुरे क्षेत्रमा भइरहेको अतिक्रमण तथा नदीजन्य निर्माण सामग्रीको अत्यधिक दोहनका कारण पानीको मूल तथा बहावमा नकारात्मक असर पर्नका साथै कृषि योग्य भूमि नासिदै गइरहेको छ।

## चुनौती तथा अवसर

सिंचाइप्रणाली निर्माण तथा बिस्तार र खानेपानी प्रयोजनका लागि प्रचूर सतह एवम् भूमिगत जलस्रोत भएपनि लगानी प्राथमिकतामा पर्ने गरेको छैन।

सिंचाइ प्रणालीबाट बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउने गरी दीर्घकालीन रूपमा ठूला नदीहरूको जल स्थानान्तरण तथा जलाशययुक्त योजना निर्माण गर्नु, सिंचाइ सुविधा उपलब्ध भएका र निकट भविष्यमा हुने कृषियोग्य भूमि कृषिका लागि संरक्षण गर्नु, जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्नु, उपलब्ध जलस्रोतको संरक्षण गर्दै सिंचाइ सहितको बहुआयामिक उपयोग गर्नु यस क्षेत्रको प्रमुख चुनौतीका रुपमा रहेका छन्।

नदी बेसीनहरु परिवर्तन गरी जलक्ष्यमता वृद्धि गर्न सकिनेछ। भौगोलिक अनुकूलता अनुरुप सुनकोशी नदीलाई कमला र मरिन नदीमा पानी डाइभर्सन गर्न सकिनेछर "खेत खेतमे पानी, हात हातमे काम" सिंचाइ अभियानले लगानी प्राथमिकता पाउने सम्भावना छ।

## क्षेत्रगत सोच

चुरे दक्षिणबर्ती क्षेत्रमा जलाशयको निर्माण र सतह तथा भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग द्वारा दिगो एवम् भरपर्दो सिंचाइ सुविधाको उपलव्धता ।

## लक्ष्य

बर्तमान सिंचित क्षेत्र विस्तार भएको हुने।

## उद्देश्य

- उपयुक्त प्रविधि मार्फत थप कृषि योग्य भूमिमा सिंचाइ सेवा विस्तार गर्नु।
- सम्पन्न सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउनु।

## रणनीति

- सिंचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार चुरिया क्षेत्रमा निर्माण प्रस्ताव गरिने जलाशयको निर्माणमा अन्तरप्रदेश तथा अन्तरस्थानीय तहको संयुक्त लगानी गर्ने।
- सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि श्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने।
- विभिन्न प्रविधिको प्रयोग गरेर सिंचाइ सुविधा विस्तार गर्ने।
- सिंचाइ परियोजनाहरूको पुनर्स्थापना र मर्मत सम्भार गर्ने।

## कार्यनीति

- सिंचाइमा जलवायु परिवर्तनबाट हुने प्रभावको अध्ययन गरी सोही अनुरुप प्रणाली डिजाइन एवम् सञ्चालनमा आवश्यक सुधार गर्दै लगिनेछ।
- प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना तथा मझौला सतह सिंचाइ आयोजना प्राथमिकिकरण, निर्माण तथा विस्तार गरिनेछ।
- खेती योग्य भूमिमा सतह र भूमिगत पानी मार्फत् सिंचाइ गरिनेछ।
- स्थानीय तहसँगको सहकार्यमा सम्भाव्य स्थानमा भूमिगत जलश्रोतमा आधारित स्यालो तथा डीप टयूववेल कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- नदी बेसिन जोड्ने अवधारणालाई ध्यान दिइनेछ।
- पुराना पोखरीको प्रवर्द्धन,बिस्तार तथा मुहानको संरक्षण गरिनेछ।

- स्थानीय तह संगको सहकार्यमा कृषि योग्य भूमिमा व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य उर्जा एवम् अन्य प्रविधिमा आधारित भूमिगत तथा लिफ्ट सिंचाई प्रणालीको विकास गरिनेछ।
- इनार आदिको निर्माण सँगै सोलार पावर, इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधिको प्रयोगमा विशेष जोड दिइने छ।

### अपेक्षित प्रतिफल

सतह तथा भूमिगत सिंचाई प्रणालीहरुको विकाश सँगै थप १ लाख ९४ हजार ५०४ हेक्टर भूमिमा भरपर्दो सिंचाइ उपलब्ध भई कूल ४,५५,००० हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ। सिंचाई प्रणालीहरुको क्षमता उपयोग ९० प्रतिशत पुगेको र मर्मत संभार र पुनर्स्थापनामा उपभोक्ताको साझेदारी ९० प्रतिशत भएको हुनेछ। सतह तथा भूमिगत जलश्रोतको संयोजनात्मक उपयोग द्वारा ५० प्रतिशत सिँचाइ योग्य भूमिमा बर्षै भरी भर पर्दो सिंचाइ सुविधा पुगेको हुनेछ।

## ४.३ पशु र पंक्षीपालन

### विद्यमान अवस्था

पशुपालन कृषिको एक अभिन्न अङ्ग रहेको छ। परम्परागत रुपमा बालीनालीको लागि चाहिने मल तथा खनजोतका लागि उर्जा र कृषि उत्पादन ओसारपसार गर्न पशुको प्रयोग हुँदै आएको छ। खेतीको लागी गोबर अत्याबश्यक मलको रुपमा प्रयोग हुँदै आएको छ। देशको कूल गार्हस्थ उत्पादनमा करिब ११ प्रतिशत योगदान रहेको यस क्षेत्रको उत्पादनमा दुध, माछा, मासु र अण्डा प्रमुख रहेको छ। प्रदेशको ग्रामीणस्तरमा कुखुराको मासु तथा अण्डाको उत्पादन घरधुरी स्तरमा अन्य प्रदेशको तुलनामा कम देखिन्छ। ब्यावसायिकरुपमा कुखुरा पालनको शुरुआत भएको छ। दुग्ध उत्पादन र बाख्रापालनले व्यवसायिक रूप धारण गरेको पाईन्छ। माहुरीपालन सर्लाही जिल्लामा फष्टाएको छ। दुध र मासुको उत्पादनले प्रदेशको माग पूरा भएको छ भने दुग्धपदार्थ अन्य प्रदेशका लागि निर्यात गरिन्छ। पशुहरु मध्ये गाइ, भैंसी, बाख्रा, भेंडा र बंगुर प्रमुख हुन् भनें हाँस र कुखुरा प्रमुख घरपालुवा पंक्षी हुन्। हाल यस प्रदेशमा गाई, भैंसी, भेडा र वाख्राको क्रमशः ११ लाख ९००, ७ लाख ८० हजार ४७, सात हजार सात सय ३६ र १५ लाख ५३ हजार ४४० वटा र सुंगुर/वंगुर ९५ हजार ३३७ संख्यामा पालन गरिएका छन भनें कुखुरा र हांस क्रमशः ४३ लाख तीन हजार आठ सय ५० संख्यामा पालन गरिएका छन। यस प्रदेशमा आ.व. ०७५/७६ मा दुध, मासु, उन र अण्डाको उत्पादन क्रमशः दुई लाख ९४ हजार २०० मे.टन, ४६ हजार ९०० मे.टन, पांच हजारचार

सय मे.टन र नौ करोड १२ लाख ८८ हजार गोटा रहेको छ। हाल यस प्रदेशमा ४११ कृषि तथा पशु हाट बजार केन्द्र, ८० वटा कृषि उपज संकलन केन्द्र र ३४ वटा थोक बजार रहेका छन।

### प्रमुख समस्या

पशुपंक्षी पालन अझै परम्परागत रहेको र ब्यावसायिक उत्पादनका लागि आवश्यक श्रमशक्ति उपलब्ध हुनसकेको छैन। आयातीत दाना सस्तो र सरल उपलब्ध भएको कारणले दाना आयात गर्नु पर्ने स्थिति छ। एभियन एन्फ्लुन्जा र भारतबाट भित्रिने गैरकानूनी चल्लाका कारण लगानी सुरक्षित मानिएको छैन।

### चुनौती तथा अवसर

पशु तथा पंक्षी पालनबाट ब्यावसायिक तवरले उत्पादन गर्नका लागि ग्रामीण उद्यमीलाई कसरी आकर्षित गर्ने भन्ने मूख्य चुनौती रहेको छ।

तुलनात्मकरुपमा कम आहारा आपूर्ति सानो चरण क्षेत्रमा व्यवस्थापन गर्न सकिने बाख्रा पालनका लागि चुरेको दक्षिणी भागमा रहेको क्षेत्र बढी उपयुक्त छ। दुध उत्पादनका लागि मधेशका समुदायमा परम्परागत ज्ञान र सीप छ। मासुको उत्पादन लगायत अन्य प्रोसेसिंग सम्बन्धी कामका लागि आवश्यक जग्गा र पानीको स्रोत उपलब्ध छ। यिनको प्रयोगबाट बर्तमान उत्पादन दोब्बर गर्न सकिने अबसर छ।

### क्षेत्रगत सोच

चुरिया निकट दक्षिणवर्ती क्षेत्रमा साना पशुको व्यवसायिक पालन र पूर्वपश्चिम राजमार्ग दक्षिण क्षेत्रमा सघन दुग्ध उत्पादन बिस्तार गर्ने।

### लक्ष्य

पशु तथा पंक्षीजन्य उत्पादन बढाइ अन्तरप्रदेश निर्यात बढाइएको हुने।

### उद्देश्य

- दैनिक खाद्यसूचीमा पशुपंक्षीजन्य मासु तथा दुग्ध पदार्थको उपभोग परिमाण बढाउनु।
- व्यवसायिक एवं आधुनिक पशुपंक्षी पालनबाट उत्पादनमा आत्मनिर्भर बन्नु।
- पशुपंक्षीजन्य मासु तथा दुग्धपदार्थको उपभोगबारे शैक्षिक चेतना बढाउनु।

### रणनीति

- न्यून आयवर्गका समुदायलाई व्यवसायिक रुपमा पशुपंक्षीजन्य मासु तथा दुग्ध पदार्थको उत्पादनमा संलग्न गराउने।
- पशुपंक्षी व्यवसायको बीमाका लागि अनुदान दिने।
- अण्डा, चल्ला आदिको गैरकानूनी आयातमा कडाइ गर्ने।

### कार्यनीति

- व्यवसायिक पशुपंक्षी उत्पादनममा उच्च मूल्य पर्ने स्थानीय नस्ल तथा नवीनतम पशुपंछी पालन प्रविधि अपनाउने र व्यवसायिक पशुपंक्षी पालनलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ।
- पशुपंक्षीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरु र घाँस खेतीको प्रर्वद्धन गरी गुणस्तरिय पशुआहाराको उत्पादन बढाइनेछ।
- साना चरण क्षेत्र तथा बाँझो जमिनलाई अस्थाइ पशु आश्रयस्थलका रुपमा विकास गरिनेछ।
- पशुस्वास्थ्य उपचारको लागि भेटेनरी अस्पाताल, भेट एम्बुलेन्सका साथै पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला तथा पशु सेवा केन्द्रहरूको पहुँच विस्तार गरिनेछ।
- दुग्ध उत्पादन खेर नजाओस भन्नाका लागि मिठाइ पाउडर र अन्य दुग्ध पदार्थ बनाउने साना उद्योगहरुलाई सहयोग गरिनेछ।
- पशु वीमालाई प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गरिनेछ।
- प्रदेशका रैथाने घर पालुवा पशुपंक्षी तथा तिनका जंगली प्रजातिको आनुवांशिक श्रोत संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

### अपेक्षित प्रतिफल

उन्नत जातका पशुपंक्षी पालनमा क्रमशः वृद्धि भएको हुने, वार्षिक ५ प्रतिशतका दरले पशुपंक्षीजन्य उत्पादन वृद्धि भई दुध, मासु, उन र अण्डाको उत्पादन क्रमशः तीन लाख ७५ हजार चार सय ८० मे.टन, ५९ हजार आठ सय ६० मे.टन, ६ हजार नौ सय मे.टन र ११ करोड ६५ लाख नौ हजार गोटा पुगेको हुनेछ।

## ४.४ मत्स्यपालन

### विद्यमान अवस्था

नेपालमा करिब ६ हजार नदीनाला (जलाशय क्षेत्र ३,९५,००० हेक्टर) तथा निजी पोखरीको कूल क्षेत्रफल ५,१३१ हेक्टर रहेको छ। माछाको भण्डारको रुपमा नेपालको कूल माछा उत्पादनको करीब ३५प्रतिशत उत्पादन यस प्रदेशमा हुन्छ। आर्थिक वर्ष २०७५।७६ मा प्रदेशभर ३५ हजार ५०९ मे टन माछा उत्पादन भएको छ भनें प्रतिव्यक्ति माछा उत्पादन ५.८६ केजी रहेको छ।

नेपालमा मत्स्यपालन प्राकृतिक तथा निजीस्तरमा रहेका जलाशयहरूमा गरिन्छ। माछापालनका लागि आवश्यक पोखरी, ताल, नदी, धान खेत तथा अन्य जलाशयहरूका लागि धनी यस प्रदेशमा व्यावसायिक रूपमा पालिने माछाहरू हाल ७ प्रकारका रहेका छन्, जसमध्ये ३ स्वदेशी र ४ विदेशी जातका छन्। नेपालमा पाईने २१५ भन्दा बढी जातका माछाहरू मध्ये यस प्रदेशमा रहु, नैनी, भाकुरलाई व्यावसायिक रूपमा पालिन्छ। कमन कार्प, सिल्भर कार्प, ग्रास कार्प, विगहेड कार्प, शहर, कत्ला र मागुर माछाहरूलाई पनि कृत्रिम जलाशयमा पालन गरिन्छ।यस प्रदेशमा आ.व. ०७५/७६ मा १८ हजार ९८ मत्स्य पोखरी, ६२ वटा माछा भूरा उत्पादन फर्म, एक एक वटा मत्स्य दाना उत्पादन केन्द्र र मत्स्य बजार सूचना केन्द्र रहेको अवस्था छ।

### प्रमुख समस्या

मत्स्यपालन व्यवसाय नीतिगत रुपमा प्रथमिकतामा नपरेको र ब्यवसायिक तवरमा उत्पादन वृद्धि हुन नसक्नु नै मूख्य समस्या हो।

### चुनौती तथा अवसर

प्रदेशभर रहेका परम्परागत पोखरी र तालहरुमा माछाको व्यवसायिक उत्पादन बढाउनु ठूलो चुनौती रहेको छ।माछाको प्रशोधन प्याकेजिङ कार्य र शीत भण्डारमा भण्डारण सुविधा नहुनु जस्ता चुनौतीहरु रहेका छन्। माछा उत्पादन गर्ने उद्यमीहरुलाई राज्यबाट आवश्यक सुविधा उपलब्ध हुन नसकेकोले उत्पादन लागत उच्च भएको र सोबाट आयात प्रतिस्थापन गर्न गाह्रो भएको छ।

राष्ट्रिय रुपमा माछाको उपभोग बढदै गएको छ। मधेशका जिल्लाहरुमा मत्स्यपालन व्यवसायलाई बढाउन सक्ने पोखरी ताल तलैयाहरु रहेका छन। मत्स्य विकासका लागि जनकपुरधाममा मत्स्य मानव संशाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्र रहेको छ।

## क्षेत्रगत सोच

माछा पालनबाट जनताको जीवनस्तरमा सुधार भई आर्थिक समृद्धि हासिल हुने ।

## लक्ष्य

मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धिद्वारा प्रदेश आत्मनिर्भर भई निर्यात प्रबर्द्धन भएको हुने।

## उद्देश्य

- आधुनिक र व्यवसायिक माछापालन विस्तार गरी उत्पादकत्व वृद्धि गर्नु।
- जलाशयहरुको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी तिनको प्रयोग माछा तथा जलचरहरुको उत्पादनमा उपयोग गर्नु।

## रणनीति

- मत्स्यजन्य उत्पादनका लागि प्रयोग भइआएका जलाशयहरुको स्तरोन्नति गर्ने।
- उत्पादित माछाको बजार प्रवर्द्धनमा सहयोग पुर्याउने।
- मत्स्य पालनलाई प्रतिस्पर्धी व्यवसाय बनाउन एकीकृत प्रविधियुक्त व्यवस्थापन विस्तार गर्ने।

## कार्यनीति

- माछा पकेट क्षेत्रलाई प्राथमिकताका साथ विस्तार गरिनेछ।
- प्राकृतिक, सार्वजनिक तथा निजी तालतलैयाको संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गरिनेछ।
- कृषि उपयोग हुन नसक्ने जग्गा करारमा लिन कृषकको खेतीयोग्य जग्गा कोलेटरल राख्न सकिने व्यवस्था गरिनेछ।
- मत्स्य पर्यटन विस्तार हुनेगरी ब्यवसायिक मत्स्य पालन फर्मलाई प्रोत्साहित गरिनेछ।
- माछा व्यवसायलाई जोखिममुक्त बनाउनको लागि बीमा नीति ल्याइनेछ।
- प्रदेशस्थित संघीय मत्स्य मानव संशाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्रमा रहेको विज्ञतालाई उपयोग गरिनेछ। साथै यस केन्द्रलाई मत्स्य अनुसन्धान केन्द्रको रुपमा विकास गरी प्रदेश मातहतमा ल्याइनेछ।
- सरकारी, सहकारी तथा निजी स्तरमा समेत मत्स्य बीज स्रोत केन्द्र स्थापना गरी सहज रुपमा माछा भूराहरू उपलब्ध गराइनेछ।

- माछा भण्डारणको लागि शीत भण्डार निर्माणमा सहयोग गरिनेछ।
- माछाको दाना बनाउने कारखानाहरुको स्थापना गरिनेछ।
- स्थानीय माछाहरुमा टेंग्रा, गैंचा, पोठीया आदिको ब्रिडिंग, उत्पादन प्रबर्द्धन तथा संरक्षण गरिनेछ।
- प्रदेशमा प्रजनन्, ह्याचरी ,प्रशोधन, प्याकेजिंग गरी प्रदेश नं २ को नाममा ब्राण्डिङ्ग गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा २१ हजार ३०० मत्स्य पोखरी तथा ८० वटा माछा उत्पादन फर्मद्वारा ६६ हजार मे.टन माछा उत्पादन भई प्रतिव्यक्ति उत्पादन १० के.जी. पुगेको हुनेछ।

## ४.५ सहकारी

### विद्यमान अवस्था

स–सानो रूपमा गाउँ शहरमा छरिएर रहेको रकमलाई जम्मा गरी आर्थिक कारोबार गर्दै केही मात्रामा रोजगारी प्राप्त गर्ने र पूँजी परिचालन गरी आर्थिक अवस्था समेत सुधार्ने र आर्थिक वृद्धिदर बढाउन सहकारी संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ। थोरै–थोरै बचत गरेर ठूलो धनराशी निर्माण गरी स्वरोजगारी सिर्जना गर्ने तथा गाई भैंसी पालन, कुखुरा पालन, बंगुर पालन, बेमौसमी तरकारी खेती, फलफूल तथा च्याउखेती जस्ता आयमूलक व्यवसाय गरी व्यक्ति तथा परिवारको आर्थिक अवस्था उकास्न सहकारी संस्था महत्वपूर्ण सावित भएको छ। देशभर २६ हजार भन्दा बढी सङ्ख्यामा रहेको सहकारी संस्थाबाट कूल गार्हस्थ्य उत्पादनमा ३प्रतिशत योगदान गरेको छ। आ.ब. ०७५/७६ मा प्रदेशमा आधाघंटाको दुरीमा सहकारीको पहुंचमा रहेको परिवार ३०.०८ प्रतिशत, कूल पुंजी परिचालन १६ अरव २८ लाख ६६ लाख रहेको र कूल ५८५७ सहकारी संस्थाहरु दर्ता भएका र त्यसमा ६ लाख ५८ हजार ४९ सदस्य रहेका छन। सबै भन्दा बढी कृषि सहकारी संस्थाको संख्या २४६७ (४२ प्रतिशत) र सबभन्दा कम तरकारी तथा फलफूल सहकारी संस्थाको संख्या ६(०.००१२ प्रतिशत) मात्र रहेको छ। यसै गरी वचत तथा ऋण सहकारी संस्थाको संख्या १८६८ (३२ प्रतिशत) , बहुउद्देशीय ४३९ (८ प्रतिशत), दुग्ध सहकारी २८६ (५ प्रतिशत) , उपभोक्ता सहकारी ४६० (८ प्रतिशत), विद्युत सहकारी ११, मौरी पालन ८, संचार १४, स्वास्थय १८,

ऊखु ४८(१ प्रतिशत) र अन्य २३२ रहेको छ। प्रदेशमा सहकारी क्षेत्रवाट १७ हजार ५ सय ७१ जनाले प्रत्यक्ष रोजगारी पाएका छन।

## प्रमुख समस्या

सहकारी सिद्धान्त तथा मर्म र मूल्यको अपब्याख्या गरी नियम सङ्गत ढङ्गले नचल्नु नै सहकारी क्षेत्रको प्रमुख समस्या हो। व्यक्ति र परिवारको सोच हावी भइ संचित पूँजी उत्पादनशील क्षेत्रमा लगानी हुन सकेको छैन। गरिवी निवारणसँग जोडिएका कार्यक्रम अझै सहकारी मार्फत् परिचालन गर्ने योजना बन्न सकेको छैन।

## चुनौती तथा अवसर

सहकारीहरुलाई बैंक तथा अन्य वित्तीय सङ्घसंस्थाहरू नरहेको ग्रामीण इलाकामा पुर्‍याउनु प्रमुख चुनौती भएको छ। प्रचलित सहकारी ऐनमा समय सापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी सङ्घ संस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन सकिएको छैन।

संघीय संरचना अनुरुप सहकारी संस्था नियमन र प्रवर्द्धन गर्न पर्याप्त कानूनको समयमा नै व्यवस्था गर्नु, बचत तथा ऋण परिचालन गर्ने सहकारी संस्थाहरूको पर्याप्त नियमन गर्नु र सहकारीहरूलाई व्यवसायिक बनाउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

अत्यधिक संख्यात्मक रुपमा उपस्थति रहेको, सर्वसाधारणको सहकारीमा आबद्धता बढ्दै गरेको, र संविधानले तेस्रो आर्थिक खम्बाको रुपमा सहकारीलाई स्वीकारेकोले यो आर्थिक एवम् वित्तीय लगानीको एक प्रमुख माध्यम हुन सक्ने अवसर रहेको छ।

सहकारीका सदस्यहरुमा उच्च जागरुकता छ। सहकारी संस्थाका प्रत्येक सदस्य र कर्मचारीहरुलाई सहकारी मूल्य, मान्यता र सिद्धान्तबारे राम्रो जानकारी छ। सहकारीका सदस्यहरुमा सङ्घ–संस्था दर्ता एवम् सञ्चालन पद्दतीका बारेमा राम्रो जानकारी छ।

## क्षेत्रगत सोच

प्रदेश अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका मजबुत हुने।

## लक्ष्य

सहकारीको क्षमता विकास भई सहकारीमा रहेको निस्कृय पूँजी परिचालन भएको हुने।

### उद्देश्य

- कृषि तथा साना औद्योगिक व्यवसायिक उत्पादनशील क्षेत्रमा सहकारीहरूलाई प्रोत्साहित गर्नु।
- कूल गार्हस्थ्य उत्पादनमा रहेको वर्तमान ३ प्रतिशत योगदानलाई बढाउँदै लैजानु।
- सहकारीको आर्थिक भूमिका प्रबर्द्धन गर्नु।

### रणनीति

- सहकारीलाई उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिने।
- गरिवी निवारणसँग जोडिएका कार्यक्रम लक्षित बर्गसम्म पुऱ्याउन सहकारी मार्फत् परिचालन गर्ने।

### कार्यनीति

- कृषि उद्योग, पर्यटन, सेवा लगायतका क्षेत्रहरु सहकारी प्रणालीबाट प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने गरी ऐन एवम् नीति नियमहरुको निर्माण, संशोधन तथा सरलीकृत गरिनेछ।
- प्रदेश सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ।
- सहकारी संस्था नियमन र प्रर्वधन गर्न आवश्यक प्रदेश कानून निर्माण गरिनेछ।
- सहकारी संस्थाले उद्देश्य अनुरुप कार्य गरे नगरेको अनुगमन र प्रदेश सरकारका निकायहरुमा प्रतिबेदन दिनुपर्ने नीतिगत व्यवस्था गरिनेछ।
- सहकारी उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ।

### अपेक्षित प्रतिफल

सहकारी संस्थाहरू आर्थिक गतिविधिहरूका मार्फत प्रदेश आर्थिक विकासका सहयोगीका रुपमा रहेका हुनेछन। योजनाको अन्त्य सम्ममा ७५ प्रतिशत परिवारको आधा घंटाको दुरी भित्र सहकारीको पहुंच पुगेको हुने, कूल पुंजी परिचालन ४४ अरव पुगेको हुने, सहकारीमा आवद्ध सदस्य संख्या आठ लाख चार हजार पुगेको हुनेछ।

## ४.६ भूमि व्यवस्थापन

### विद्यमान अवस्था

जग्गा प्रशासन र भूमिकर सङ्कलन मालअड्डामा गई घरजग्गाको रजिष्ट्रेशन पारित गर्ने कार्यको शुरुवात वि. सं. १९७९ साल वैशाख १ गते भएको थियो। भूमिको समुचित व्यवस्थापन गर्ने क्रममा नेपालमा वि. सं. १९८५ देखि वि. सं. १९९० सम्ममा जग्गा नापजाँच गर्ने कार्य भएको थियो। वि. सं. २०१८ साल देखि जग्गा प्रशासनको लागि सबै जिल्लामा मालअड्डाहरु स्थापना गरिएको पाइन्छ। भूमि प्रशासनलाई व्यवस्थित गर्न भूमि सम्बन्धी ऐन, २०३३ मा गुठी संस्थान ऐन तथा २०३४ मा मालपोत ऐन जारी भई कानूनी तथा संस्थागत व्यवस्था भएको पाईन्छ। प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्था बाट सुरक्षित हुने हक र कानून बमोजिम खाद्य सम्प्रभुताको हक तथा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था' संविधानमा उल्लेख छ। यी अधिकारको प्रत्याभूतिका लागि आधारभूत काम भूमि व्यवस्थापन हो। नेपालमा अझै पनि ६४ प्रतिशत जनसङ्ख्याको निर्वाहमुखी रोजगारी र जीविकोपार्जनको स्रोत कृषि भूमि रहिआएको छ।

### प्रमुख समस्या

भूउपयोग नीति, नक्सांकन र वर्गीकरण नहुनु र मोहियानी हक कायम हुने भयले जग्गाधनीहरु कृषि उत्पादन योग्य जग्गा बाँझो रहनु प्रमुख समस्या हो। मोही र जग्गाधनी बीचको विवादको समाधान नहुनु पनि उत्पादन नबढ्नुको एउटा कारण हो।

टुक्रा-टुक्रा जग्गामा भइरहेको खेती र कृषिमा अपेक्षित आकर्षण नभएकोले पनि उत्पादन प्रभावित भएको छ।
नापनक्सा तथा भौगोलिक सूचना सँग सम्वन्धित नीति नियम र मापदण्डको समेत तर्जुमा नभएको हुँदा सम्वन्धित क्षेत्रहरूबीच संजालीकरण र समन्वयमा समस्या देखिएको छ।

### चुनौती तथा अवसर

सरकारी जग्गा, सार्वजनिक जग्गा, गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतका सबै जमिन भूमि व्यवस्थापनको नयाँ भूउपयोग सम्बन्धी नीति तय गरी व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ।

साना किसान लगायतका खण्डीकरण भएका जग्गाहरूको पनि उचित नीति तय गरी चक्लाबन्दी गर्दै भूमिको उत्पादकत्व र श्रमको उत्पादकत्वमा विकास गर्नु चुनौतीपूर्ण छ।

भूमिसम्बन्धी अव्यवस्थाले गर्दा कृषि योग्य भूमिको रक्षा र बस्ती व्यवस्थापनको साथै समग्र भूमिको व्यावहारिक उत्पादन व्यवस्थापन गम्भीर चुनौती हो।

प्रदेशले भूमिसम्बन्धी नीति बनाइ भूमि व्यवस्थापन गर्ने अबसर प्राप्त गरेको छ।

### क्षेत्रगत सोच

बैज्ञानिक भूमि व्यवस्थापन सहित भूमिको समुचित उपयोग ।

### लक्ष्य

उर्बर कृषिभूमिको रक्षा हुनेगरी भूउपयोग भएको हुने।

### उद्देश्य

उत्पादन र उत्पादकत्व वृद्धिका लागि भूमिको सही उपयोग गरी कृषकलाई लाभान्वित गर्नु।

### रणनीति

भूमि व्यवस्थापनका कार्यक्रम प्रभावकारी रुपमा परिचालन गर्ने।

### कार्यनीति

- भूउपयोग योजना तर्जुमा र भूमिको बर्गीकरण गरिनेछ।
- कृषि योग्य जग्गाको संरक्षण गरिनेछ।
- नयाँ बन्ने शहरी क्षेत्र तथा वस्ती विकास गरिंदा एकीकृत बस्तीलाई जोड दिइनेछ।
- भूमिहिनका लागि सुरक्षित आवास कार्यक्रममा बाह्य सहयोग परिचालन गरिनेछ।
- करार, सामूहिक तथा व्यवसायिक खेती गर्नेलाई प्रोत्साहन गरिनेछ।
- भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गरिनेछ।

- सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोक्न खुला पार्कहरू बनाउन सहयोग गरिनेछ।

**अपेक्षित प्रतिफल**

योजना अवधिको अन्त्य सम्ममा ४० वटा स्थानीय तहमा भू उपयोग नीति लागू भएको हुने, ८० वटा स्थानीय तहको भू उपयोग सहितको वैज्ञानिक नक्सांकन एवं विद्युतीय अभिलेख तयार भएको हुने, मालपोत र नापी कार्यालयहरुमा भू-सूचना प्रणाली स्थापना भई भूमिको वैज्ञानिक व्यवस्थापन भएको हुने र गुठी जग्गाको व्यवस्थित विद्युतीय अभिलेख तयार भई संरक्षण भएको हुनेछ।

## ४.७ उद्योग

**विद्यमान अवस्था**

देशको कूल औद्योगिक उत्पादनमा प्रदेश नं २ को योगदान २४.० प्रतिशत रहेको छ। तिव्रत्तर आर्थिक वृद्धिमा उद्योग विकासको ठूलो भूमिका हुने गर्दछ। औद्योगिक नगर विरगंज यसै प्रदेशमा छ। यहाँ विरगंज –पथलैया कोरिडोरमा धेरै ठुला उद्योगहरु संचालित छन। आ.व.०७५/७६मा यस प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १३ प्रतिशत रहेको, उद्योग क्षेत्रको गार्हस्थ्य उत्पादन ५७ अरव ७८ करोड रहेको, औद्योगिक क्षेत्रको आर्थिक वृद्धि दर ११.१ प्रतिशत रहेको, औद्योगिक क्षेत्र २, करिडोर २ र विशेष आर्थिक क्षेत्र १ रहेको, औद्योगिक क्षेत्रमा संलग्न जनशक्ति ८२ हजार तीन सय १६ रहेको, ठुला र मझौला उद्योगको संख्या क्रमशः: १३५ र २२५ रहेका छन भनें साना तथा घरेलु उद्योगको संख्या १२ हजार ८२ रहेको छ।

नेपालको संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार र सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। प्रदेशको कार्यक्षेत्र भित्र :

- कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, औद्योगिक व्यवसाय प्रवर्द्धन र नियमन,
- उद्योग दर्ता, अनुमति,नवीकरण, खारेजी एवम् नियमन,
- प्रदेश स्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार,
- औद्योगिक भौतिक पूर्वाधार विकास सम्वन्धी योजना र कार्यान्वयन,
- औद्योगिक विकास र प्रवर्द्धन,

- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, र
- प्रादेशिक सार्वजनिक संस्था एवम् संस्थानको विकास, औद्योगिक विकास र प्रवर्द्धन तथा नियमन।

सन् २०३० सम्ममा कूल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५प्रतिशत र उत्पादनमुलक उद्योगहरूले कूल रोजगारीमा १३प्रतिशत योगदान दिनुपर्ने दिगो विकासको लक्ष्य रहेको छ।

कृषिमा आधारित उद्योगका कच्चा पदार्थ उत्पादनका लागि प्रचुर उर्बरा जग्गा उपलब्ध छ। निकासी र निर्यात ब्यापारका लागि छोटो दुरीमा भारतीय बजार उपलब्ध छ। रेल्बे लगायत स्थल तथा हवाई यातायात परिवहन सञ्जाल उपलब्ध छ। यस प्रदेशमा आर्थिक रुपले सकृय जनसङ्ख्या बढी छ।

उद्यम प्रबर्द्धन, साना किसान तथा उत्पादकका लागि रोजगारीका अवसर सृजनाका लागि ग्रामीण उद्यम तथा विप्रेषण आयोजना "समृद्धि" पर्सा बाहेक प्रदेशका सबै जिल्लामा संचालित छ। यसैगरी यस प्रदेशका पर्सा, वारा, रौतहट र सर्लाही जिल्लामा बैदेशिक रोजगारबाट फर्केकाहरुका लागि उद्यम सम्बन्धी कार्यक्रम "इलम" संचालित छ।

**प्रमुख समस्या**

माग अनुरुप उर्जा तथा विभिन्न कच्चा पदार्थको आपूर्ति कम हुनुका साथै प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय बस्तुहरुको उत्पादन हुन नसक्नु समस्या रहेको छ। वित्तीय संस्थाहरु न्यून हुनु पनि समस्या हो। बैंकको उच्च ब्याजदर र दर्ता प्रक्रिया जटील रहेका छन। उद्योगलाई चाहिने कच्चापदार्थको उपलब्धता कम छ। स्थानीयस्तरमा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग स्थापना नहुनु तथा भएका उद्योगहरुमा आवश्यक मात्रामा कच्चापदार्थको उपलब्धता नहुनु समस्याको रुपमा रहेको छ।

## चुनौती तथा अबसर

स्वदेशी लगानीमा औद्योगिक उत्पादनमा वृद्धि गर्ने काम चुनौतीपूर्ण छ। उद्योगका लागि आवश्यक जग्गा उपलब्धता सहज बनाउने र उद्योग दर्ता र नियमन प्रभावकारी बनाउन सकिएको छैन। स्थानीय कच्चा पदार्थमा आधारित एवम साना तथा घरेलु उद्योगलाई मझौला तथा ठूला उद्योगको उत्पादन प्रक्रियासँग जोडने काम चुनौतीपूर्ण छ।

विशेष आर्थिक क्षेत्रमा काष्ठ र गैरकाष्ठ औद्योगिक उत्पादन वृद्धि तथा निर्यात प्रबर्द्धनका लागि विशेष आर्थिक क्षेत्र र स्वतन्त्र ब्यापार क्षेत्र स्थापना गर्न सकिन्छ। जनकपुरधाममा रहेको रेल्बे भारतको प्रमुख शहरहरुसँग जोड्न सकिन्छ। साथै स्थल, जल तथा हवाई मार्ग सँग भारतको औद्योगिक शहरहरु जोड्न सकिन्छ। वनजन्य उत्पादनकै अबस्थालाई हेर्दा फलफूल तथा तरकारी बालीमा आधारित उद्योग, जडिवुटी प्रशोधन केन्द्र, प्राङ्गारिक मल उत्पादन, बन्द भएका कलकारखाना पुन सञ्चालन, शीत भण्डारको निर्माण आदि अबसर हुन। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र निजगढ काठमाडौं फास्ट ट्र्याकबाट व्यापार प्रबर्द्धनमा सहयोग पुग्ने देखिन्छ। कोशी र वागमतीमा जल यातायात सेवाको सम्भावना छ। उपयुक्त नीतिको माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता बढाइ क्षेत्रलाइ औद्योगिक प्रबर्द्धन गर्ने अवसर उपलब्ध छ।

### क्षेत्रगत सोच

आधुनिक उद्योग कलकारखाना स्थापना भई कृषिमा आधारित उद्योग तथा सेवा क्षेत्रको विकास द्वारा प्रदेशको गरिबी न्यूनीकरणमा योगदान हुने।

### लक्ष्य

औद्योगिक उत्पादन लागत **न्युन गरि** प्रतिव्यक्ति उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय र रोजगारका अबसरमा वृद्धि भएको हुने।

### उद्देश्य

- प्रदेशस्तरमा औद्योगिक विकासका लागि आवश्यक नियमनकारी संरचनाहरुको निर्माण गर्नु।
- लगानी अनुकूल वातावरण तयारीका लागि भौतिक पूर्वाधारहरुको निर्माण र बिस्तार गर्नु।
- कुटिर तथा साना उद्योगको प्रबर्द्धन गर्नु।
- प्रमुख औद्योगिक क्षेत्रहरु सँग जोडिने क्षेत्रमा पूर्वाधारको थप लगानी गर्नु।

### रणनीति

- प्रदेशको औद्योगिक विकासका लागि आवश्यक ऐन कानूनको निर्माण र तर्जुमा गर्ने।

- औद्योगिक पूर्वाधारको रुपमा रेल, सडक, जल तथा हवाई यातायात प्रणालीको विकास गर्ने।
- सीमाना भन्सार कार्यालयको को भौतिक पूर्वाधार सुधार र पारवहन प्रक्रिया सरलीकरण गर्न संघीय सकरार सँग सहकार्य गर्ने।
- लघु घरेलु तथा साना उद्योगको संभावित पकेट क्षेत्र पहिचान गर्ने ।
- राष्ट्रिय महत्वका र निर्यात सम्भावना भएका बस्तु उत्पादन र विकासका लागि सहयोग गर्ने।
- नेपाल व्यापार एकीकरण रणनीति अनुरुप पहिचान भएका बस्तु तथा सेवाहरु मध्ये उत्पादन सम्भाव्य बस्तु प्रवर्द्धन गर्ने।
- उद्योगहरुको प्रवर्द्धनमा Market system development को अवधारणामा काम गर्ने।
- निजी क्षेत्रका सेवा प्रदायकहरुको पूँजी तथा सीपलाई उपयोग गर्दै सोझै उद्यमी माझ पुऱ्याउन साना उद्यमहरुका लागि Business clinic को अवधारणामा काम गर्ने।

## कार्यनीति

- प्रदेश अनुकूल प्रादेशिक औद्योगिक नीति बनाइ लागू गरिनेछ।
- कृषिमा आधारित उद्योगहरुको प्रवर्द्धन गरिनेछ।
- घरेलु तथा साना उद्योग र लघु उद्यमको लागी छुट्टै नीति बनाइनेछ।
- लगानीका लागि सम्भाब्य योजनाको तर्जुमा गरी प्राथमिकीकरण गरी आयोजना बैङ्क निर्माण गरिनेछ।
- औद्योगिक नीतिमा बिशेष सुबिधाहरुको व्यवस्था गरी महिला उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- औद्योगिक नीतिबाट प्रदत्त सुबिधाहरु सुनिश्चित गरिनेछ।
- सिमेन्ट उद्योग विस्तार गरिनेछ।
- प्रदेशस्तरीय विशेष आर्थिक क्षेत्र स्थापना गरिनेछ।
- हरेक जिल्लामा एक उद्योग ग्राम स्थापना गरिनेछ।
- उद्योगले प्रदान गर्ने रोजगारीको आधारमा सुबिधा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।
- कृषि औद्योगिकरणलाई सघाउ पुग्ने गरी घरेलु तथा साना उद्योगहरुलाई प्राथमिकता दिइनेछ।

- जोखिममुक्त व्यवसायको स्थापनाका लागि Venture Capital Fund स्थापना गरिनेछ।
- उत्पादकहरुलाई राष्ट्रिय अन्तर्राष्ट्रिय मेला उत्सवहरुकमा सहभागी गराउन प्रोत्साहन गरिनेछ।

## अपेक्षित प्रतिफल

आवधिक योजनाको अन्त्य सम्ममा विशेष आर्थिक क्षेत्र २, औद्योगिक ग्राम ८, औद्योगिक क्षेत्र ६ र औद्योगिक करिडोर ११ वटा स्थापना भएका हुने, ठुला र मझौला उद्योगको संख्या क्रमशः २७५ र ५०० एवं साना तथा घरेलु उद्योग १८००० वटा पुगेका हुने र एक लाख पांच हजार ५८ जनशक्ति संलग्न रहेका हुनेछन। यसवाट योजनाको अन्तिम वर्ष औद्योगिक क्षेत्रको गार्हस्थ्य उत्पादन एक खरव पांच अरव ९६ करोड पुगी कूल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १५.५ प्रतिशत पुगेको हुनेछ।

## ४.८ वाणिज्य तथा आपूर्ति

## विद्यमान अवस्था

व्यापार घाटा अहिले देशको एउटा प्रमूख समस्या हो। यो समस्या गम्भिर र झनझन बढदो छ। बैदेशिक व्यापार संघीय सरकारको कार्यक्षेत्र भित्र परे तापनि प्रदेशले आफ्नो प्रदेश भित्र आयात प्रतिस्थापन र निकासीजन्य बस्तुहरुको उत्पादन बढाइ व्यापार घाटा न्यून गर्न योगदान पुऱ्याउन सक्छ। नेपालको बैदेशिक व्यापारको मूल द्वार यसै प्रदेश नं २ को विरगंजमा पर्दछ। प्रदेशमा विकास हुने पूर्वाधारबाट देशको बैदेशिक व्यापार प्रवर्द्धनमा ठूलो सघाउ पुग्न जान्छ। प्रदेशको व्यापारको स्थिति हेर्दा आ.व. ०७५/७६ मा थोक तथा खुद्रा व्यापारको योगदान प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा १३.२६ प्रतिशत रहेको, ७४ हजार दुई सय २२ वटा व्यापारिक प्रतिष्ठान रहेको र यसक्षेत्रमा एक लाख ३४ हजार सात सय तीन जनाले रोजगारी पाएका छन। निजगढ –काठमाडौं द्रुत मार्ग र अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणबाट वैदेशिक व्यापारको पारवहन समय र लागतमा कमी आइ नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुनेछ। संविधानले प्रदेश भित्रको व्यापार प्रदेशको अधिकार सूची भित्र राखेको छ। त्यस्तै सङ्घ र प्रदेशको साझा सूचीमा आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन रहेको छ।

प्रदेशको अधिकार क्षेत्रमा निम्न विषयहरु परेका छन।

- व्यापार/बाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
- प्रदेशभित्रको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन,
- ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- व्यापार सम्वन्धी सिन्डिकेट, कार्टेलिङ्ग नियन्त्रण र प्रतिस्पर्धा सम्बन्धी नीति तथा कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- वस्तु, सेवा र बौद्धिक सम्पत्ति सम्वन्धी व्यापार, व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,
- प्रदेशस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्ति सम्वन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति।

## प्रमुख समस्या

व्यापारिक गतिविधीहरु विस्तार भए पनि बजारमा गुणस्तरीय वस्तुहरु सुपथ मूल्यमा उपलव्ध नहुनु, एकातर्फ पर्याप्त आन्तरिक उत्पादन नहुनु र अर्कोतर्फ कतिपय आन्तरिक रुपमा उत्पादित वस्तुहरूको भरपर्दो बजार उपलब्ध नहुनु, सर्वसाधारण जनताहरु नठगिने गरी मूल्यसूची नराख्ने गर्नु र वील जारी नगर्ने प्रवृति हावी रहनु यस क्षेत्रका समस्याहरू हुन्।

## चुनौती र अवसरहरू

प्राकृतिक कारणबाट समय समयमा आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने विचौलियाहरूको बोलबाला कम गर्नु, गुणस्तरीय वस्तुहरूको उपलब्धता र उपभोक्ताहरूको हकहित संरक्षण गर्नु आपूर्ति क्षेत्रका चुनौतीहरू हुन्।

आन्तरिक व्यापारिक गतिविधि र सडक सञ्जालको विस्तारले गर्दा आपूर्ति व्यवस्थापन गर्न सहज हुदै गएको, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र अन्य केही ठूला आयोजनाहरू निर्माण भइरहेकोले यस प्रदेशमा व्यापारका गतिविधिहरू बढ्दै गएको, स्थानीय बजारहरू व्यापारिक केन्द्रको रुपमा विस्तार हुँदै जाने हुनाले व्यापार र आपूर्ति गर्न सहज हुने अवसर रहेको छ। यस प्रदेशमा बजारको आकार ठूलो रहेकोले उद्योग बाणिज्य फष्टाउन टेवा पुग्नेछ। कृषिजन्य उत्पादनमा विविधता रहेकोले उद्योग बाणिज्यका लागि यो ठूलो अवसर हो।

## क्षेत्रगत सोच

वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्तिको व्यवस्था मार्फत आर्थिक समृद्धिमा सहयोग।

## लक्ष्य

प्रादेशिक व्यापार प्रर्वद्धन गरी गुणस्तरीय वस्तुहरुको सर्वसुलभ रुपमा आपूर्तिको व्यवस्था भएको हुने।

## उद्देश्य

- व्यापारिक गतिविधि विस्तार र अत्यावश्यक बस्तुहरुको सर्वसुलभ र गुणस्तरीय रुपमा आपूर्ति गर्नु।

## रणनीति

- भौतिक पूर्वाधारको व्यवस्था गरी प्रादेशिक व्यापार प्रर्वद्धन गर्ने।
- उपभोग्य वस्तुहरूको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने।
- आधारभूत उपभोग्य वस्तुहरूको बजारीकरणमा सहकारीको भूमिका बढाइ कालोबजारी र बिचौलियाहरूको भूमिका निरुत्साहित गर्ने।
- सूचना प्रविधिको प्रयोग गरेर व्यापार प्रवर्द्धन तथा आपूर्तिमा आधुनिकिकरण गर्ने।

## कार्यनीति

- रणनीतिक सडक सञ्जालको विकास गरी प्रादेशिक व्यापार बढाइनेछ।
- तुलनात्मक लाभको आधारमा जिल्लागत रुपमा विविध वस्तुहरू उत्पादन गरी प्रदेश भित्रको व्यापार बढाइनेछ।
- जिल्लास्थित कार्यालयहरुबाट व्यवसाय दर्ता र अनुगमनलाई सहज र प्रभावकारी बनाइनेछ।
- स्थानीय तहबाट प्यान नम्बर लिन सकिने व्यवस्थाको लागि पहल गरिनेछ।
- सरकारी कार्यालयहरुमा स्वदेशी वस्तुहरुको प्रयोग बढाइनेछ।
- वस्तुको आपूर्तिमा आउने व्यवधान न्यूनिकरण गर्न भण्डारण व्यवस्था मिलाइनेछ।
- उपभोक्ता हकहित संरक्षण गर्न आवश्यक नीति, ऐन तर्जुमा र संरचना निर्माण गरिनेछ।

- व्यवसायीहरुलाई पारदर्शी र व्यवसायिक व्यापारका लागि आवश्यक अभिमुखीकरण तालिम प्रदान गरिनेछ।
- सहकारीहरुलाई सुपथ मूल्यका पसलहरु खोल्न प्रोत्साहन गरिनेछ।
- कृषि बजारको प्रवर्द्धनमा सहकारीहरुको भूमिका बढाइने छ।
- आधुनिक बजारहरू स्थापनागरी किसानहरूले सहज रुपमा कृषि उपजहरू विचौलियाको भूमिकाविना बिक्री गर्न सक्ने बनाइनेछ।
- एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानूनको तर्जुमा र अनुगमन गरी प्रतिस्पर्धामा आधारित बजार प्रर्वधन गरिनेछ।
- सूचना प्रविधिको प्रयोगगरी सर्बसाधारणलाई सहज ढङ्गले मूल्य र बिक्रीको लागि उपलब्ध परिणाम सम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ।
- सूचना प्रविधिमा आधारित अनलाइन व्यापार प्रवर्द्धन गर्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ।
- चोरी पैठारी नियन्त्रण गर्न आन्तरिक सुरक्षा बललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- उचित अनुदान र अन्य प्रोत्साहनको माध्यमबाट आन्तरिक कृषि उत्पादनलाई आयातीत बस्तु सँग प्रतिस्पार्धात्मक बनाइनेछ।
- निकासीजन्य बस्तुहरुको उत्पादन र प्रशोधनलाई प्रोत्साहित गरिनेछ।
- आपूर्ति व्यवस्थालाई सूचारु राख्न प्रदेश भित्र आवश्यक गोदाम घर, शीत भण्डारको व्यवस्था गरिनेछ।
- निकासी हुने र आन्तरिक बजारमा बिक्री हुने बस्तुहरुको गुणस्तर सुनिश्चीत गर्न प्रयोगशालाहरुको स्थापना र विकास गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा व्यापारिक प्रतिष्ठानको संख्या ८६ हजार ४४ पुगेको हुने, यस क्षेत्रवाट एक लाख ९७ हजार नौ सय २३ जनाले रोजगारी प्राप्त गरेका हुने र थोक तथा खुद्रा व्यापार क्षेत्रवाट प्रदेशको गार्हस्थ्य उत्पादनमा १९.४८ प्रतिशत योगदान पुगेको हुनेछ।

## ४.९ पर्यटन

### विद्यमान अवस्था

प्रदेश नं २ प्रशस्त पर्यटकीय सम्भावना रहेको प्रदेश हो। प्रदेशमा उपलब्ध विशिष्ट ऐतिहासिक साँस्कृतिक, धार्मिक एंव प्राकृतिक सम्पदाहरुलाई पर्यटकीय प्रयोजनमा ल्याउन

सकिने सम्भावनालाई दृष्टिगत गरि यस्ता सम्पदाको यथोचित संरक्षण र आवश्यक पूर्वाधारहरुको ब्यावस्थाबाट आन्तरिक एंव खास गरि छिमेकी राष्ट्रहरुमा प्रभावकारी प्रचार प्रसार गरी यस प्रदेशमा पर्यटकहरुको आगमनमा वृद्धि भई यथेष्ट रोजगारी र आय आर्जनको अवसरहरु श्रृजना गर्न सकिने देखिन्छ। हाल आन्तरिक तथा छिमेकी राष्ट्र भारतबाट साँस्कृतिक एंव धार्मिक उद्देश्यले यस प्रदेशको भ्रमणमा आउने पर्यटकहरुलाई मध्य नजर राखी खास गरी निश्चित स्थलहरु र राजमार्ग वरिपरि निजी लगानीबाट पर्यटकको बसाइ तथा खानपिनको लागी होटल ब्यबसायहरुका सञ्चालनमा केही बढोत्तरी आएको देखिन्छ। यस प्रदेशका साँस्कृतिक संपदाहरुलाई जगेर्ना गरी उच्च स्तरीय संगठित भ्रमणको लागि संस्थागत र ब्यबस्थापकीय संरचना तयार गरी संभावना अनुकूल पर्यटन क्षेत्रमा रोजगारी तथा आय आर्जनको अवसरहरुको श्रृजना गर्न सकिन्छ।

विश्वभरिका हिन्दूहरुको आस्थाको केन्द्रको रुपमा रहेको जानकीको जन्मभूमि जनकपुर विश्व पर्यटकका लागि मूख्य पर्यटकीय गन्तब्यको रुपमा रहेको छ। यहाँ आन्तरिक र बाहय् पर्यटन दुबैको सम्भावना छ। मिथिला सँस्कृति र सो सँग आबद्ध परिक्रमा रामायण सर्किट, पर्यटन क्षेत्रमा धार्मिक पर्यटन प्रबर्द्धन आदि र अन्तरप्रदेश धार्मिक साँस्कृतिक सर्किट विकासको सम्भावना छ। मिथिला सँस्कृति नेपाल र भारत दुबै देशका बीचको साँस्कृतिक पुल रहेको छ। जनकपुरधाम स्थित गङ्गासागर, धनुषसागर र वीरगञ्जको घडीअर्वा पोखरी लगायत प्रदेशभर करीब ११५ वटा धार्मिक र साँस्कृतिक महत्वका पोखरीहरु छन।

दशहरा दिपावली, विवाह पञ्चमी, रामनवमी, छैठ, जूडशीतल, घडी जितिया लगायतका विशेष पर्व र त्यौहारहरु राष्ट्रियरुपमा मनाइन्छन। विभिन्न जातीय समुदायहरुको उत्कृष्ट साँस्कृतिक परम्पराहरु छन।
विदेशी पर्यटकका लागि आकर्षक गन्तब्यको रुपमा चितवन, मकवानपुर र पर्सा जिल्लाका केही भागहरू समेटिएको ६२७.३९ वर्ग कि.मि. को पर्सा राष्ट्रिय निकुन्जको पर्सा जिल्लातर्फको भाग यस प्रदेशमा पर्छ। निकुन्जमा पाइने प्रमुख जनावरहरू जंगली हात्ती, पाटेबाघ, चितुवा, जरायो, घोडगधा, गौरीगाई आदि हुन्। यस्तै प्रदेशको पूर्वमा रहेको कोशी टप्पु बन्यजन्तु आरक्ष पर्यटकीय गन्तब्यस्थल हुन।

जिल्ला केन्द्रहरु र प्रमुख शहर एवम बस्ती पूर्वपश्चिम राजमार्ग, हुलाकी राजमार्गसँग जोडिएका छन। प्रदेशका मूख्य शहरहरु राजविराज, जनकपुरधाम र सिमरा स्थित

विमानस्थल हवाइमार्गबाट काठमाडौंसँग जोडिएका छन। जयनगर नेपालको जनकपुरधामसँग रेलमार्गबाट जोडिएको छ। जनकपुर, जलेश्वर, भिठ्ठामोर, वीरगञ्ज, ठाडी, कुनौली, माडर, जटही आदि भारतीय पर्यटकका लागि प्रवेश तथा प्रस्थान बिन्दु हुन । आ.व. ७५/७६ मा यस प्रदेशमा तीन लाख ९७ हजार ३३ भारतीय र दुई लाख १२ हजार एक सय ८९ तेश्रो देशका गरी छ लाख नौ हजार दुई सय २२ पर्यटक भित्रिएका छन। प्रदेशमा हाल दुई वटा जिल्लामा पर्यटन सूचना केन्द्र रहेको, तीन सय ४९ वटा पर्यटकीय स्तरका होटल एवं लज एवं सात हजार एक सय एक सैय्या रहेका र यसमा दुई हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन।

### प्रमुख समस्या

मुख्य शहरमा मात्र रहेका पर्यटकीय गन्तब्यमा उपलब्ध सेवाको स्तरीकरण गर्नु, पर्यटकको बसाइ अबधि लम्ब्याउने मनोरञ्जनात्मक गतिविधि र स्थानहरु पहिचान हुन नसक्नु र पर्यटनमा संलग्न बहुसंस्था र निजी क्षेत्रलाई प्रोत्साहित गर्ने प्रदेशस्तरको संस्थात्मक संयन्त्र नहुनु आधारभूत समस्या हुन। राष्ट्रिय पर्यटन छवि हिमाली, पहाडी धरातलीय सौन्दर्यतामा बढि केन्द्रित हुनु, आकर्षणका संपदाहरुको संरक्षण र सौन्दर्यीकरण तर्फ जिम्मेवार निकायको सकृयतामा कमी रहनु, आतिथ्यता उद्योगको लागि आवश्यक सीपयुक्त जनशक्तिको कमी रहनु, ब्यबसाय सञ्चालनको लागि निजी क्षेत्रको लगानी परिचालन प्रोत्साहित गर्न नसक्नु जस्ता कारणहरु रहेको पाइन्छ।

### चुनौती तथा अवसर

विद्यमान धार्मिक साँस्कृतिक पर्यटनको अबस्थालाई आर्थिक सम्भावनायुक्त पर्यटन सँग जोड्ने काम चुनौतीपूर्ण छ। पोखरा र लुम्बिनीमा आउने पर्यटकहरूलाई यस प्रदेशको धार्मिक साँस्कृतिक पर्यटकीय स्थलहरूको पनि भ्रमणका लागि आकर्षित गर्नु चुनौतीपूर्ण रहेको छ।

यस प्रदेशको पर्यटन क्षेत्र विकासको लागि आधारभूत आंकडाहरुको लगत नहुनाले हालको वस्तुस्थितीको यथार्थ जानकारी प्राप्तगर्न चुनौती रहेको छ। सबै प्रदेशको विशिष्ट पर्यटकीय श्रोतको सम्बर्द्धन गर्न समन्वय एवम् सम्भाब्य श्रोत बजारमा प्रवर्द्धनका लागि संस्थागत ब्यबस्था नहुनु अर्को चुनौती रहेको छ।

अन्य प्रदेशको दाँजोमा यस प्रदेशको दक्षिणी भूभाग छिमेकी राष्ट्र भारत सँग जोडिएको कारणले परम्परागत रुप मै दुवै राष्ट्रका जनस्तरीय सम्पर्क रहदै आएकोले पर्यटकीय

भ्रमणको लागि ठूलो श्रोत बजारको रुपमा रहेको देखिन्छ। यस प्रदेशको धार्मिक सम्पदाहरु छिमेकी राष्ट्रको हिन्दू धर्मावलम्वीको लागि महत्वपुर्ण आकर्षण रहेकोले वर्षेनी लाखौं पर्यटकहरु भित्र्याउने अवसर रहेको छ।

निजगढ विमास्थलको निर्माण सञ्चालन पश्चात प्रदेशले ट्रान्जिट गन्तब्यको रुपमा स्थापित हुने अबसर छ। नजिकको दुरीमा रहेका भारतीय शहरहरु मुजफ्फरपुर, पटना, गया, भागलपुर, बाराणासी, झारखण्ड क्षेत्रका सप्ताहअन्त होलिडे पर्यटकका लागि सीमावर्ती शहरका मध्यम आयको जनसङ्ख्या लाभान्वित हुने अबसर छ।

यहाँ रहेका प्रसिद्ध हिन्दूधार्मिक स्थलहरुलाई पर्यटकीय बस्तु वा स्थानको रुपमा रुपान्तरण गर्नुको साथै आवश्यक पर्यटकीय पूवाधार तथा सुबिधाहरुको विकास गर्न सके उल्लेख्य संख्यामा हिन्दू धार्मिक पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ। राम –जानकी विवाह उत्सव लगायत मिथिला संस्कृतिलाई पनि पर्यटन व्यवसाय सँग आवद्ध गर्न सकिन्छ। यसका लागि यहाँको वातावरण पनि प्रदूषण रहित हुनु जरुरी छ। निजगढमा अन्तर्राष्ट्रिय बिमानस्थलको निर्माण पूरा भइ सञ्चालनमा आएपछि यसबाट प्रदेशको पर्यटन व्यवसाय प्रबर्द्धन हुनेछ।

छिन्नमस्ता, कङ्कालिनी (सप्तरी), राजा सलहेश (सिरहा), धनेश्वर महादेब (धनुषा), नारीबन ताल (सर्लाही), मारघर सिमसार र पटौरा माहादेव (रौतहट), सिम्रौनगढ (बारा), घडीअर्बा (पर्सा), बाबाताल, उत्रराहिनी कमला, कमलदश, जलेश्वर महादेव, कारिखस्थान आदिलाई पर्यटकीय गन्तब्यको रुपमा राखिएका छन।

पर्यटनलाई उद्योगको रुपमा विकास गर्ने राजनैतिक प्रतिबद्धता लिइएको छ।

## क्षेत्रगत सोच

प्रदेशको समग्र आर्थिक विकासमा पर्यटनक्षेत्रको योगदानमा अभिवृद्धि ।

## लक्ष्य

बिशिष्ट गन्तब्य स्थलको विकासबाट रोजगारीको श्रृजना एवम् आय आर्जनमा वृद्धि गर्न धार्मिक साँस्कृतिक तथा प्राकृत्तिक संपदामा आधारित विशिष्ट पर्यटकीय गन्तब्य स्थलको रुपमा स्थापित भएको हुने।

## उद्धेश्य

- पर्यटक आगमन बढाउनु।
- बसाई लम्ब्याइ प्रति पर्यटकको प्रतिदिन खर्च बढाउन लगाउनु।
- प्रदेशको पर्यटकीय उपजहरुको मूल्यमा अभिवृद्धि गर्न पर्यटकीय सेवा तथा गतिविधिको विस्तार गरि यस्ता सेवा तथा गतिविधिहरुलाई प्रभावकारी बनाउनु।

## रणनीति

- प्रदेशको पर्यटनको विकासको लागि प्रादेशिक संस्थागत संरचना र नीति नियम बनाउने।
- आवश्यक भौतिक पूर्वाधारको विकास सहित नयाँ पर्यटकीय स्थलहरूको विकास गर्ने।
- पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने।
- पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने।
- स्थानीय जनसमुदायमा पर्यटन व्यवसायसम्बन्धी सीप र दक्षता अभिवृद्धि गर्ने।
- पर्यटनको विकासको लागि अन्तरप्रदेश र अन्य निकायहरुसंग सहकार्य गर्ने।

## कार्यनीतिहरु

- सीताको जन्म स्थल जनकपुर र आसपासका धार्मिक स्थलहरुलाई जोडने पर्यटन सर्किट बनाइनेछ। भारत सरकारसँगको सहकार्यमा रामायण पर्यटन सर्किटको विकास गरिनेछ।
- जनकपुर र अन्य पर्यटकीय स्थलहरुलाई प्रदूषण मुक्त बनाइनेछ।
- सलहेसको पौराणिक पक्षलाई धार्मिक साँस्कृतिक पर्यटनमा उपयोग गरिनेछ।
- भिस्वा, छिन्नमस्ता, कंकालिनि, गढीमाइ लगायत प्रदेशभित्र रहेका महत्वपूर्ण पर्यटकीय सम्भावना भएका धार्मिक सांस्कृतिक र प्राकृतिक स्थलहरुलाई पर्यटकीय बस्तुमा रुपान्तरण गर्न आवश्यक भौतिक पूवार्धारहरु निर्माण गरिनेछ।
- नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी र विकास गरिनेछ।
- प्रदेशमा भएका विभिन्न समुदायका संस्कृतिहरुलाई पर्यटन व्यवसाय सँग आवद्ध गरिनेछ।
- पर्यटन सेवालाई स्तरीय र विश्वासनीय बनाइनेछ।
- उद्‌गम बजारमा यस प्रदेशका गन्तब्य स्थलहरुप्रति आकर्षण वृद्धि गर्न विभिन्न पर्यटकीय उपजहरुको विकास गरिनेछ।

- पर्यटन विकासको लागि साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, तालतलैया, मने बैठक सम्मेलन, पर्व उत्सव, ग्रामिण, कृषि समुदाय जातीय विषयवस्तुमा आ भ्रमण प्याकेजहरु तयार गरिनेछ।
- राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशभित्र रहेका विभिन्न पर्य गन्तब्यहरुको ब्राण्डिङ्ग गरिनेछ।
- सम्पदा संरक्षण, दिगो पर्यटन तथा पर्यटकिय स्थल र श्रोतको सौन्दर्यीक मार्ग दर्शन तथा प्रक्रियाको तर्जुमा गरी कार्यान्वय गराउने विधी निश्चित गरि
- प्रदेशको पर्यटकीय गन्तब्य स्थल प्रष्ट स्थापित हुने मार्ग निर्देशिका तया सबै तहका अधिकारी तथा निजी क्षेत्रलाई अंगिकार गर्न लगाइनेछ।
- पर्यटन क्षेत्र संग सम्बन्धित आंकडा तथा विवरणहरु सङ्कलन तथा ब्यबर गरि प्रदेश, जिल्ला तथा स्थानीय तहगत रुपमा तथ्यांक तयार गरिनेछ।
- पर्यटन विकासको लागि आवश्यक क्षमता विकास विस्तार गरिनेछ।
- पर्यटकीय स्थल तथा क्षेत्रहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउन सरल प लागि हवाई, रेल, तथा सडक यातायातको पुर्वाधार सुधार तथा भरपर्दो निश्चित गरिनेछ।
- पर्यटकीय सुचना प्रवाह, आवास तथा मनोरञ्जनका सेवा सुविधामा गुण सुधार तथा संख्यात्मक क्षमता वृद्धि गरिनेछ।
- पर्यटकहरुका लागि आवश्यक स्वास्थ्य, फोहर व्यवस्थापन खानेपानीको स्व सञ्चार, सुविधा, सनेस बिक्री, विक्री व्यवस्था सम्बन्धी गुणस्तर र वातावरणमा अभिवृद्धि गरिनेछ।
- पर्यटन केन्द्र विन्दुमा पर्यटक सेवा केन्द्रहरुको स्थापना र सञ्चालन गरिने

## अपेक्षित प्रतिफल

आवधिक योजनाको अन्त्य सम्ममा १३६ वटै स्थानीय तहसंग पर्यटकीय गन्त पहिचान, संरक्षण र विकासका लागि सहकार्य भएको हुने, पर्यटकीय गन्तव्यहरुको वि नक्सांकन भएको हुने, दुई वटा पर्यटकीय सर्किट निर्माण भएको हुने, सवै जिल्ला पर्यटन सूचना केन्द्रको स्थापना र पर्यटकीय प्रोफायल तयार भएको हुने, ११ हजा सय ३६ सैय्या सहित पांच सय ६२ वटा पर्यटकीय होटल एवं लज पुगेको हुने जसवाट ६ लाख ३९ हजार चार सय २६ भारतीय र तीन लाख ४१ हजार सा

३३ समेत गरी पर्यटक आगमन संख्या नौ लाख ८१ हजार  एक सय ५८ पुगेको हुने र यसवाट तीन हजार दुई सय २१ जनाले प्रत्यक्ष रोजगारी पाएका हुनेछन।

# परिच्छेदः पाँच
# सामाजिक विकास

## ५.१ शिक्षा

### विद्यमान व्यवस्था

राजर्षी जनक, याज्ञवल्क्य, अष्टावक्र, गार्गी, जानकी माता, सलहेश, दिनाभद्री, विद्यापतिको भूमि तथा मिथिला सांस्कृतिक धरोहरको रुपमा पहिचान बनाएको प्रदेश नं. २ तुलनात्मकरुपमा अहिले मानव विकास सूचकाङ्कमा पछि परेको छ। यस प्रदेशको मानव विकास सूचकाङ्क ०.४२१ रहेको छ, जुन प्रदेशहरु मध्येकै सवैभन्दा कमजोर हो। नेपालको कूल साक्षरता ५९.६ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरता दर ४९.९ प्रतिशत मात्र रहेको छ, जुन प्रदेशहरु मध्ये सबैभन्दा कम हो। रौतहट जिल्लाको सबै भन्दा कम साक्षरता दर (४१.६ प्रतिशत) र पर्सा जिल्लाको सबै भन्दा बढी साक्षरता दर (५५.९ प्रतिशत) रहेको छ। आधारभूत विद्यालयको संख्या २ हजार ५ सय १८ छन भनें माध्यमिक विद्यालयको संख्या ५ सय ९५ रहेको छ जसमध्ये पुस्तकालय भएका विद्यालय ५०१, प्राविधिक धारका माध्यमिक विद्यालय ५१, कम्प्युटर शिक्षा पढाई हुने विद्यालय ३०० र विशेष शिक्षा पढाई हुने विद्यालय ४२ रहेका छन। आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह ( कक्षा ९-१२) को खुद भर्ना दर क्रमशः ७९.६ र ३७.९ प्रतिशत रहेको छ। पूर्व प्राथमिक शिक्षा पूरा गरी कक्षा एकमा भर्ना हुनेको संख्या ९० प्रतिशत रहेको छ। आधारभूत तहको सिकाई दर ४० प्रतिशत रहेको छ। लैङ्गिकमैत्री, अपाङ्गमैत्री र वालमैत्री विद्यालयको संख्या क्रमशः २५, ५ र २० प्रतिशत रहेको छ। अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत २७३ सामुदायिक सिकाई केन्द्रहरु संचालित छन। उच्च शिक्षा तर्फ एक विश्व विद्यालय र १२६ वटा क्याम्पस संचालनमा रहेका छन। शैक्षिक अबस्था नाजुक रहेका समुदायमध्ये डोम समुदायको जनसंख्या ९,६२१ र हलखोर समुदायको जनसंख्या ३,६२२ रहेको छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ। आधारभूत एवम् माध्यमिक तहसम्मको शिक्षा अनिवार्य एवम् निशुल्क पाउने हक प्रदान गरेको छ। समान रुपमा समावेशी पहुँचको व्यवस्था गर्न निर्देश गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल

सरकार, प्रदेश सरकार र स्थानीय सरकारको रहेको छ। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार रहेको छ। अपाङ्ग नागरिकहरूलाई विशेष शिक्षाको माध्यमवाट समेत शिक्षा प्राप्त गर्ने अधिकार छ।

शिक्षा क्षेत्रमा विभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयन भएपनि यस प्रदेशमा सवैका लागि गुणस्तरीय शिक्षाको अपेक्षाकृत पँहुच सुनिश्चित गर्न सकिएको छैन। शैक्षिक उपलव्धिलाई पनि अपेक्षित रुपमा सुधार गर्नुपर्ने देखिन्छ।

## प्रमुख समस्या

विद्यालय छाड्ने प्रवृत्तिका पछाडि सामाजिक एवम् आर्थिक कारण प्रमुख रुपमा देखापरेका छन। शैक्षिक सुशासन कमजोर र विद्यालय व्यवस्थापन समितिहहरुको अत्यधिक राजनीतिकरणले यसलाई मलजल गरेको हो। दक्ष एवम् योग्य शिक्षकको अभाव, प्रतिस्पर्धी क्षमता र गुणस्तरमा कमी, नवीनतम विधि र प्रविधिको कम प्रयोग, र घर देखि विद्यालयसम्म बाल मैत्री र सिकाइ मैत्री वातावरणको अभाव रहेको छ। सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालयमा प्रवेश गराउन थप समस्या रहेको छ। विद्यालय शिक्षालाई अनिवार्य एवम् निःशुल्क र उच्च शिक्षालाई अनुसन्धानात्मक, व्यवहारिक तथा नव-प्रवर्तनात्मक बनाउनु तथा प्राविधिक शिक्षा मार्फत् सक्षम जनशक्ति उत्पादन गर्दै शिक्षालाई विकाससँग आबद्ध गर्नु, विद्यालयको पूर्वाधार विकास गर्नु, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयको दायरामा ल्याउन सकिएको छैन। साथै विद्यालयहरुमा कक्षा कोठा भित्र शैक्षिक सामाग्री एवम् गुणस्तरीय अध्ययन अध्यापन गराउन नसक्नु अर्को समस्या हो।

## चुनौती तथा अवसर

विद्यालय छाड्ने दरमा कमी ल्याउन व्यवस्थापकीय सुधार गर्नु प्रमुख चुनौती देखा परेको छ। विद्यालय र क्याम्पसहरूको भौतिक पूर्वाधारको सुधारका साथ शिक्षक, विद्यार्थी र अभिभावक बीचको सम्बन्ध, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउदै लैजानु थप चुनौती रहेको छ। विद्यालय शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारमा र प्राविधिक शिक्षा र उच्च शिक्षाको व्यवस्थापन प्रदेश सरकारको अधिकार क्षेत्रमा आएको सन्दर्भमा स्थानीय सरकार र प्रदेश सरकारको शैक्षिक व्यवस्थापन क्षमता बढाउनु चुनौतीपूर्ण छ। प्रदेश विश्वविद्यालयको स्थापना गरी उच्चशिक्षाको गुणात्मक अभिवृद्धि गर्ने अबसर छ।

कृषि शिक्षालाई विद्यालय तहदेखि नै संस्थागत गर्न सकिने संभावना छ। साथै प्राविधिक शिक्षाको विकास हुने उत्तिकै सम्भावना छ। राजर्षी जनक, याज्ञवल्क्य, अष्टावक्र, तथा गार्गीको यस थलोमा पूर्वीय दर्शनका शिक्षण संस्थाहरु बनाउने अवसर छ। सामाजिक न्यायका प्रतिमूर्ति दीनाभद्री, बाबा रविदास, राजा सहलेश, तथा वीर अखाडा लडाकाहरुको इतिहास, माता जानकी तथा श्रीराम, तथा हनुमानको पावन भूमि, मिथिला कला, दलितहरुका सीप, पोखरीहरुको मनोरम ठाउंले यहाँको सांस्कृतिक धरोहरसम्वन्धी प्रादेशिक तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा कार्यान्वयन गर्ने सम्भावना छ।

**क्षेत्रगत सोच**

प्रदेशको शैक्षिक व्यवस्थापन व्यवसायिक भइ शिक्षामा गुणात्मक सुधार।

**लक्ष्य**

प्रदेशको शैक्षिकस्तर राष्ट्रिय औसतभन्दा माथि पुगेको हुने।

**उद्देश्य**

- शैक्षिक संस्थाहरुमा अध्ययन अध्यापनमा गुणस्तरीय सुधार ल्याउनु।
- प्रारम्भिक वालविकास, शिक्षाको विकास तथा विस्तार गर्नुका साथै विद्यालय छाडने दरमा कमी ल्याउनु।
- स्थानीय तहहरुको शैक्षिक व्यवस्थापनमा सक्षम बनाउनु।
- रोजगारमूलक शिक्षाको प्रवर्द्धनका साथै शिक्षाको पहुँच र गुणस्तरमा सुधार गर्नु।
- आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु।

**रणनीति**

- माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्न स्थानीय तहसँग सहकार्य गर्ने।
- भौतिक पूर्वाधारको व्यवस्था, प्रयोगशाला र सूचना प्रविधिको प्रयोग बढाएर गुणस्तर सुधार गर्ने।
- निजी विद्यालय, शैक्षिक संस्थाहरु तथा परामर्श संस्थाहरुको नियमन गर्ने।
- अनुगमन मूल्यांकन प्रणाली र शैक्षिक व्यवस्थापनमा सुधार गर्ने।

- निजी, सरकारी, सहकारी, तथा धार्मिक जुनसुकै विद्यालय तथा विश्वविद्यालय एवम् तिनका कलेजमा अध्ययन गर्दा एकै खाले अपेक्षित शैक्षिक गुणस्तर सुनिश्चित गर्ने।
- मातृभाषामा शिक्षा, मातृभाषा मार्फत शिक्षा, मातृभाषाको विकास तथा मातृभाषा संरक्षण गर्ने।
- माध्यमिक तहमा अध्ययनरत सबै विद्यार्थीहरुलाई कम्तिमा एउटा आय आर्जनको सीप प्रदान गर्ने।
- प्रदेश तहको शैक्षिक नीति, ऐन, नियमावली, तथा कार्यविधिको खाका बनाई लागू गर्ने।
- प्रादेशिक पाठ्यक्रम तथा शैक्षिक गुणस्तरको खाका बनाउने ।
- दक्ष एवम् योग्य शिक्षक छनौट गरी नवीनतम प्रविधियुक्त तालिमको व्यवस्था गर्ने।
- आधुनिक प्रविधि द्वारा विद्यार्थीमैत्री अध्ययन अध्यापन गराउने नीति लिने।
- नैतिक शिक्षामा आधारित पाठ्यक्रमको विकास गर्ने।

## कार्यनीति

- विद्यालय भर्ना कार्यक्रमलाई प्रत्येक वर्ष अभियानको रुपमा सञ्चालन गर्न अभिभावाकहरुलाई प्रेरित गर्नुको साथै विपन्न परिवारलाई आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराइने छ।
- विद्यालय छाड्ने विद्यार्थीहरुको अभिभावकहरुसँग अन्तरक्रिया गरी विद्यालय छाड्ने कारण पत्ता लगाई विद्यालयमा टिकाई राख्न व्यवस्था मिलाइने छ।
- बालशिक्षा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- स्थानीय तहमा नमूना बालविकास केन्द्रको विकास गरिनेछ।
- डोम, मुशहर, चमार, दुसाध र हलखोर जातिका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान सञ्चालन गरिनेछ।
- अपाङ्ग बालबालिकाहरुको लागि अपाङ्गमैत्री शिक्षाको प्रवन्ध गरिने छ।
- मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान लाई अझ सशक्त ढङ्गले अगाडि बढाइने छ।

- निम्न आय भएका परिवारमा जन्मिने छोरीहरुको शिक्षाको निरन्तरतालाई कायम राख्न शिक्षा वीमा गर्ने र सुरक्षाको अवस्था लाई समेत अध्ययन गरी आवश्यक व्यवस्था गरिने छ।
- मदरसा शिक्षालाई राष्ट्रिय शिक्षा नीतिको मुल प्रबाहसँग जोडिने छ।योग पद्धतिलाई  शिक्षाको अभिन्न अंगको रुपमा शैक्षिक संस्थाहरुमा क्रमश लागू  गर्दै विधार्थीहरुको शारीरिक एवम् मानसिक विकासमा जोड दिइने नीति सरकारले लिएको छ।साथै विद्यार्थीलाई नैतिकवान बनाउन नैतिक शिक्षालाई अभियानको रुपमा सञ्चालन गर्न "प्रदेश प्रमुख" नैतिक शिक्षा अभियान सञ्चालन गरिनेछ।
- सांस्कृतिक एवम् ऐतिहासिक धरोहरहरुलाई पाठ्यक्रम तथा पाठ्यसामग्रीको रुपमा विकसित गरी शैक्षिक कार्यक्रमको अंग बनाइनेछ।
- कृषि शिक्षालाई माध्यमिक तहदेखिनै समावेश गर्दै प्रदेशलाई प्राविधिक शिक्षाको केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधारको निर्माण गरिने छ। रोजगार उन्मुख प्राविधिक र व्यवसायिक शिक्षा अबलम्बन गर्न प्रदेश प्राविधिक शिक्षा बोर्डको गठन गरिने छ। त्यसको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र छात्रवृति सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण गरिनेछ।
- पोलिटेक्निक कलेज स्थापना गरिनेछ।
- प्रदेशस्तरको विश्वविद्यालय, उच्चशिक्षा तथा छात्रवृत्तिसम्बन्धी नीति, कानून तथा मापदण्ड तयार गरिनेछ।
- शिक्षण, अनुसन्धान, तथा समुदाय सेवा एकीकृत हुनेगरी विद्यालय तथा उच्च शिक्षालाई सीप उन्मुख, स्तरीय एवम् जनमुखी बनाइनेछ।
- लक्षित वर्गलाई शिक्षामा दिइआएको सुविधालाई अझ प्रभावकारी  बनाउँदै मधेश आन्दोलनमा शहादत प्राप्त तथा अशक्त घाइते भएका परिवारलाई शिक्षा आर्जन गर्न विशेष सुविधाको व्यवस्था गरिनेछ।
- प्रदेशमा सञ्चालन हुने स्कुल र कलेजमा स्तरीयता स्थापना तथा अवाञ्छित क्रियाकलाप नियन्त्रणको लागि आवश्यक सुरक्षा तथा वैकल्पिक व्यवस्था कडाईका साथ लागू गरिनेछ।
- अत्यन्त पिछडिएका र दुर्गम क्षेत्रमा साक्षरता अभिवृद्धिको लागि एकल शिक्षक विद्यालयलाई प्रवर्द्धन गरिनेछ।
- प्रदेशभित्र रहेका विभिन्न पुस्तकालयहरुको स्थापना, आधुनिकीकरण तथा प्रविधिमैत्री  बनाइदै लगिनेछ।

- राजविराजमा सञ्चालनमा रहेका कानून अध्ययन कलेजलाई प्रदेश सरकारको आवश्यकता अनुरुप कानून अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ। साथै कानून अध्ययन अध्यापनको आवश्यकतालाई मध्यनजर राख्दै जनकपुरमा कानून महाविद्यालय स्थापनाको लागि पहल गरिने छ।
- भर्ना अभियान र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाइ सहयोग प्रदान गरिनेछ।
- बालबालिकाको आधारभूत तहको शिक्षा पूरा गर्न अभिभावकहरुलाई पनि जिम्मेवार बनाइनेछ।
- शिक्षक पुनर्बितरण तथा व्यवस्थापन सहित दक्ष शिक्षकहरुको व्यवस्था र नियमित तालिमहरूको व्यवस्था गरिनेछ।स्थानीय पाठयक्रम निर्माणमा स्थानीय तहलाई सहयोग पुऱ्याइनेछ।
- प्रदेश शिक्षा श्रोत केन्द्र स्थापना गरिनेछ।
- सबै स्थानीय तहहरुमा प्राविधिक शिक्षालयहरू खोलिनेछ।
- शैक्षिक गुणस्तर सुधारको लागि सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।
- प्रदेश परीक्षा बोर्ड स्थापना गरी सञ्चालन गरिनेछ।
- निजीस्तरमा सञ्चालित विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइनेछ।
- गुरुकूल, बिहार, मदरसा, खुला एवम वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाइ आवश्यक सहयोग गरिनेछ।
- प्रत्येक गाउँपालिका तथा नगरपालिकाहरुलाई मानकको आधारमा एक अर्काको प्रतिस्पर्धी बन्ने र प्रतिस्पर्धामा अब्बल हुनेहरुलाई पुरस्कृत गर्ने प्रवन्ध गरिने छ।
-

## अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा आधारभूत तह र माध्यमिक तह को खुद भर्ना दर क्रमशः ९९ र ६० प्रतिशत पुगेको हुने, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र वालमैत्री विद्यालयको संख्या क्रमशः १००, ३० र ९० प्रतिशत पुगेको हुने, ६०३ वटा बिद्यालयमा कम्पयुटर शिक्षा र ४७ वटा विद्यालयमा विशेष शिक्षा संचालन भएको हुने, सिकाई दर ७० प्रतिशत पुगेको हुने, अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत ३१३ सामुदायिक सिकाई केन्द्रहरु संचालित भएको हुने, प्राविधिक धारका माध्यमिक विद्यालय १३६ पुगेको हुने, उच्च शिक्षा तर्फ तीन वटा विश्वविद्यालय र १४० वटा क्याम्पस संचालनमा रहेका हुनेछन।साक्षरता दर (५ वर्ष वा सो भन्दा भन्दा माथि) ९७ प्रतिशत पुगेको हुनेछ।

## ५.२ स्वास्थ्य

### विद्यमान अबस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। प्रदेशको एकल जिम्मेवारीमा स्वास्थ्यसेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, गुणस्तर मापदण्ड, योजना, कार्यान्वयन र नियमन, र प्रदेशस्तरीय उपचार केन्द्र तथा सेवाको गुणस्तर निर्धारण, दर्ता, सञ्चालन अनुमति, व्यवस्थापन र नियमन पर्दछ।

जेष्ठ नागरिकको स्वास्थ्य, वंशानुगत तथा जन्मजात रोगहरूको सम्बोधन, वातावरणीय तथा व्यवसायजन्य स्वास्थ्य, गुणस्तरीय औषधी आदिका सम्बन्धमा राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले समग्र नागरिकहरूको स्वास्थ्य अवस्था  सुधार गर्ने अग्रगामी कार्यसूची तय गरेको छ।

यस प्रदेशको स्वास्थ्य सम्वन्धि प्रमूख सूचकहरु हेर्दा आ.व. ०७५/७६ मा औसत आयु ७०.४ वर्ष, आधा घंटाको दुरीमा स्वास्थ्य संस्थामा पहुंच भएको जनसंख्या ८४ प्रतिशत, मातृ मृत्य दर प्रति लाख जिवित जन्ममा २३९, बाल मृत्यु दर प्रति हजार जिवित जन्ममा (५ बर्ष मुनी) ५२, पूर्ण खोप कभरेज ६५ प्रतिशत रहेको छ।त्यसै गरी किशोरावस्थामा गर्भ धारण गर्नेको संख्या २७ प्रतिशत, परिवार नियोजनका साधन प्रयोग दर ४८ प्रतिशत, कुपोषण (पुड्कोपन) को दर ( ५ वर्ष मुनीका बालबालिका )  ३७ प्रतिशत, नसर्ने रोगको भार १९ प्रतिशत, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली १०० प्रतिशत, विशिष्टिकृत अस्पताल एक, अस्पताल संख्या १३, अस्पताल शैय्या संख्या ६५५, आयुर्वेद लगायत वैकल्पिक चिकित्सा पद्धतीको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था ६१ रहेको स्थिति छ। त्यस्तै दक्ष स्वास्थ्यकर्मीवाट प्रसुति हुने ४९ प्रतिशत, महिला र वाल वालिकामा रक्त अल्पता क्रमशः ५८ र ५९ प्रतिशत, वाल विवाह २६ प्रतिशत रहेको अवस्था छ।

### प्रमुख समस्या

विपन्न, सीमान्तकृत र जोखिमपूर्ण अवस्था मा रहेका वर्ग, क्षेत्र तथा समुदाय गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच बाहिर छन। स्वास्थ्य सेवा नाफामूलक र बजारीकरणको शिकार भएको छ। किटजन्य र नसर्ने रोगहरूको बढोत्तरी महत्वपूर्ण समस्याको रुपमा देखापर्न थालेको छ। ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू सामान्य उपचारका लागि शहर जाने

बाध्यता रहेको छ। अति संक्रामक रोग वा नयाँ देखापर्न सक्ने महामारीजन्य रोगहरूको यथोचित नियन्त्रण नहुनु, प्राकृतिक विपदबाट मानवीय स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्न नसकिनु, ग्रामीण क्षेत्रहरूमा सर्वसुलभ तथा गुणस्तरीय विशेषज्ञ सेवा उपलव्ध गराउन नसक्नु, निःशुल्क गुणस्तरीय औषधिको सर्वसुलभ पहुँच नहुनुका साथै औषधिको समुचित प्रयोग नगर्नु, कमजोर नियम प्रणाली समस्याका रूपमा रहेका छन्। यस प्रदेशका जिल्लाहरु पूर्ण खोपयुक्त घोषणा हुन बाँकी छन्।

## चुनौती तथा अवसर

स्वास्थ्य कार्यक्रम जनमुखी हुनसकेको छैन। स्वास्थ्यकर्मीको परिचालन र वितरणमा असमानता भएको देखिन्छ। जनसङ्ख्याको अनुपात र गतिशिलताका आधारमा स्वास्थ्य संस्थाहरूको स्थापना गरी स्वास्थ्य सेवालाई विस्तार गर्नु चुनौती छ। साथै यस प्रदेशमा अति सघन मानवीय बसोबास रहेकोले पनि संक्रामक रोग रोकथाम गर्न चुनौती भएको छ।

मातृ मत्युदर, शिशु मृत्यूदरमा कमी ल्याउनु, ५ बर्षमुनिका बालबालिका, प्रजनन उमेर समूहका महिलामा हुने न्यून पोषणको समस्यालाई कम गर्ने, महिलामा हुने वढदो रक्तअल्पत्ता कम गर्न्ने, बढ्दो अधिक पोषणको समस्यालाई नियन्त्रण गर्ने, जलवायु परिवर्तन, असुरक्षित खाद्यान्न, प्राकृतिक विपद् तथा दुर्घटनाबाट मानवीय स्वास्थ्यमा पर्ने जोखिम न्यून गर्नु, नसर्ने प्रकृतिका रोगहरूलाई न्यूनीकरण गर्नुका साथै भरपर्दो उपचारका लागि वित्तीय स्रोतको व्यवस्था, निःशुल्क रूपमा छरिएका सेवा सुविधाहरूलाई बीमाको दायराभित्र ल्याउनु चुनौतीपूर्ण छ।

निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकटता र आर्थिक विपन्नता भएका ठाँउमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा अपेक्षाकृत कमी आएको छैन।

संविधानले दिएको स्वास्थ्य अधिकार आम जनताले उपभोग गर्न पाएका छैनन। संघीय संरचना अनुरुप स्वास्थ्य केन्द्रहरु प्रदेश र स्थानीय तहमा पुनःसंरचित भइसकेका छैनन। स्वास्थ्यमा निजी क्षेत्रको लगानीलाई आम नागरिकको हितमा प्रभावकारी बनाउन र उपयुक्त ठाउँमा लगानी वृद्धि गर्न सकिएको छैन।

औषधी उपकरण आदिको मापदण्ड अनुसारको गुणस्तरयुक्त आपूर्ति हुन सकेको छैन। खरिद प्रक्रिया व्यवस्थित हुन सकेको छैन।

**क्षेत्रगत सोच**

गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच।

**लक्ष्य**

- जवाफदेही र समतामूलक स्वास्थ्य सेवा प्रणाली विकास भएको हुने।
- नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरू सर्वसुलभ रूपमा उपलब्ध भएको हुने।

**उद्देश्य**

- आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु।
- जनस्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा देखा पर्ने जोखिम तत्वको न्यूनिकरण गर्नु।

**रणनीति**

- आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने।
- विशिष्टकृत स्वास्थ्य सेवाका लागि अस्पतालहरूको दक्षता बढाउने।
- स्वास्थ्य उपचारका बैकल्पिक उपायहरू अवलम्बन र प्रवर्द्धन गर्ने।
- सबै प्रकारका स्वास्थ्य र पोषणसम्बन्धी जनजागरण अभियान स्थानीय भाषाहरुमा सञ्चालन गर्ने।
- स्वास्थ्य सेवा बिस्तारमा समुदायको सहभागिता बढाउने र सार्वजनिक निजी क्षेत्रको साझेदारी बढाउने।

**कार्यनीति**

- स्वास्थ्य क्षेत्रमा सार्वजनिक निजी सहभागिता तथा साझेदारीको सम्भावनाको क्षेत्र पहिचान गरिनेछ।
- नारायणी अस्पताल, वीरगंजलाई हृदयरोग केन्द्रको रुपमा विकास गरिने छ। जनकपुर अस्पतालमा हृदयरोग उपचारको लागि काठमाडौको गंगालाल अस्पतालको युनिट खडा गरी हृदयरोग सन्दर्भमा अत्याधुनिक उपचारसेवा जनकपुरमै उपलब्ध गराइनेछ। साथै यस अस्पताललाई ५०० शैय्या क्षमताको बनाइनेछ।

- गजेन्द्र नारायण सिंह अस्पताललाई स्तरोन्नति गरिनेछ।
- रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, राजविराजको स्थापना र विकासमा सहयोग गरिनेछ।
- महिलाहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन सुरक्षित मातृत्व कार्यक्रमलाई बिशेष प्राथमिकता दिइनेछ। साथैं गुणस्तरीय प्रसूति सेवा प्रदान गर्न स्थानीय तहहरुसँग समन्वय गरी प्रत्येक पालिकामा वर्थिङ्ग सेन्टर स्थापना गरिनेछ।
- मदिरा लगायत अन्य लागू पद्धार्थको उत्पादन, आयात, व्यापार, बेचबिखन र सेवनमा मापदण्ड लागू गरी नियमन र नियन्त्रण गरिनेछ।
- योग, आयुर्वेद, होमीयोप्याथी तथा अन्य प्राकृतिक र बैकल्पिक चिकित्सा प्रणालीहरुको संरक्षण सम्बर्द्धनमा जोड दिंदै यस प्रणालीहरुलाई अस्पतालहरुसंग क्रमशः आबद्ध गरिदै लगिनेछ।
- विरामीको चाप रहेका जिल्ला अस्पतालहरूलाई क्षमता विस्तार र सेवाको गुणस्तर सुधार गरिनेछ।
- प्रादेशिक आयुर्वेद अस्पताल, जनकपुरलाई १५० शैय्याको प्रादेशिक अस्पताल बनाइनेछ।
- स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसार दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराइनेछ।
- स्वास्थ्य बीमालाई प्रभावकारी ढङ्गले सञ्चालन गरी स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ।
- गुणात्मक स्वास्थ्य सेवा प्रवाहकालागि सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रको संयुक्त व्यवस्थापन प्रोत्साहित गरिनेछ।
- किशोर किशोरीहरुलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य, लागू औषधी दुर्व्यसनी सम्बन्धी शिक्षा सम्वन्धि जनचेतना सञ्चालनमा सहयोग गरिनेछ।
- स्थानीय तहको सहकार्यमा नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनलाई निरुत्साहीत गरिनेछ ।
- पोषणयुक्त खाना र आहार विहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा शत प्रतिशत नागरिकको आधा घंटाको दुरीमा स्वास्थ्य संस्थामा पहुंच पुगेको हुने, मातृ मृत्य दर प्रति लाख जिवित जन्ममा १३०, बाल मृत्यु दर प्रति हजार जिवित जन्ममा (५ बर्ष मुनी) २० मा झरेको हुने, पूर्ण खोप कभरेज १०० प्रतिशत भएको हुने, परिवार नियोजनका साधन प्रयोग दर ७० प्रतिशत पुगेको हुने, कुपोषण (पुड्कोपन) को दर २५ प्रतिशत र नसर्ने रोगको भार १० प्रतिशतमा झरेको हुने, महिला र वाल वालिकामा रक्त अल्पता क्रमशः ३० र २५ प्रतिशतमा झरेको हुने र ९५ प्रतिशत महिलाले दक्ष स्वास्थ्यकर्मीवाट प्रसूति सेवा लिएका हुने र १० वटा महामारी तथा स्वास्थ्य विपद व्यवस्थापन केन्द्र स्थापना भएका हुनेछन। यसवाट स्वास्थ्य अवस्था मा सुधार आई अपेक्षित आयु (जन्म हुदाको वखत) ७३ वर्ष पुगेको हुनेछ।

## ५.३ जेष्ठ नागरिक र अपाङ्गता

### विद्यमान अवस्था

नेपालीको औसत आयु बढेर ६९ वर्ष पुगेको छ। नेपालमा जेष्ठ नागरिकको जनसङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ। सामाजिक सुरक्षा र गरिबी निवारण संविधानत: सङ्घको अधिकार क्षेत्रका विषय रहेका छन। जेष्ठ नागरिक, दिव्याङ्ग र अशक्तहरुको व्यवस्थापन स्थानीय तहको अधिकार सूची भित्र रहेको छ। प्रदेशले सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक र दिव्याङ्ग व्यक्तिहरूको जीवनयापन व्यवस्थापनमा साझा अधिकारहरु कार्यान्वयन गर्नुपर्ने हुन्छ।

प्रदेशमा आ.व. ०७५/७६ को स्थिति हेर्दा जेष्ठ नागरिक तथा अपाङ्गगता मैत्री सार्वजनिक पूर्वाधार १० प्रतिशत रहेको, रोजगारी तथा पुनर्स्थापना भएका अपाङ्गता भएका व्यक्ति २० प्रतिशत, जेष्ठ नागरिक सेवा केन्द्र तीन र जेष्ठ नागरिक दिवा सेवा केन्द्र एक रहेको अवस्था छ।

### प्रमुख समस्या

राज्यप्रदत्त सामाजिक सुरक्षा, सुविधा, क्षमता उपयोग जस्ता कार्यक्रमले मात्र जेष्ठ नागरिकप्रति राज्यको जिम्मेवारी पूरा हुँदैन। समाजमा जेष्ठ नागरिकप्रतिको सकारात्मक भावनाको विकास नहुँदासम्म जेष्ठ नागरिकको उचित रेखदेख एवम् व्यवस्थापन हुन सक्दैन। जेष्ठ नागरिकले अनुभव गर्ने विभेद, अनादर असमानता र अपहेलनाका कारण उनीहरुको भूमिका गौण हुँदै गइ बोझिलो जीवन यापन हुनु नै प्रमुख समस्या हो। जेष्ठ

नागरिकको विशिष्ट प्रकृतिको विशेषज्ञता र क्षमतालाई राज्यले उपयोग गर्न नसक्नु अर्को ठूलो समस्या हो।

## चुनौती तथा अवसर

एकल परिवारको अवधारणा, पारिवारिक न्यून बचत र औसत आयुमा वृद्धिका कारण जेष्ठ नागरिकको जीवन व्यवस्थापन कठिन बन्दै गएको छ। जेष्ठ नागरिक शारीरिक तथा मानसिक कारणबाट आफूलाई अन्य नागरिकको तुलनामा विभेद भएको अनुभव गर्छन्। सन्तानले जेष्ठ नागरिकहरूलाई रेखदेख गर्ने प्रवृत्तिमा ह्रास आएको कारणले जेष्ठ नागरिकलाई कसरी उत्पादनशील क्षेत्रमा उपयोगी बनाउने चुनौती देखिएको छ।

जेष्ठ नागरिक र दिव्याङ्ग व्यक्तिहरूको लागि सामाजिक सुरक्षा, वित्तीय स्रोत, भौतिक सुविधा एवम् हेरविचार व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

जेष्ठ नागरिकको लागि बृद्धाश्रम र दिव्याङ्गहरूको लागि दिव्याङ्ग सहयोग केन्द्रहरू सामाजिक सहयोगबाटै पनि स्थापना र सञ्चालन भएका छन। गैरसरकारी तथा गैरनाफामूलक संस्थाहरुको सामाजिक उत्तरदायित्व अन्तरगत विभिन्न संस्थाहरूबाट जेष्ठ नागरिक र दिव्याङ्गहरूलाई आर्थिक उपार्जनमा लगाउन सकिने अवसर रहेको छ।

## क्षेत्रगत सोच

जेष्ठ र दिव्याङ्ग नागरिकहरूको सम्मानित जीवन यापन।

## लक्ष्य

सबै जेष्ठ र दिव्याङ्ग नागरिकहरूको सम्मानपूर्वक जीवन निर्वाह भएको हुने।

## उद्देश्य

जेष्ठ नागरिक र दिव्याङ्गहरूलाई समाजमा भेदभाव रहित सम्मानजनक र सहज ढङ्गले जीवनयापन गर्ने वातावरण तयार गर्नु।

## रणनीति

- जेष्ठ नागरिकहरूलाई आधारभूत आवश्यकता प्रदान गरी जीवनको उत्तरार्द्ध सुखद एवम् संतोषप्रद बनाउदै उनीहरुको क्षमताको उपयोग गर्ने।
- दिव्याङ्गहरुलाई जनजीविकाको लागि सहज वातावरण सिर्जना गर्दै उनीहरूको क्षमताको अभिबृद्ध गर्दै सोको उपयोग गर्ने।

### कार्यनीति

- सामाजिक सुरक्षा कार्यक्रममा जेष्ठ नागरिकको योग्यता र सीप सम्बन्धी विवरण तयार गरी उनीहरुबाट हुनसक्ने प्रत्यक्ष अप्रत्यक्ष योगदानको लेखाजोखा तयार गरिनेछ।
- जेष्ठ नागरिकहरूको ज्ञान र अनुभवको सदुपयोग गरिनेछ।
- भौतिक संरचनाहरू दिव्याङ्गमैत्री निर्माण गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार दिव्याङ्गमैत्री बनाइनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा जेष्ठ नागरिक तथा अपाङ्गगता मैत्री सार्वजनिक पूर्वाधार ४५ प्रतिशत र रोजगारी तथा पुनर्स्थापना भएका अपाङ्गता भएका व्यक्ति ५० प्रतिशत पुगेका हुनेछन। त्यसैगरी सवै स्थानीयतहलाई जेष्ठ नागरिकको सम्मानजनक जीवनयापनका लागि सहयोग भएको हुने, जेष्ठ नागरिक सेवा केन्द्र ९ र जेष्ठ नागरिक दिवा सेवा केन्द्र ९ वटा स्थापना भएको हुने, १२० जना अपाङ्गता भएका व्यक्तिको लागि सार्वजनिक क्षेत्रमा रोजगारी श्रृजना भएको हुनेछ।

## ५.४ महिला सशक्तिकरण

### विद्यमान अवस्था

"यत्र नारी पूज्यन्ते, रमन्ते तत्र देवता" मा आधारित मान्यता अनुरुप शक्ति, ज्ञान र समृद्धिको द्योतक महिलालाई जगत जननीको रुपमा लिने प्रदेशमा महिलाको जनसङ्ख्या ५२.४ प्रतिशत छ। आधार वर्ष ०७५/७६ को तथ्यांकको आधारमा यस प्रदेशमा महिला साक्षरता ३९ प्रतिशत छ।१५ देखि १९ (किशोरावस्था) वर्षको उमेरमा गर्भवती हुनेको सङ्ख्या २७ प्रतिशत छ। त्यस्तै लैङ्गिक असमानताको राष्ट्रिय सूचकलाई नै प्रदेशको समेत आधार लिंदा ०.४७६ रहेको, महिला परिवार मूली १३.६ प्रतिशत रहेको, सम्पत्ति माथिको महिलाको स्वामित्व (घर जग्गा) १०.७ प्रतिशत रहेको, पुरुषको तुलनामा महिला श्रम सहभागिता दर ६५.३ प्रतिशत रहेको, आर्थिक प्रतिष्ठनमा महिलाको संलग्नता २४.४ प्रतिशत रहेको, एकल महिला संजाल ८ वटा गठन भएको, शारिरिक तथा यौन हिंसा भोगेका महिला ( १५-४९ वर्ष) ६.१ प्रतिशत रहेको अवस्था छ।

पछिल्ला वर्षहरूमा स्वास्थ्य सेवाका सूचकका रूपमा रहेका अपेक्षित औषत आयू, मातृ मृत्युदर, बाल मृत्युदरमा सुधार हुँदै गए पनि ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू सामान्य उपचारका लागि शहर आउनुपर्ने बाध्यता रहेको छ।

यस प्रदेशका जम्मा ५.७ प्रतिशत महिलाले साताको एकपटक पत्रिका पढेको देखिन्छ भने २७.७ प्रतिशत महिलाले रेडियो सुन्ने र ४९.६ प्रतिशत महिलाले टेलिभिजन हेर्ने गरेको देखिन्छ। यो प्रदेशका जम्मा ४.१ प्रतिशत महिलाको मात्रै तीनै थरी सञ्चारमा पहुँच रहेको छ। प्रदेश २ का ८.२ प्रतिशत महिलाको इन्टरनेटमा पहुँच देखिन्छ।

नेपालको संविधानले समतामूलक समाजको परिकल्पना गर्दै महिला हक स्थापित गरेको छ। महिला हक अधिकारको प्रत्याभूति दिलाउन प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा लैंङ्गिक मूलप्रवाहीकरण तथा सशक्तिकरणका माध्यमबाट लैंङ्गिक हिंसा भेदभावको अन्त्य गर्ने र असहाय र महिलाहरुको क्षमता आभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने उल्लेख गरेको छ। प्रदेश सरकारले सृजना गर्ने रोजगारीका अबसरहरुमा महिलालाई ५० प्रतिशत आरक्षण दिने नीति अबलम्बन गरेको छ।

### प्रमुख समस्या

लैंगिक असमानता, घरेलु हिंसा, दहेज प्रथा, बालविवाह, डायन (बोक्सी), छुवाछुत जस्ता सामाजिक कुरीतिका कारण महिला माथि हुने हिंसा विद्यमान छ। यी बिसङ्गतिहरुलाई समाजबाट निर्मुल पार्ने काम चुनौतीपूर्ण छ।

सबै प्रकारका सामाजिक, आर्थिक गतिविधिहरुमा महिलाको अर्थपूर्ण सहभागिता बढ्न नसक्नु यस क्षेत्रको मूख्य समस्या हो। महिलाहरुको श्रम योगदान राष्ट्रिय आर्थिक गणनामा आउन नसक्दा आज पनि आर्थिक सामाजिक विभेदका शिकार भएका छन।

### चुनौती तथा अवसर

लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तिकरणका माध्यमबाट लैंङ्गिक हिंसा, असमानता र भेदभावको अन्त्य गर्नु यस क्षेत्रको प्रमुख चुनौती हो। समाजमा विद्यमान कुरीतिहरुको अन्त्य तथा किशोरी शिक्षा प्रबर्द्धन थप चुनौती हो।

स्थानीय तह र प्रदेशमा राजनैतिक स्तरमा उल्लेख्य सङ्ख्यामा महिला प्रतिनिधित्व सुनिश्चित भएको छ। प्रदेश सरकारको बेटी पढाउ बेटी बचाउ अभियान मार्फत महिलाको सर्वाङ्गिण विकासमा थप प्रयत्न भएको छ।

## क्षेत्रगत सोच
लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण।

## लक्ष्य
विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम भएको हुने।

## उद्देश्य
- समाजका हरेक वर्गका महिलाहरुको समतामूलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तिकरण गर्नु।
- आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु ।
- कुरीतिजन्य परम्परा हटाई महिलाको मानव अधिकार सुनिश्चित गर्नु।

## रणनीति
- चेतनामुलक लैङ्गिक सशक्तिकरणद्धारा अर्थपूर्ण ढङ्गबाट महिला सहभागिता बढाउने।
- आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गरी रोजगारी सुनिश्चित गर्ने।
- समतामूलक समाज निर्माणमा सहयोग गर्ने

## कार्यनीति
- महिला सशक्तिकरणका लागि विभिन्न किसिमका उद्यमशिलता विकास तथा चेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ।
- महिला हिंसालाइ न्यूनिकरणको लागि विभिन्न किसिमका अभियान कार्यत्रमहरु सञ्चालन गरिनेछ।
- विपन्न महिलाहरुलाइ सीपमुलक व्यवसाय सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग पु¥याइनेछ।
- गर्भवती तथा सुत्केरी महिलाको प्रजनन् स्वास्थ्य र पोषणयुक्त खानपानको अधिकारलाई सुनिश्चित गरिनेछ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा महिला घर परिवार मूली २० प्रतिशत र पुरुषको तुलनामा महिला श्रम सहभागिता दर ८० प्रतिशत पुगेको हुने, शारिरिक तथा यौन हिंसा भोगेका महिला ( १५-४९ वर्ष) ३ प्रतिशतमा झरेको हुने, सम्पत्ति माथि महिलाको स्वामित्व २० प्रतिशत र इन्टरनेटमा २५ प्रतिशत महिलाको पहुंच पुगेको हुने, आर्थिक प्रतिष्ठानमा महिलाको संलग्नता ३३ प्रतिशत पुगेको हुनेछ। परिणाम स्वरुप लैङ्गिक असमानता सूचक ०.३५ मा झरेको हुनेछ।

## ५.५ बालबालिका

### विद्यमान अवस्था

प्रदेशमा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या ११ लाख ५३ हजार ८०९ रहेको छ। संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूति गरे अनुरुप प्रदेश सरकारले बालमैत्री स्थानीय शासनको प्रोत्साहन गर्ने र बालक्लब, बालसंजाल गठन गरी सचेतना फैलाउन स्थानीय सरकारलाई सहयोग प्रदान गर्ने नीति लिएको छ। बालबालिकाका क्षेत्रमा सरकारी तथा निजी क्षेत्रबाट बिभिन्न कार्यक्रमहरु संचालन गरिएका छन्। विद्यालय तहमा र समुदाय स्तरमा बालसंजाल ,बालक्लवहरु गठन भई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भईरहेका छन्। विद्यालय नजानेमा मुस्लिम र दलित समुदायका बालबालिका बढी छन्। भविष्यका कर्णाधारका रुपमा रहेका बालबालिकाहरू लाई उचित शैक्षिक वातावरण र अवसरहरू प्रदान गरी मानवीय पूँजीको विकास गर्नु जरुरी छ।

आ.व. ०७५/७६ को स्थितिलाई हेर्दा कुपोषणको शिकार अन्तर्गत पुडकोपन भएका ( ५ वर्ष मुनीका बालबालिका ) ३७ प्रतिशत रहेका छन। १ देखि १४ वर्षका उमेर समूहका ८३.८ प्रतिशत बालबालिकाले स्याहार गर्नेबाटै शारिरीक कष्ट पाएका छन। ६ देखि ५९ महिनासम्मका बालबालिकामा भिटामीन ए को प्रयोग भएका संख्या ७८ प्रतिशत रहेको छ ।

वालश्रम (१८ वर्ष मुनी) ३७.४ प्रतिशत, वाल गरिवी दर (५ वर्ष मुनी) ३५.१२ प्रतिशत, वाल कुपोषण ( ५ वर्ष मुनीका वच्चामा ख्याउटेपन) दर १४.४ प्रतिशत, पूर्ण खोप ६५ प्रतिशत, जन्म दर्ता ४५ प्रतिशत र वाल मृत्यु दर प्रति हजार जिवित जन्ममा ५२ रहेको देखिन्छ।

## प्रमुख समस्या

बालबालिकाको स्वास्थ्य र शिक्षामा गरिएको लगानी तथा सञ्चालित कार्यक्रमहरुबाट विपन्न परिवारका बालबालिकाले लाभ लिन नसक्नु नै प्रमुख समस्याको रुपमा रहेको छ। गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा बालबालिकाको पहुँच नहुनु, बालश्रमको अबस्था विद्यमान रहनु, बालविवाह, बाल हिंसा, यौन दुर्व्यवहार जस्ता समस्याहरु विद्यमान छन्। बालबालिका स्वास्थ्य लक्षित नीति तथा संरचना स्थानीय समुदाय केन्द्रित हुनसकेको छैन।

## चुनौती तथा अवसर

सामाजिक प्रचलन सँग जोडिएको दहेज, बालविवाह सम्बन्धी कुरीति हटाइ सामाजिक स्तरको चेतना बढाउने र नागरिलाई बालबालिकाको शिक्षा स्वास्थ्य प्रति जागरुक गराउनु चुनौतीपूर्ण छ।

बालश्रम, बालयौन दुर्व्यवहार निर्मुल गर्नु, लागूपदार्थ दुर्व्यसनबाट किशोर किशोरीलाई मुक्त राख्नु, विद्यालय लगायत सार्वजनिक संस्थाहरुको संरचना बालमैत्री निर्माण गर्नु थप चुनौती हुन।

बालबालिकाका हक- हितका लागि सञ्चालित कार्यक्रम तथा संस्थाहरुको संयुक्त प्रयासमा वालमैत्री स्थानीय तहहरु बनेका छन। सामाजिक कुरीति लगायत हानीकारक व्यवहारप्रति अवज्ञा गर्ने र समुदायस्तरमा सामाजिक चेतना फैलाउन सहयोग पुगेको छ।

बालबालिकालाई विभेद गर्ने र बालबालिकाको विकासमा अवरोध श्रृजना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गर्नु एवम् समुदायलाई बालअधिकार र बालविकास प्रति संवेदनशिल बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु तथा बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता वृद्धि गर्नु चुनौतीको रुपमा रहेकोछ।

## क्षेत्रगत सोच

बालबालिकाको आत्मसम्मानका साथ अधिकारको पूर्ण सुनिश्चितता ।

## लक्ष्य

बालबालिकालाई प्राप्त मौलिकहकको पूर्ण कार्यान्वयनका लागि आवश्यक बालअधिकारहरु प्रत्याभूत भएको हुने।

### उद्देश्य

- बालबालिकाहरूको सर्वाङ्गिण विकास हुने गरी बालअधिकारको पूर्ण प्रत्याभूति दिलाउनु।
- बालमैत्री तथा किशोर किशोरीमैत्री वातावरणको निर्माण गर्नु।

### रणनीति

- विशेष संरक्षणको आवश्यकतामा रहेका सबै बालबालिकाको अधिकार सुनिश्चित गर्ने।
- बालबालिकाका सर्वाङ्गिण विकासको लागि सहयोग पुऱ्याउने किसिमका नीति, कानून, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने।
- सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने,

### कार्यनीति

- विशेष संरक्षणको आवश्यकता रहेका सबै बालबालिकाहरूलाई संरक्षण प्रदान गर्नको लागि विशेष व्यवस्था गरिनेछ।
- प्रदेशलाई बालश्रम र बालविवाह मुक्त बनाइनेछ।
- न्यून आय भएका परिवारका बालबालिकाहरूलाई शिक्षाको उचित प्रवन्ध मिलाइनेछ।
- बालबालिका हकहित संरक्षण गर्न प्रादेशिक कानून तर्जुमा गरी संस्थागत संरचना बनाइनेछ।
- बालबालिकाहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा सुविधाको सुनिश्चितता गरिनेछ।
- बालबालिकाप्रतिको सबै प्रकारका विभेद अन्त्य गरिनेछ।
- बालन्याय प्रणालीलाई सुदृढ गरिनेछ।
- विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई प्राथमिकता दिदै व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गरिनेछ।
- विपन्न, सीमान्तकृत, जोखिमपूर्ण, बञ्चित अवस्था र अप्ठ्यारो परिस्थितिका बालबालिकाको हितलाई विशेष प्राथमिकता दिइनेछ।
- सामाजिक सुरक्षामा बालबालिकाको पहुँच बढाइनेछ।

- बालमैत्री शासन प्रणाली विकासका लागि स्थानीय तहहरुलाई बालबालिका सम्बन्धी कार्यक्रमहरु
  तर्जुमा र कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ।
- बालमैत्री घर, समाज, समुदाय, गाउँ र शहरको निर्माणका लागि प्रयत्न गरिनेछ।

**अपेक्षित उपलब्धि**

योजनाको अन्त्य सम्ममा पूर्ण खोप १०० प्रतिशत र जन्म दर्ता १०० प्रतिशत पुगेको हुने, वाल मृत्यु दर प्रति हजार जिवित जन्ममा २० मा झरेको हुने, ५ वटा स्थानीय तह सडक बालवालिका विहिन भएको हुने र ८ वटा अनाथ बालबालिका पूनर्स्थापना केन्द्र स्थापना भएका हुनेछन। यस अवधिमा वाल कुपोषण दर ७ प्रतिशत र वाल गरिवी दर (५ वर्ष मुनी) १८ प्रतिशतमा झरेको हुनेछ। परिणामस्वरुप वालवालिका सम्वन्धि सवै महत्वपूर्ण सूचकहरुमा सुधार आई वालश्रम (१८ वर्ष मुनी) १७.२ प्रतिशतमा झरेको हुनेछ।

## ५.६ युवा तथा खेलकुद

**विद्यमान अवस्था**

नेपालको कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत युवा (१६देखि ४० वर्षका) रहेका छन। युवाको विकास र सहभागिताका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लक्ष्यहरु छन। यस समूहबाट जनसाङ्ख्यिक लाभ लिन नसक्दा खाडी मुलुकमा रोजगारका लागि जानुपर्ने बाध्यता छ। ७७ जिल्ला मध्ये सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने जिल्लाको रुपमा प्रदेश दुईको धनुषा जिल्ला रहेकोछ। आर्थिक वर्ष २०७४।०७५ मा यो जिल्लाबाट मात्रै ३९ हजार ७७९ जना रोजगारीका लागि विदेशिए।

"खेलाईत युवा खिलखिलाईत प्रदेश" प्रदेश सरकारको अभियानलाई सार्थक पार्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताहरुमा फुटवल, कराँते र क्रिकेट खेलहरुमा युवावर्गको सहभागिता र प्रतिस्पर्धात्मक प्रस्तुति स्तरीय हुनसकेको छ। फुटवल, क्रिकेट, कबड्डी, कुस्ति, भलिबल, पौडी आदि खेलहरुमा प्रदेशका युवाहरुको प्रदर्शन राम्रो रहेको तथा यी खेल विधाहरुमा प्रदेशले राम्रो फड्को मार्ने सम्भावना छ। खेललाई पर्यटनको दृष्टिकोणबाट समेत विकास गर्दै आर्थिक समृद्धि र पृथक प्रदेश पहिचान स्थापित गर्न सकिनेछ।

आ.व.०७५/७६ को स्थिति हेर्दा शिक्षा, रोजगारी वा तालिम नभएका युवा (१५-२४ वर्ष उमेर समूह)को संख्या ४८.३ प्रतिशत रहेको, युवा वेरोजगारी (१५-२४ वर्ष उमेर समूह) र २५-३९ उमेर समूहको क्रमशः ३३.१ र १८.९ प्रतिशत रहेको, खेलकुद तर्फ

राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलमा पदक प्राप्ति ( प्रति सय खेलाडी) १५ रहेको, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी ७५ रहेको अवस्था छ।

**प्रमुख समस्या**

युवा वर्गलाई कृषिमा आकर्षित गर्न सार्वजनिक एवम् सहकारी समेतको माध्यमबाट कार्यक्रमहरु सञ्चालन भएका छैनन। कृषिलाई गरिबी न्यूनिकरण र रोजगारी सृजनाको प्रमुख क्षेत्रको रुपमा विकास गरी विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेश फर्किने वातावरण सृजना गर्नको लागि कृषिको यान्त्रिकीकरण र व्यवसायिकीकरण गर्न जरुरी छ।

खेलकुदको लागि नीति, प्रशिक्षण केन्द्र तथा वातावरण पूर्वाधारको अभाव छ। यसलाई पर्यटन लगायत अन्य आर्थिक गतिविधिसंग जोड्न सकिएको छैन।

रोजगारमुलक तालिम कार्यक्रमहरूमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाई अन्तर्राष्ट्रिय श्रम बजारको पहिचान गर्नु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, उत्पादनमूलक रोजगारीको सृजना गरी गरिबी न्यूनिकरण गर्नु, श्रम बजारमा रहेको सीपयुक्त जनशक्तिको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षा पद्धतिलाई जनतासम्म पहुंच पुर्याउनु, रोजगारीसम्बन्धी सूचनालाई सर्वसाधारण सम्म पुर्याउनु रहेका छन्।

**चुनौती तथा अवसर**

युवाका लागि क्षमता तथा सीपमा आधारित रोजगारीका अबसर सृजना गर्न नसक्नु प्रमुख चुनौती हो। कृषिलाई गरिबी न्यूनिकरण र रोजगारी सृजनाको प्रमुख क्षेत्रको रुपमा विकास गरि व्यावसायिकीकरण गर्नु जरुरी छ। खेलकुदलाई व्यावसायिकीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका क्षमता भएका खेलाडी उत्पादन गर्नु र खेलकुदको लागि पर्याप्त भौतिक पूर्वाधार व्यवस्था गर्ने वित्तीय स्रोत जुटाउनु चुनौतीपूर्ण रहेको छ।

जनसङ्ख्यामा युवाहरूको बाहुल्यता रहेको र खेलकुदलाई व्यावसायिक रुपमा ग्रहण गरी खेलकुद क्षेत्रको विकास गर्ने अवसर रहेको छ।
खेलकुद सम्बन्धी अधिकार सङ्घ र प्रदेशको साझा सूची र तीनै तहको साझा सूचीमा छ।

## ३. क्षेत्रगत सोच

खेलकुद क्षेत्रको समग्र विकास गरी युवाहरुको व्यक्तित्व विकास।

### लक्ष्य

युवा जनशक्तिलाई उत्पादनशील बनाइ स्वदेशमै रोजगारी सृजना गरिएको हुने।

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन भएको हुने।

### उद्देश्य

- युवा र बालबालिकाहरुलाई खेलकुदको अवसर प्रदान गर्नु,
- खेलकुदको समग्र विकास गर्नु।

### रणनीति

- खेलकुदका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने।
- नियमित रुपमा प्रदेशस्तरिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने।
- खेलकुदलाई अन्य आर्थिक क्रियाकलापसंग आवद्ध गर्ने।

### कार्यनीति

- जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तीकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका युवालाई प्रदेश सञ्चालनका हरेक प्रक्रियामा सक्रिय सहभागिता गराइने छ।
- उच्च माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क र अनिवार्य बनाउनेतर्फ पहल गर्दै युवाको शिक्षा माथिको पहुँच सुनिश्चित गरिनेछ।
- जलसम्पदा, वन सम्पदा, पर्यटकीय सम्पदा, कृषि, पशुपालन, खानी, वनविज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका विषयमा जोड दिई प्राविधिक शिक्षालयहरू स्थापना गर्ने, युवालाई शैक्षिक ऋणको व्यवस्था मिलाउने, विश्वविद्यालय मार्फत उच्च शिक्षाको अवसर प्रदान गर्ने, छात्रवृत्तिको व्यवस्था गर्ने, विदेशी श्रम बजारमा संलग्न युवाका लागि विशेष शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि स्वरोजगार र उद्यम गर्न अवश्यक कार्यक्रम ल्याइनेछ।

- खेलकुदलाई शिक्षाका रूपमा विकास गर्न सबै उच्च माध्यमिक विद्यालय र कलेजहरूमा प्रोत्साहित गरिनेछ।
- स्थानीय तहको सहकार्यमा पालिकाहरुमा खेलमैदान निर्माण गरिनेछ।
- प्रदेशस्तरीय खेलकुद परिषद गठन गरी खेलकुद प्रवर्द्धन गरिनेछ।
- स्थानीय तहको सहकार्यमा स्थानीय तहमा खेलकुद प्रशिक्षण दिने व्यवस्था गरिनेछ।
- अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेशस्तरको खेलकुद प्रतियोगितामा विजयी खेलाडीलाई प्रदेशमा पनि पुरस्कृत गरिनेछ।
- प्रमुख खेलहरुलाई व्यवसायिकरण गरेर खेलाडीहरुको आयआर्जन बढाउने व्यवस्था गरिनेछ।
- विद्यालय तहमा खेलकुद शिक्षा अनिवार्य गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा शिक्षा, रोजगारी वा तालिम नभएका युवा (१५-२४ वर्ष उमेर समूह)को संख्या ३५ प्रतिशत, युवा वेरोजगारी (१५-२४ वर्ष उमेर समूह) र २५-३९ उमेर समूहको क्रमशः २२ र १२ प्रतिशत मा झरेको हुने, खेलकुद तर्फ राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलमा पदक प्राप्ति ( प्रति सय खेलाडी) ३० र, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी १५० पुगेको हुने, १६ वटा कभर्डहल/रंगशाला निर्माण/स्तरोन्नति हुनुका साथै नियमित खेलकुद प्रतियोगिता आयोजना भएका हुनेछन।

## ५.७ भाषा कला साहित्य तथा सम्पदा संरक्षण

### विद्यमान अवस्था

माता जानकी, राजर्षी जनक, श्रीराम हनुमान गार्गी, मैत्रेयी, याज्ञवल्क्य, दिनाभद्री, सहलेश तथा वीर लडाकाहरुको इतिहास भएको पावन भूमि **प्रदेश २** का भाषा ,साहित्यको आफ्नै युगीन इतिहास छ। प्रदेश भित्र बोलिने मातृभाषाहरुमा ४५.२९ प्रतिशत (२४,४७,९७८) ले मैथिली र १८.५७ प्रतिशत (१,००,३७०) ले भोजपुरी बोल्ने गर्दछन। मैथिली , भोजपुरी लगायत विविध भाषा, साहित्य र जनक- जानकी सम्बद्ध धार्मिक साँस्कृतिक धरोहर भएको यस प्रदेशमा सय भन्दा बढी जातजाति वसोवास गर्दछन।

आ.व.०७५/७६ को स्थिति हेर्दा कूल वजेटको ०.०६ न्युन प्रतिशत वजेट विनियोजन भएको, ५० वटा पूरातात्विक मठ, मन्दिर, मस्जिद, ताल तलैया आदिको संरक्षण भएको, मौलिक भाषा, कला साहित्य र सम्पदा संरक्षण सम्वन्धि कार्यक्रम रहेको अवस्था छ।

## क्षेत्रगत सोच

प्रदेश भित्रका भाषा, कला र साहित्य तथा संस्कृतिको विकास र जगेर्ना।

## लक्ष्य

भाषा, कला, साहित्य संस्कृति र सम्पदाहरूको संरक्षण र सम्वर्द्धन भई मौलिकताको विकास भएको हुने।

## उद्देश्य

- प्रदेशका विविध भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नु।
- भाषा, कला, साहित्य तथा संस्कृतिको प्रवर्द्धन मार्फत पर्यटकलाई आकर्षित गर्नु

## रणनीति

- विद्यमान भाषा, कला, साहित्य र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरी मौलिकता कायम राख्ने।
- साँस्कृतिक विविधतालाई सदुपयोग गरी वाह्य तथा आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने।
- सम्मान र पुरस्कारको माध्यमबाट प्रादेशिक भाषा, कला, साहित्य तथा संस्कृतिको विकास र प्रवर्द्धन गर्ने।
- विशिष्टिकृत वा विस्तारित रुपमा भाषा, कला, साहित्य र सांस्कृतिक प्रतिष्ठानको स्थापना गर्ने।

## कार्यनीति

- लोपन्मुख भाषा शिक्षा सञ्चालनको लागि सहयोग गरिनेछ।
- परम्परागत सांस्कृतिक संरक्षणको लागि आवश्यक सहयोग गरिनेछ।
- भाषा र संस्कृति सम्बर्द्धनको लागि स्थानीय तह र सामुदायिक संस्थाहरुलाई परिचालित गरिनेछ।
- विविध जातीहरूका मौलिकता संरक्षण गर्न सांस्कृतिक संग्रहालयहरू निर्माण गरिनेछ।

**अपेक्षित प्रतिफल**

यस क्षेत्रमा वजेट विनियोजन वढ्दै गई योजनाको अन्तिम बर्षमा कूल वजेटको ०.११ प्रतिशत विनियोजन भएको हुने, २०० वटा पूरातात्विक मठ, मन्दिर, मस्जिद, ताल तलैया आदिको संरक्षण भएको हुने, ३० वटा स्थानीय तहलाई मौलिक भाषा, कला साहित्य र संरक्षण सम्वन्धि कार्यक्रममा सहयोग भएको हुने, ८ वटै जिल्लामा पूरात्त्विक सम्पदाहरुको विद्युतीय अभिलेखीकरण भएको हुनेछ।

# परिच्छेदः छ
# पूर्वाधार

## ६.१ सडक तथा यातायात

### विद्यमान अवस्था

यातायात पूर्वाधार विकासको दृष्टिकोणले प्रदेश २ अन्य प्रदेशहरु भन्दा अग्रणी स्थानमा छ। आ.ब ०७५/७६ को स्थिति हेर्दा दुई किलोमिटरको दुरी भित्र सर्वयाम सडकको पहुंच भित्र रहेको ग्रामिण जनसंख्या ८७.८१ प्रतिशत, सडक घनत्व प्रति सय वर्ग कि.मी. ५८.९५ कि.मी, प्रदेश भित्रको सडकको लम्वाई ३१७० कि.मी र यसमध्ये स्तरोन्नति भएको ५७५ कि.मी, ४० प्रतिशत सडकहरु मापदण्ड लागू भएका, ३५ कि.मी रेल सेवा विस्तार भएको र प्रभावकारी यातायात व्यवस्थापन भएका स्थानीय तहको संख्या १० वटा रहेको अवस्था छ।प्रारम्भ बिन्दु निजगढ रहेको काठमाडौंलाई तराई -मधेश सित जोड्ने ७६ कि.मि. लामो द्रुतमार्ग निर्माणाधीन छ। प्रदेशका मूख्य शहरहरु राजविराज, जनकपुरधाम र सिमरा स्थित विमानस्थल हवाइमार्गबाट काठमाडौंसँग जोडिएका छन। प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक काम शुरु भएको छ। यसैगरी भारत विहारको जयनगर देखि नेपालको जनकपुरधामसँग रेलमार्गबाट जोडिएको छ।साथै आर्थिक नगरी विरगंज भारतको कोलकाता एवम् विशाखापट्नमसँग जोडिएको छ।रेलसेवा तत्काल बर्दिबाससम्म बिस्तार हुने क्रममा छ। भारतको पटनाबाट जनकपुरधाम (१२३ कि.मि.) का लागि नेपालका निजी क्षेत्रका र भारतीय (विहार राज्य परिबहन) बससेवा सञ्चालनमा छन।

सडक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन प्रदेशको अधिकार क्षेत्रमा रहेका छन। यस अन्तर्गत प्रदेश सडकको गुरुयोजना निर्माण, स्तरोन्नति, कार्यान्वयन र नियमन, मर्मत सम्भार र व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, यातायात सुरक्षा व्यवस्था र नियमन, सम्भार कोष व्यवस्थापन, र सडक प्रविधि र संस्थागत विकास सम्बन्धी प्रदेशस्तरीय अध्ययन र अनुसन्धान रहेका छन्।

### प्रमुख समस्या

सडकहरु स्तरीय, सुरक्षित र भरपर्दो नहुँदा औद्योगिक ढुवानी लागत नघट्नु समस्याको रुपमा रहेको छ। समयमा मर्मत सम्भार हुन नसक्दा सडक पुनःनिर्माण खर्चिलो भएको छ। दीर्घकालिन सोच नराखी हचुवाको भरमा बनेका सडक आफै डुबानका कारण बनेका छन।

## चुनौती तथा अवसर

निर्माणाधीन सडकहरु कालोपत्रे तथा गुणस्तर सुधार गर्न र सडकको मर्मत सम्भारको लागि लगानी जुटाउनु र लगानीको अधिकतम प्रतिफल सुनिश्चित हुने गरी भरपर्दो यातायात सुविधा वातावरणमैत्री ढङ्गले उपलब्ध गराउनु चुनौतीपूर्ण रहेको छ। प्रदेश परिवहन सेवा स्थापना एवम संचालन हुन नसक्नु चुनौती हो।

सडक विकासको लागि चाहिने ज्ञान, अनुभव तथा प्रविधि देशमै उपलब्ध रहेको छ। गुणस्तर कायम राख्न मद्दत मिल्ने निर्माण सामग्री तथा उपकरणहरू सहज उपलब्ध छ। सडकको विकास र विस्तारले प्राथमिकता पाएको अवसर रहेको छ।स्थानीय तहको स्रोत साझेदारीमा अन्तर स्थानीय तह सडक र यातायात सेवा तथा अन्तर प्रदेश परिवहन सञ्चालन गर्ने अवसर छ।सस्तो ढुवानीका लागि रेलसेवा सहयोगी हुने देखिन्छ।

## सोच

सन्तुलित, सुलभ, सुरक्षित, स्तरीय एवम् दिगो सडक पूर्वाधारको विकास।

## लक्ष्य

प्रदेशको प्रत्येक शहरबाट अर्को शहरसम्म कम समयमा पुग्न सकिने अन्तर्राष्ट्रिय मापदण्डसहितका सडक संजालको बिस्तार गरी आर्थिक सामाजिक विकास र व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल भएको हुने।

## उद्देश्य

- स्तरीय सडकको पहुँचबाट यातायात सुविधालई सहज बनाइ ढुवानी लागत कम गर्नु।
- सडक पूर्वाधारहरुको उचित संरक्षण मर्मत सम्भार गरी सवारी आवागमन सहज बनाउनु।

## रणनीति

- आधुनिक संरचना सहितको गुरु योजनामा आधारीत सुरक्षित सडक संजाल विकास गर्ने।
- संस्थागत क्षमताको विकासलाई उच्च प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्ने।

- प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुने हानी नोक्सानी न्यूनिकरण गर्ने।
- सडकको डिजाइन निर्माण मर्मत सम्भार तथा आधुनिक प्रविधिको उपयोग र यान्त्रिकीकरणमा जोड दिने।
- प्रदेश सरकारको प्राथमिकतामा परेका सडकहरुको निर्माणमा तदारुकता दिने।

**कार्यनीति**

- सडकले भार बहन गर्ने क्षमता सवारी चाप तथा योगदान लगायत विभिन्न मापदण्डका आधारमा प्रदेशका सडकहरुको बर्गीकरण गरी दीर्घकालीन गुरुयोजना तयार गरिनेछ।
- जग्गा अधिग्रहण भइसकेका सडक वन र सम्बन्धित कार्यालयहरु स्वीकृति र अन्य पूर्वतयारी सम्पन्न भएका सडकको कार्य अगाडि बढाइनेछ।
- सडक सम्बन्धी प्रादेशिक कानून तथा नीतिगत व्यवस्था समय अनुकूल परिमार्जन गरिनेछ।
- प्रदेशका मूख्य शहर र सबै बस्तीहरूमा स्तरीय सडक सञ्जाल बिस्तार गरिनेछ। प्रस्तावित नयाँ सडकहरु हुलाकी सडकलाई कनेक्ट वा इन्टरसेक्ट गर्ने गरी डिजाइन गरिनेछ।
- शहरी क्षेत्रमा भरपर्दो र सहज यातायात प्रणालीको विकास गरिनेछ।
- बैकल्पिक यातायात पूर्वाधारहरू विकास गरिनेछ।
- निजी तथा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्दै सुदृढ यातायात प्रणालीको विकास गरिनेछ।
- सडक बोर्ड नेपालको सहकार्यमा प्रदेशस्तरमा सडक मर्मत सम्भार कोषको व्यववस्था गरिनेछ।
- पर्यटन प्रवर्द्धनका लागि प्रस्ताव गरिएका स्थानहरुलाई सडक मार्गले जोड्न प्राथमिकता दिइनेछ। साथै स्थानिय तह सँग साझेदारीका लागि प्रयत्न गरिनेछ।
- प्रिकास्ट कंक्रिट र अन्य द्रूत निर्माणका प्रविधिहरूलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।
- हुलाकी राजमार्ग निर्माण सम्पन्न गर्न समन्वय र सहजीकरण गरिनेछ।
- हुलाकी राजमार्ग जोडिने सडकहरु स्तरीय बनाइनेछ।

- प्रदेशको केन्द्र र सीमा क्षेत्रका बस्तीहरूलाई यातायात सुविधासँग जोड्ने गरी विषेश कार्यक्रम र प्रादेशिक सार्वजनिक यातायात सेवा सञ्चालन गरिनेछ।
- प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा सञ्चालन गरिनेछ।
- भरपर्दो यातायात व्यवस्थाको लागि निजी क्षेत्रलाई प्रोत्साहनका अतिरिक्त प्रभावकारी नियमन गरिनेछ।
- प्रदेश सरकारको लगानी हुने कुनै पनि शहरी सडकमा नालीको व्यवस्था शुरुदेखि नै अनिवार्य गरिनेछ।
- सडक दुर्घटना न्यूनिकरणका लागि विशेष सतर्कताका उपायहरु अबलम्न गर्दै सडक सङ्केत, यात्री प्रतिक्षालय निर्माण, पैदल यात्रुका लागि पेटी, विशेष प्रकाश चिन्ह जडान आदिमा लगानी गरिनेछ।
- विद्यमान सडकको मर्मत सम्भार तथा गुणस्तर सुधार गरिनेछ।
- प्रदेश परिवहन बोर्ड स्थापित गरिनेछ।
- नेपाल सरकारसँगको सहकार्यमा प्रदेशका आठ वटै जिल्लामा रेल यातायात विकास गरिनेछ। साथै जनकपुर बृहद् परिक्रमा सडकमा मेट्रो रेलको विकास गरिनेछ।

**अपेक्षित उपलब्धि**

योजनाको अन्त्य सम्ममा प्रदेश भित्रको सडकको कूल लम्वाई ३५०० कि.मी र यसमध्ये स्तरोन्नती भएको सडक ८३० कि.मी भएको हुने, ४५ वटा सडक पुल र २० वटा झोलुङ्गे निर्माण भएको हुने, ८० प्रतिशत सडकहरु मापदण्ड अनुसारका हुने, ६९ कि.मी रेल सेवा विस्तार भएको हुने, १००० कि.मी. सडकमा दायां वायां सडक किनारमा वृक्षारोपण भएको र ३५० वटा ट्राफिक पोष्ट स्थापना एवं सुदृढीकरण भएको हुनेछ। यसवाट सडक घनत्व वृद्धी भई प्रति सय वर्ग कि.मी. ७५.२४ कि.मी पुगेको र १३६ वटै स्थानीय तहमा प्रभावकारी यातायात व्यवस्थापन भएको हुनेछ। परिणामस्वरुप दुई किलोमिटरको दुरी भित्र सर्वयाम सडकको पहुंच भित्र रहेको ग्रामिण जनसंख्या १०० प्रतिशत पुगेको हुनेछ।

## ६.२ सौर्य उर्जा तथा बायो ग्याँस

### विद्यमान अवस्था

नेपालको प्रमुख औद्योगिक क्षेत्र रहेको यस प्रदेशको उर्जा माग हालसम्म राष्ट्रिय प्रसारण मार्फत विद्युत उर्जाका रुपमा आपूर्ति भइरहेको छ। प्रदेशमा जलविद्युत उत्पादनको सम्भावना न्यून रहेको तर बैकल्पिक उर्जाको रुपमा सौर्य ऊर्जाको राम्रो संभावना छ। व्यवसायिक रुपमा उपयोगमा नआउने खाली जमिनमा सौर्य उर्जा उपकरण जडान गरी करीब २२३ मेगावाट सौर्य ऊर्जा उत्पादन गर्न सकिने सम्भावना छ। १५० मेगावाट क्षमताको सौर्य ऊर्जाको प्लान्ट निर्माणका लागि निजी क्षेत्र सँग लगानी सम्झौता भएको छ।

आ.व. ०७५/७६ को अवस्था हेर्दा जम्मा उर्जा खपतमा सौर्य तथा वायोग्याँसको अंश एक प्रतिशत रहेको, वत्तीको लागि सोलारको उपयोग २.२८ प्रतिशत रहेको, गोवर ग्याँस प्रयोग गर्ने परिवार ०.९७ प्रतिशत रहेको, सुधारिएको चुल्होको प्रयोग २७ प्रतिशत रहेको छ।

### प्रमुख समस्या

सौर्य ऊर्जा उत्पादनका लागि जग्गा उपलब्ध हुने र सूर्यप्रकाश लामो समयसम्म उपलब्ध हुने यस क्षेत्रमा बैदेशिक लगानी भित्र्याउन सकिएको छैन। सौर्य उर्जाको बारेमा जनस्तरमा यथेष्ट ज्ञान नहुनु पनि समस्या हो।

### चुनौती तथा अवसर

सौर्य ऊर्जाको प्लान्ट स्थापनाका लागि आवश्यक नीतिगत व्यवस्था, जग्गाको उपलब्धता र यस क्षेत्रमा बैदेशिक लगानी भित्र्याउन चुनौती हुन्। जलविद्युत्को तुलनामा निर्माण अवधि छोटो हुनु र निर्माणाधीन हुँदा देखि नै आंशिक उत्पादन लिन सकिनु यसको अर्को आकर्षण हो। सबै घरमा बिजुली पुऱ्याउने लक्ष्यको सन्दर्भमा ग्रिड पुऱ्याउन नसक्ने घरको लागि सौर्य ऊर्जा राम्रो अवसर हो। सौर्य उर्जाको प्रयोग कृषि क्षेत्र लगायत खाना पकाउन बैकल्पिक सौर्य चुलो र टुकी प्रकाशको प्रचुर सम्भावना छ।

### क्षेत्रगत सोच

विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन।

### लक्ष्य

सौर्य उर्जाको पहुँच बढाई आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याइएको हुने। राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा भरपर्दो सौर्य ऊर्जा उपलब्ध गराइएको हुने।

### उद्देश्य

- सौर्य उर्जाको उत्पादन बढाउनु।
- बायोग्याँस, बायोडिजेल, बायोब्रिकेट, बायोइन्धनमा आधारित विद्युत् तथा ताप ऊर्जाको प्रवर्द्धनद्वारा ऊर्जामा परनिर्भरता कम गर्नु।

### रणनीति

- सौर्य उर्जा सम्बन्धी नीति तर्जुमा र संरचना स्थापना गर्ने।
- सौर्य उर्जा उत्पादनका लागि नवीनतम प्रविधिको प्रयोग गर्ने।
- निजी क्षेत्रको लगानी आकर्षित गरी यसको प्रयोग बिस्तार गर्ने।
- जैविक ऊर्जा उत्पादन गर्न सकिने कच्चा पदार्थ सजिवन खेती समेत प्रोत्साहित गर्ने।

### कार्यनीति

- सौर्य ऊर्जाको प्रचुर विकासका लागि आवश्यक नीति नियम तर्जुमा एवम् संरचना बनाइनेछ।
- सौर्य ऊर्जाको लागि प्रदेश सरकारले अनुमति दिने व्यवस्था गर्न पहल गरिनेछ।
- सिँचाइ, कृषि, पर्यटन तथा उद्योग सञ्चालनमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहन दिइनेछ।
- सजिवन उत्पादनको तथ्याङ्क सङ्कलन तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- गोबरग्याँस प्लान्ट स्थापना तथा सञ्चालनको लागि सहयोग गरिनेछ।
- सौर्य ऊर्जा उत्पादनमा निजी क्षेत्रलाई आकर्षित गरी सौर्य ऊर्जा उत्पादन र औद्योगिक क्षेत्रमा आपूर्ति गरिनेछ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा गोवर ग्याँस र सुधारिएको चुल्हो प्रयोग गर्ने परिवार क्रमशः ६.२० र ३४.५ प्रतिशत भई उर्जा खपतमा सौर्य तथा वायोग्याँसको अंश २.२८ प्रतिशत पुगेको हुनेछ।

## ६.३ शहरी विकास

### विद्यमान अवस्था

शहरीकरणलाई आर्थिक विकासको सम्बाहकको रुपमा लिइन्छ। प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन र शहरीकरणको स्तर बीच गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ। आवश्यक पूर्वाधार बिनाको शहरीकरण उत्पादनशील हुनसक्दैन। अतः गुणस्तरीय पूर्वाधारमा लगानी गर्नु, व्यवस्थित र उत्थानशील शहरीकरणका पूर्व शर्त हुन। नेपालको शहरी जनसङ्ख्या करिब ५८ प्रतिशत र औसत वृद्धिदर करिब ५ प्रतिशत छ। नेपालको कूल शहरी जनसङ्ख्याको करीब ३०.५ प्रतिशत रहेको यस प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेकोमा केहीले मात्र योजनावद्ध शहरीकरणको अबधारणामा काम गर्न सकेका छन। यस प्रदेशमा हाल ७१.९७ प्रतिशत जनसंख्या शहरमा वसोवास गर्दछन। १० वटा शहर सन्तुलित शहरी प्रणाली र सन्तुलित शहरको रुपमा निर्माण भएका छन भने एउटा शहरको मात्र योजनावद्ध रुपमा विकास भएको देखिन्छ। प्रदेशभर ८१ वटा नगर विकास समितिहरु नगर विकासको मापदण्ड र शहरी विकास सम्बन्धी कामका लागि गठन भएका छन। स्थानीय तहको पुनसंरचना गरिंदा बढी भन्दा बढी ग्रामीण क्षेत्रहरु सम्मिलित गरी उपमहानगर र महानगर गठन भएका छन। उदाहरणका लागि ३२ वडामा विभाजित वीरगञ्ज महानगरको वडा नं २८ देखि ३२ मा सम्मिलित गरिएका बगही, बसडिलवा, लालपर्सा, बेगवा, चोरनी ग्रामीण क्षेत्रमा महानगरको शहरी पूर्वाधार विकास गर्न दशकौं कुर्नुपर्ने अबस्था छ। लहान, मिर्चैया, नगराइन, ईश्वरपुर, बरहथवा, गौशाला, बर्दीबास, जलेश्वर, राजविराज, कन्चनरुप, निजगढ जस्ता शहरहरु Growth Centre का रुपमा विकसित हुँदै गएका छन। यसैगरी नगरपालिकाहरु पुनर्संरचित हुँदा गाँसिएर आएको भूक्षेत्रको जनसङ्ख्याको उपस्थितिका लागि शहरी सेवा सुविधा पुर्याउनु उच्चतम लागतका कारण तत्काल सम्भव पनि छैन।

संघीय सरकारले हुलाकी राजमार्गमा थप १५ वटा व्यवस्थित शहर निर्माण गर्ने लक्ष्य लिएको छ। मधेशमा व्यवस्थित, सुविधायुक्त, आधुनिक प्रविधियुक्त शहर बनाउने प्रक्रिया अघि बढे अनुरुप सन २०९० सम्ममा यी शहरमा एक लाख जनसंख्यासम्मको बस्ती बसाउन सक्ने गरी शहरको विकास गरिने भएको छ। प्रदेशका मनरा (मोहत्तरी), ब्रह्मपुरी

(सर्लाही), मौलापुर (रौतहट), महागढीमाई (बारा), व्यवस्थित शहरको रूपमा विकसित हुनेछन।

शम्भुनाथ (सप्तरी), बलवा (महोत्तरी), ईश्वरपुर (सर्लाही), कटहरिया (रौतहट) नयाँ शहरको रुपमा विकास गरिने भएको छ। नयाँ शहरका लागि जमिनको उपलब्धता, आर्थिक विकासको सम्भाव्यता, बस्तीको स्थिति, जनसंख्या, यातायात सुगमता लगायत आधारमा २० वर्षे गुरुयोजना प्रतिवेदन तयार गरी चरणबद्ध रूपमा शहर विकास गर्ने लक्ष्य रहेको छ।

## प्रमुख समस्या

बढ्दो जनसङ्ख्या र आन्तरिक बसाइँ सराइका कारण अव्यवस्थित शहरीकरण, खुला पार्कहरूको अभाव, अस्तव्यस्त शहरी यातायात प्रणाली, पर्याप्त खानेपानी र सरसफाइको अभाव समस्याका रुपमा रहेका छन्। जग्गाको अनियन्त्रित मूल्य र जग्गा खरिदमा अनुत्पादक खर्च बढ्ने, समस्याहरू देखिएका छन्। मधेशमा छिमेक प्रदेशबाट भइरहेको तीव्र आप्रवासनले नगरपालिकाहरु अव्यवस्थित शहरीकरणको शिकार भइरहेका छन। शहरी क्षेत्रमा आवश्यक पार्क, खुला ठाँउ र उद्यानहरूको अभाव छ। व्यवस्थित र विश्वासिलो यातायात सुविधा उपलब्ध हुन सकेको छैन। शहरीकरण व्यवस्थित नहुँदा कृषि भूमि खण्डीकरण हुँदै गएको छ।

## चुनौती र अवसर

नयाँ गठीत नगरपालिकाहरु र बढ्दो बस्ती विकास भइरहेका नगरहरुमा शहरीकरण व्यवस्थित हुन नसक्दा शहरी जनसंख्यालाई आधारभूत सेवा उपलब्ध गराउन सकिएको छैन। शहरी विकास रणनीति २०१७ अनुसार शहरी क्षेत्रको तहगत प्रणालीलाई मजबूत बनाइ यिनीहरु बीचको भौतिक आर्थिक एवम् वातावरणीय अन्तरसम्बन्धलाई प्रोत्साहन गर्ने शहरी आवश्यकता सँग जोडिएको जग्गा प्राप्ति, शहरी क्षेत्रमा ढल निकास तथा फोहरमैलाको दिगो व्यवस्थापन, सार्वजनिक भूमिको अतिक्रमण रोक्ने काम, मनोरञ्जन स्थल, खुल्ला क्षेत्र र सार्वजनिक शौचालयको व्यवस्था गर्ने कार्यहरू चुनौतीका रुपमा रहेका छन्। शहरी विकासको लागि जग्गा र आवासका अतिरिक्त यातायात, खानेपानी, सरसफाईका लागि विभिन्न निकायहरूको समन्वय र सहकार्य गर्नु चुनौतीपूर्ण देखिन्छ।

प्रदेशको स्थायी राजधानी घोषणा नभइसकेको परिवेशमा योजनावद्ध शहरी विकासलाई महत्व दिएर राजधानी शहरको विकास गर्न सकिने अबस्था छैन। स्थानीय तहहरुले व्यवस्थित शहरीकरण गर्न सकिने र विद्यमान शहरहरूलाई पनि सुधार गर्न सकिने अवसर

रहेको छ। नयाँ नगर उन्मुख शहर क्षेत्रको पहिचान गरी पूर्वाधार विकासका कार्यक्रमहरु कार्यान्वयन गरिएका छन। छरिएर रहेका बस्तीहरुलाई एकीकृत गर्दै सार्वजनिक सेवालाई गुणस्तरीय ढङ्गले प्रवाह गर्न नमूना एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ। शहरी विकास सबै तहका सरकारको प्राथमिकतामा रहेको छ। आधुनिक पूर्वाधारयुक्त भौतिक पहिचान झल्किने शहरी विकासको लागि प्रादेशिक प्रमुख सडकहरुसँग जोडिएको भूमिमा शहरी विकासको सम्भावना छ।

## सोच

व्यवस्थित शहरीकरण मार्फत दीगो आर्थिक विकास।

## लक्ष्य

- न्यूनतम आधारभूत शहरी सुविधा सहितका प्रदेश शहरहरुको विकास भएको हुने।
- प्रदेशको राजधानी मोडेल शहरको रुपमा विकास भएको हुने।

## उद्देश्य

- सन्तुलित शहरी प्रणाली र परिस्कृत शहरहरुको विकास गर्नु।
- शहरहरुको निर्माण व्यवस्थापन, सुधार तथा विस्तार गर्दै शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- विद्यमान शहरहरूलाई हरित र सुविधा सम्पन्न बनाउनु।
- योजनाबद्ध स्याटलाइट शहरहरूको विकास गर्नु।

## रणनीति

- शहरमा आवश्यक भौतिक पूर्वाधारहरू एकीकृत ढङ्गले निर्माण गर्ने।
- उपमहा तथा महानगरहरुको पूर्वाधारसँग जोडिने स्याटेलाइट शहरहरूको विकास गर्ने।

## कार्यनीति

- प्रदेशको राजधानीलाई मोडेल शहरको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
- प्रदेशमा सेटेलाईट सिटीको सम्भाव्यता अध्ययन गराइनेछ।

- शहरी क्षेत्रमा खुला पार्क र वालउद्यानहरू निर्माण गरिनेछ।
- स्थानीय तहका लागि शहरी विकास मापदण्ड तथा निर्देशिका तयार गरी लागू गरिनेछ।
- स्थानीय तहहरूको सहकार्यमा शहरी क्षेत्रको यातायात व्यवस्थित र भरपर्दो बनाइनेछ।
- पालिकाहरूलाई तथा निजी क्षेत्रलाई बहुतल्ले भवन बनाउन प्रोत्साहन गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा ८ वटा शहरमा भरपर्दो यातायात एवं व्यबस्थित ट्राफिक प्रणालीको व्यवस्था तथा ७५ प्रतिशत नगरपालिकाहरुमा एकीकृत नगर विकास योजना कार्यान्वयन भएको हुनेछ। नया शहर कार्यक्रम अन्तर्गत बलवा, मनराकट्टी (महोत्तरी), कटहरीया र मौलापुर (रौतहट) सीम्रौनगढ र गढीमाई (बारा) तथा छिन्नमस्ता (सप्तरी) को विस्तृत परियोजना प्रस्ताव तयार हुनेछ। सन्तुलित एवं परिष्कृत शहरहरु ५० वटा, योजनावद्ध विकास भएका शहर १० वटा र सुविधा सम्पन्न शहरको संख्या पांच वटा पुगेको हुनेछ। योजना कार्यान्वयन पश्चात आधारभूत सेवा सुविधा (विद्युत, गुणस्तरीय शिक्षा, स्वास्थ्य, सडक आदि)मा पहुँच भएका शहरी जनसंख्या ७५ प्रतिशत पुगेको हुनेछ।

## ६.४ खानेपानी तथा सरसफाइ

### विद्यमान अवस्था

आ.व. ०७५/७६ मा प्रदेशका ८९प्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानीको पहुँच छ भने शौचालय प्रयोग गर्नेको संख्या ६५ प्रतिशत छ। त्यसैगरी पाइपद्वारा खानेपानी पुगेको जनसख्या ५.५२ प्रतिशत, सुधारिएको शौचालय भएको घरपरिवार (साझेदारी नभएको) ४२.३ प्रतिशत, पानी परीक्षण प्रयोगशाला ३ वटा, WASH Plan लागू भएका स्थानीय तह २ वटा र सेफ्टी ट्यांकी वा ढल सहितका शौचालय भएका परिवार २० प्रतिशत छ। वर्षाको याममा पानीका स्रोतहरू बगाउने, पुर्ने तथा धमिलो पानी मिसिने समस्याहरू छन्।

### प्रमुख समस्या

स्वच्छ खानेपानीको आपूर्ति हुन नसकेको, शहरी तथा बजार क्षेत्रमा प्रभावकारी रुपमा फोहरको व्यवस्थापन हुन नसकेको, ग्रामीण क्षेत्रमा शौचालय प्रयोगको महत्व सम्बन्धी ज्ञानको अभाव रहेको छ। सडक तथा सार्वजनिक स्थलहरूमा खानेपानी, शौचालय तथा फोहर व्यवस्थापन नहुने गरेको अवस्था समस्याको रुपमा रहेको छ।

## चुनौती र अवसर

स्वच्छ खानेपानीका स्रोतहरूको व्यवस्था गर्नु, प्लाष्टिकको प्रयोगमा कमी ल्याउनु, बनिसकेका शौचालय तथा फोहर सङ्कलन संयन्त्रहरूलाई प्रभावकारी उपयोग गर्नु र फोहरको वर्गिकरण गरी प्रभावकारी व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन्। बढ्दो साक्षरता, संचार तथा चेतनास्तर, खानेपानी तथा सरसफाईको विकासका लागि अवसर हुन्।

## दीर्घकालिन सोच

पूर्ण सरसफाईयुक्त तथा स्वच्छ खानेपानीमा सबैको पहुँच।

## लक्ष्य

यस प्रदेशका सबै वस्तीहरूमा स्वच्छ खानेपानीको व्यवस्था सहित सबै प्रकारका फोहरको प्रभावकारी व्यवस्थापन भएको हुने।

## उद्देश्य

- प्रदेशका सवै जनताहरूलाई शुद्ध तथा भरपर्दो खानेपानी सेवा पुऱ्याउनु।
- प्रदेशमा सरसफाई सेवा विस्तार गर्नु।

## रणनीति

- प्रदेशको खानेपानी तथा सरसफाइको गुरुयोजना बनाएर काम गर्ने।
- स्थानीय तह, निजी क्षेत्र तथा विकास साझेदारहरूसित सहकार्य गर्ने।
- शहरी क्षेत्रमा ढल प्रशोधनको प्रभावकारी व्यवस्था लागू गर्ने।
- शौचालय प्रयोग तथा फोहर व्यवस्थापनका सन्दर्भमा जनचेतना अभिवृद्धि गर्ने।
- प्रादेशिक मापदण्डहरू बनाएर प्रदूषण नियन्त्रण गर्ने।

## कार्यनीति

- खानेपानी सेवा अभाव भएका बस्तीहरूमा खानेपानी सुविधा पुर्याइनेछ।
- जलाशय, पोखरी र डीप बोरिङ्ग गरी खानेपानीको स्रोत सुनिश्चित गरिनेछ।
- अति विपन्न बस्तीहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।

- ट्युबवेलहरूको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेललाई एक घर एक धाराको नीति बमोजिम धाराको परिभाषामा समेटिनेछ।
- शौचालय सहितको पूर्ण सरसफाइ कार्यक्रममा समावेश गरिनेछ।
- राजमार्ग, चौक, बजार क्षेत्र तथा पर्यटकीय स्थलहरूमा नवीनतम प्रविधिमा आधारित सार्वजनिक शौचालयको निर्माण तथा सञ्चालनलाई प्रोत्साहन गरिनेछ।
- पालिका तथा उद्योगहरूलाई वैज्ञानिक फोहर व्यवस्थापनमा आबद्ध गरिनेछ।
- प्रदूषणका प्रदेश अनुकूल मापदण्डहरू बनाएर लागू गरिनेछ।

**अपेक्षित प्रतिफल**

योजनाको अन्त्यसमम्मा पाइपद्वारा खानेपानी पुगेको जनसख्या ३३ प्रतिशत र सुधारिएको शौचालय भएको घरपरिवार (साझेदारी नभएको) ८० प्रतिशत पुगेको हुने, पानी परीक्षण प्रयोगशाला ८ वटा स्थापना भई शत प्रतिशत खानेपानीको गुणस्तर परीक्षण भएको हुने, सवै स्थानीय तहमा WASH Plan लागू भएको हुने, सेफ्टी ट्यांकी वा ढल सहितका शौचालय भएका परिवार ६० प्रतिशत पुगेका हुनेछन। फलस्वरुप १०० प्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानी र शौचालयको सुविधा पुगेको हुनेछ। साथै सरसफाइमा बढेको जनचेतना वाट व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाईमा उल्लेख्य सुधार भई स्वस्थ्य समाजको विकास भएको हुनेछ।

# परिच्छेदः सात
# अन्तरसम्बन्धित सर्बोपरी विषय

## ७.१ तथ्याङ्क व्यवस्थापन

### विद्यमान अवस्था

प्रादेशिक योजना तर्जुमा नेपालको लागि नौलो विषय हो। यस्को लागि प्रादेशिक गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक तथ्याङ्कका अतिरिक्त अन्य आर्थिक सामाजिक विकासका प्रदेश तहका तथ्याङ्कको आवश्यकता पर्ने हुंदा प्रदेश नीति तथा योजना आयोगले प्रदेशको वस्तुगत विवरण तयार गरेको छ।। हाल स्थानीय तह पुनर्संरचित भएकोले राष्ट्रिय आवश्यकता अनुरुप खण्डीकृत तथ्याङ्कहरु उपलव्ध हुनसक्ने अवस्था छैन र भएका तथ्यांक पनि जस्ताको त्यस्तै प्रयोग गर्न सकिने अबस्था छैन। कतिपय तथ्याङ्क प्रदेशस्तरमा सान्दर्भिक पनि हुने देखिन्न।।स्थानीय तह आधारभूत खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयारीको क्रममा रहेका र हालसम्म १० वटा स्थानीय तहहरुमा खण्डीकृत तथ्यांकहरुको उपलव्धता रहेको देखिन्छ।

### प्रमुख समस्या

राष्ट्रियस्तरमा सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित ढङ्गले तथ्याङ्क सङ्कलन, भण्डारण र प्रयोग हुन सकिरहेको छैन। तथ्यांकको प्रयोग योजना तर्जुमालगायत निर्णय प्रक्रियामा प्रयोग गरिने परिपाटी पूर्ण विकास भइसकेको छैन।यसर्थ प्रदेश शासन व्यवस्थाको प्रारम्भिक कार्यान्वयनको चरणमा तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशनको लागि प्रदेशस्तरका संस्थागत संरचना नहुनु नै प्रमुख समस्या हो।

### चुनौती तथा अवसर

प्रादेशिक एवम् स्थानीय तह स्तरको तथ्याङ्क सङ्कलनको लागि प्रभावकारी संरचना बनाउनु, समयमै यसको लागि ऐन नियमहरू तर्जुमा गर्नु र पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्नु साथै तीनै तहका सरकारहरू बीच तथ्याङ्क सङ्कलनमा समन्वय र सहकार्य गर्नु चुनौतीपूर्ण रहेको छ। संविधानलेनै तीनै तहको सरकारले तथ्याङ्क सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था गरेको छ। केही गाउँपालिका तथा नगरपालिकाहरुको मात्र आ-आफ्नो वस्तुगत विवरण उपलब्ध छ।

### क्षेत्रगत सोच

नीति निर्माण, योजना तर्जुमा र महत्वपूर्ण निर्णयको लागि तथ्याङ्कको प्रयोग।

### लक्ष्य

प्रदेश तथा स्थानीय तहमा सुदृढ तथ्याङ्क प्रणाली स्थापना भएको हुने।

### उद्देश्य

प्रदेशस्तरीय तथ्याङ्क सङ्कलन, प्रशोधन र भण्डारण व्यवस्थापन गर्नु।

### रणनीति

- स्थानीय तहको आवश्यकता समेतलाई दृष्टिगत गरी तथ्याङ्क सम्बन्धी प्रादेशिक ऐन नियम तर्जुमा गर्ने।
- प्रदेशका तथ्याङ्कहरुको डिजिटलाइजेसन गर्न संघीय, प्रदेश र स्थानीय तह बीच सहकार्य गर्ने।

### कार्यनीति

- प्रादेशिक तथ्याङ्क सङ्कलन, प्रशोधनको लागि आवश्यक प्रशासनिक संरचना निर्माण गरी एकीकृत प्रदेश तथ्याङ्क प्रणालीको विकास गरिनेछ।
- भौगोलिक सूचना प्रणालीका आधारमा प्रदेशको आर्थिक सामाजिक विकासलाई आवश्यक GIS सहितको नक्शाङ्कन गरिनेछ।
- प्रदेश तथ्याङ्क ऐन तर्जुमा गरि लागू गरिनेछ।
- सङ्घ र स्थानीय तहको सहकार्यमा प्रादेशिक तथ्याङ्क तयार गरिनेछ।
- तथ्याङ्क सङ्कलनमा आधुनिक प्रविधिको प्रयोग (टयाब्लेट, मोबाइल एप्स, इन्टरनेट नेटवर्किङ्, अनलाइन, अफलाइन आदि) र क्षमता विकास गरिनेछ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा प्रदेश तथ्यांक कानून तथा निर्देशिकाको तर्जुमा र प्रदेश तथ्यांक कार्यालय स्थापना भएको हुने, सबै स्थानीय तहहरुको खण्डीकृत तथ्यांक तयार भई प्रदेश तथ्यांक बैंकमा विद्युतीय सञ्जालीकरण एवं तथ्यांक तथा सूचना पोर्टलको निर्माण द्वारा सुदृढ तथ्यांक प्रणाली स्थापित भई प्रदेश तथ्यांक प्रणालीमा आवद्ध भएको हुनेछ।,

## ७.२ श्रम तथा रोजगारी

### विद्यमान अवस्था

उल्लेखनीय जनसङ्ख्या कृषिमा आधारित भए पनि व्यवसायिक कृषि प्रति आकर्षण बढाउन सकिएको छैन। राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको यो क्षेत्र राज्यको प्राथमिकतामा पर्न सकेको छैन। कृषि क्षेत्रमा विद्यमान अनुत्पादक श्रमलाई उद्योग, पर्यटन र सेवा क्षेत्रमा लैजानुपर्ने आवश्यकताका लागि श्रम नीतिहरु बनेका छैनन। कृषि र सोसँग गाँसिएको रोजगारीमा न्यून ज्याला आर्जन सँगै अपहेलित भएको महसुस हुँदा विदेशिने युवाहरुको सङ्ख्या उल्लेखनीय छ। गाउँमा युवाहरु कृषि पेशा अंगाल्न भन्दा जोखिम मोलेर लाखौं खर्च गरि बिदेशिनु राम्रो सोच्छन।

राष्ट्रिय रुपमा आन्तरिक रोजगारी सिर्जना हुन नसक्दा वैदेशिक रोजगारी बिकल्प बनेको छ। युवा पलायनका कारण प्रदेशका कृषि उत्पादन र औद्योगिक कामका लगि आवश्यक जनशक्ति उपलब्ध हुन सकिरहेको छैन्। उद्यमशिल शिक्षाको अभावमा शिक्षित बेरोजगारी बढेको छ। स्वरोजगार हुने भन्दा पनि जागिर खोज्ने मनोभाव बढी हावी छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गरेको छ।संविधानले सामाजिक सुरक्षा र रोजगारी तथा रोजगारी र बेरोजगारी सहायता शीर्षकलाई सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा राखेको छ। स्थानीय तहलाई बेरोजगारीको तथ्याङ्क सङ्कलनको जिम्मेवारी दिएको छ। दिगो विकासका लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य राखेको छ।सन् २०३० सम्ममा बालश्रमलाई पूर्ण रूपमा उन्मुलन गर्नुपर्ने लक्ष्य तोकेको छ भने अर्ध बेरोजगारीलाई १० प्रतिशत भन्दा कममा ल्याउनु पर्ने भएको छ।
आ.व.०७५/७६ को स्थिति हेर्दा प्रदेशको वेरोजगार दर र श्रम सहभागिता दर क्रमशः २०.१ र ३९.७ प्रतिशत रहेको, १५ वर्ष माथिको जनासंख्यामा रोजगारी अनुपात ३१.८ प्रतिशत र सोही समूहको जनसंख्यामा औपचारिक रोजगारी ८.१ प्रतिशत रहेको अवस्था देखिन्छ।

## प्रमुख समस्या

श्रम बजारको जनशक्ति मागको आङ्कलन हुन नसक्दा श्रम बजार व्यवस्थित गर्न नसकिनु प्रमुख समस्या भएको छ। श्रम बजारमा सीपयुक्त जनशक्तिको अभाव, र बाल श्रम समस्याका रुपमा रहेका छन।

## चुनौती तथा अवसरहरू

युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृतिले देशभित्र देखिएको श्रम अभावको समाधान र प्रादेशिक अर्थतन्त्रको लागि आवश्यक सीप र क्षमता भएका जनशक्तिहरू उत्पादन गरी शैक्षिक वेरोजगारीको स्थिति समाधान गर्दै श्रम बजारमा श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउने काम चुनौतीको रुपमा रहेको छ।

वेरोजगारीको वास्तविक तथ्याङ्क सकंलन गर्दै रोजगारी सिर्जना गर्नु, उद्यमशील बनाउदै श्रमलाई सम्मान गर्ने सामाजिक संस्कृति विकास गरी स्वरोजगारी सिर्जना गर्नु, विदेश पलायन हुने प्रवृत्ति रोकी शिक्षा र सीप हासिल गर्न तर्फ जागरुक गराउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

## क्षेत्रगत सोच

सबै प्रकारका श्रमको सम्मान सहित पूर्ण रोजगारीको स्थिति सिर्जना।

## लक्ष्य

श्रम बजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसंगै पर्याप्त आन्तरिक रोजगारी सिर्जना भएको हुने।

## उद्देश्य

- दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादनसंगै आन्तरिक रोजगारी सिर्जना गर्नु।
- उद्यमशीलताको विकास मार्फत युवाहरुलाई स्वरोजगारतर्फ उन्मुख गराउनु।
- श्रम बजारको प्रवर्द्धन र रोजगारदाता तथा श्रमिकको हकहित संरक्षण गर्नु।

## रणनीति

- श्रम बजारको माग विश्लेषण गरी सो अनुरुपको जनशक्ति उत्पादन गर्ने।
- रोजगारी सिर्जना गर्ने क्रियाकलापहरु सञ्चालन गर्न प्राथमिकता दिने।
- उद्यमशीलताको प्रवर्द्धन गरी स्वरोजगारमा जोड दिने।
- श्रमिकको हकहित संरक्षण गर्ने वातावरण सिर्जना गर्ने।

- समाजमा सबै प्रकारको श्रमको उचित सम्मान र इज्जत गर्ने संस्कृतिको विकास गर्ने।

### कार्यनीति

- श्रम बजारमा भइरहेको परिवर्तन र श्रम माग र आपूर्तिको सम्बन्धमा नियमित अध्ययन गरिनेछ।
- स्थानीय तहसँगको सहकार्यमा बेरोजगारी तथ्याङ्क सङ्कलन गरिनेछ।
- श्रम बजारको माग अनुसारको जनशक्ति उपलब्ध गराउन सोही अनुसारको शिक्षा र दक्षता विकास गराइनेछ।
- भौतिक पूर्वाधार निर्माण र उद्योग धन्धामा प्रदेशका स्थानीय नागरिकहरूलाई रोजगारीका अवसरमा प्राथमिकता दिने नीति लिईनेछ।
- रोजगारी सूचना प्रवाहलाई प्रभावकारी पारिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्वरोजगार हुन सीप प्रमाणीकरण र सहुलियत ऋण उपलब्ध गराउन सहयोग गरिनेछ।
- कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ।
- कार्यस्थलमा हुनसक्ने जोखिमको न्यूनिकरणमा जोड दिइनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा १५ वर्ष माथिको जनासंख्यामा रोजगारी अनुपात ४० प्रतिशत र सोही समूहको जनसंख्यामा औपचारिक रोजगारी १५ प्रतिशत पुगेको हुने, वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न ५० वटा स्थानीय तहको क्षमता अभिवृद्धी गरिने, श्रम बजारको अध्ययन भएको हुने र रोजगार सूचना केन्द्रको स्थापना भएको हुनेछ। परिणाम स्वरुप वेरोजगारी दर ११ प्रतिशतमा झरेको र श्रम सहभागिता दर ५० प्रतिशत पुगेको हुनेछ।

## ७.३ वन तथा वातावरण

### विद्यमान अवस्था

नेपालको हावापानी तथा जल संरक्षण र नदीजन्य खानी विकासका लागि महत्वपूर्ण मानिएको चुरे शिवालिक पर्वत श्रृंखलाको २०६,३१५ हेक्टर भूभाग यस प्रदेशमा पर्दछ।

मधेश तथा चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार राष्ट्रपति चुरे–तराई–मधेश संरक्षण विकास कार्यक्रम सञ्चालनमा छ।

प्रदेशमा रहेको वन क्षेत्रका सबै प्रकारका उत्पादनले यस क्षेत्र लगायत नेपालका अन्य क्षेत्रका लागि समेत आवश्यक उर्जा,निर्माण सामाग्री, पशु आहार, तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ। वन पैदावारको उपयोग हाल फर्निचर उद्योग तथा निर्माणमा बढी देखिएको छ। स्वदेशी काठले राष्ट्रिय आवश्यकता नधानेको कारण काठ र काठजन्य फर्निचर निर्माण सामाग्रीको आयात बढेको छ।

प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनलाई राखेको छ।साथै, सङ्घ र प्रदेशको साझा सूचीमा वातावरण संरक्षण र जैविक विविधता, अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण र जल उपयोग रहेको छ।

प्रदेशमा आ.व. ७५/७६ सम्म २७.२९ प्रतिशत वन क्षेत्र रहेको, ४५९६०.२७ हेक्टर वनको वैज्ञानिक व्यवस्थापन भएको, ३५० वटा सीमसार क्षेत्रको संरक्षण भएको अवस्था छ। त्यसैगरी सामुदायिक, साझेदारी र कवुलियती वनले ढाकेको क्षेत्र क्रमशः ७९९२२.६२ हेक्टर, ३९५९६.२० र २३६.४९ हेक्टर रहेको, धार्मिक वन, निजी वन र सरकारद्वारा व्यबस्थित वन क्रमशः ४२१.८७ हेक्टर, १२५.६३ र १३७२२.१३ हेक्टर रहेको छ।

### प्रमुख समस्या

राष्ट्रिय वन अतिक्रमण तथा वन पैदावारको चोरी निकासी भई वातावरणमा क्रमिक ह्रास भएको छ। प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका प्रभावहरुबाट वर्षेनी धनजनको क्षतिजस्ता समस्याहरु विद्यमान रहेका छन्।

### चुनौती तथा अवसर

जलवायु परिवर्तनका कारण निरन्तर आइरहने र पूर्वानुमान गर्न कठिनाइ भएको बाढीबाट हुने पानीको जमाव एवम् बहाव र उत्पन्न कटान तथा विपद जोखिम कम गर्नु चुनौतीपूर्ण छ। प्राकृतिक र अदूरदर्शी मानवीय क्रियाकलापबाट चुरेमा भइ रहेको विनाशका कारण तल्लो तटीय क्षेत्रमा आउने बाढीबाट तराइको कृषि भूमिको व्यापक कटान हुने, siltation हुने र डुवानमा पर्ने गर्दछ। प्रदेशभित्र जल संरक्षण उपक्रम बढाउने र मरुभूमिकरण

हुनबाट रोक्न चुरे विनाशको गतिले चुनौती दिएको छ। विश्वव्यापी रुपमा हुँदै गरेको जलवायु परिवर्तन, पेट्रोलियम पदार्थको बढ्दो प्रयोग र ताप विसर्जनलगायत प्रदूषणले हुने तापमान वृद्धिका कारण प्रदेशको सतह पानीको संरक्षण गर्ने काम चुनौतीपूर्ण हुँदै गएको छ। चुरे क्षेत्रको अत्यधिक र अव्यवस्थित दोहनका कारण निम्त्याइएको विनाशले प्राकृतिक विपद्को घटनामा लगातार वृद्धि भइरहेको छ र कृषिमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्दै गएको छ।

व्यवस्थित र दिगो रुपले चुरे क्षेत्रको संरक्षण गर्नुको साथै जलवायु परिवर्तनका कारण हुने प्रभावहरुलाइ न्यूनिकरण गर्नु र वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सुझाएका वातावरणीय पक्षहरुलाई लागू गर्नु यस क्षेत्रमा चुनैतीको रुपमा रहेका छन्। साथै नेपालीहरुको भविष्यसँग जोडिएको चुरे संरक्षण अन्तर प्रदेशीय तथा अन्तर तहगत सरकारको साझा मुद्दा हुने भएकोले यसको संरक्षणको लागि एकमत हुँदै छाता नीतिको निर्माण एवम् कार्यान्वयन ठूलो चुनौती भएको छ।

उल्लेख्य मात्रामा नदीनाला तथा जलाशयहरु रहनु, वनजन्य वस्तुहरूको बजार माग उच्च रहनु, दिगो र वैज्ञानिक वन व्यबस्थापनमा जागरुकता बढ्नु, वातावरण संरक्षणमा सरोकारवालाहरूको चासो बढ्नु यस क्षेत्रका अवसरहरू हुन्।

**क्षेत्रगत सोच**

चुरेको संरक्षण एवम् व्यवस्थापन द्वारा जलक्षेत्र संरक्षण सहित वातावरण सुधार।

**लक्ष्य**

जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै वन पैदावारहरुको समूचित प्रयोगबाट रोजगार वृद्धि भएको हुने।

**उद्देश्य**

- वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरु स्थापना गरी रोजगारी सिर्जना गर्नु।
- भूस्खलन नियन्त्रण र भूसंरक्षण कायम गर्दै वातावरणीय संतुलन कायम गर्नु।
- वनको दिगो व्यवस्थापन गर्नु।

**रणनीति**

- वन सम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने।
- उत्पादकत्व वृद्धिको लागी वनको सहभागितामूलक, दिगो एवम् बैज्ञानिक व्यवस्थापन गर्ने।
- जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने।
- वनक्षेत्र व्यवस्थापन गरिंदा बन स्रोतमा पहुँच वढाउने।
- जलवायु परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने।

**कार्यनीति**

- वन तथा वातावरण नीति र वन सम्बन्धी आवश्यक प्रादेशिक कानून तथा नीति नियम निर्माण गरिनेछ।
- प्रदेश अन्तर्गत रहेका वनहरुको लगत तयार पारिनेछ।
- सामुदायिक, कबुलियती, साझेदारी र निजी वनको दिगो तथा वैज्ञानिक व्यवस्थापन मार्फत वनजन्य उत्पादन बढाई वनको अधिकतम उपयोग गरिनेछ।
- कृषि वनको अवधारणा अनुरुप वनमा आधारित उपभोग्य वस्तुहरु उत्पादन गरिनेछ।
- उपयुक्त वनहरुमा आन्तरिक पर्यटन प्रवर्द्धन, जैविक विविधता र जलाधार संरक्षण साथै सिमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकता दिइनेछ ।
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गरिनेछ।
- नगर र नगर वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदी तटको उचित व्यवस्थापन गरिनेछ ।

**अपेक्षित प्रतिफल**

योजनाको अन्त्य सम्ममा वनक्षेत्र २७.९४ प्रतिशत भएको हुने, ५१७०५.२७ हेक्टर वनको वैज्ञानिक व्यवस्थापन भएको हुने, ५६० वटा सीमसार क्षेत्रको संरक्षण भएको भएको हुने, वनको रोयल्टी ५ करोड ९० लाख ७ हजार ५ सय ७३ प्राप्त भएको हुने, फोहरमैला व्यवस्थापन र ढल निर्माणमा ५० वटा नगरपालिकासंग सहकार्य भएको हुने, प्लाष्टिक मुक्त (न्यूतम मापदण्ड विपरित प्लाष्टिक प्रयोग नगर्ने) स्थानीय तहको संख्या ६५ वटा पुगेको हुनेछ।

## ७.४ सूचना प्रविधि

### विद्यमान अवस्था

सूचना प्रविधिलाई विकासको संवाहकको रुपमा स्थापित गर्दै लैजान यस सम्बन्धी सेवाहरुको बिस्तार पूर्व शर्त हुन। प्रदेशभर टेलिकम्युनिकेशनको सञ्जाल फैलिएको छ। मोवाइल टेलिफोन सुविधाको विस्तार भइ टेलिफोन प्रयोगकर्ताको सङ्ख्या बढेको छ।प्रदेशका जिल्ला सदरमुकामहरुबाट दैनिक, साप्ताहिक, स्थानीय पत्रपत्रिकाहरु र जिल्ला सदरमुकाम र शहरी क्षेत्रहरुमा राष्ट्रिय पत्रिकाहरुको संस्करण प्रकाशित हुँदै आएका छन। सार्वजनिक संस्था र निकायहरु सूचना प्रवाहमा बिस्तारै उदार हुन थालेका छन। सरकारी सेवा र अन्य सेवाहरु डिजिटल रुपमा प्राप्त हुन थालेका छन। कतिपय सरकारी कार्यालयहरुमा वेवसाइटको माध्यमबाट सूचनाको सम्प्रेषण हुने व्यवस्था मिलाइएको छ। सञ्चार माध्यम सम्बन्धी अधिकार नेपालको संविधानले प्रदेश र सङ्घको साझा अधिकार क्षेत्र भित्र राखेको छ।

आ.व. ०७५/७६ को अवस्था सम्म ४० प्रतिशत सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग रहेको, इन्टरनेट, टेलिफोन, मोवाइल मध्ये कुनै एक उपयोग गर्ने नागरिकको संख्या ७५ प्रतिशत रहेको, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग ५ प्रतिशत रहेको अवस्था देखिन्छ।

### प्रमुख समस्या

सूचना प्रविधिको बिस्तारका लागि चाहिने विद्युत् सेवाको उपलब्धता सीमित हुनु सूचना प्रविधि क्षेत्रको मुख्य समस्या हो। साइबर क्राइमलाई रोक्न नसक्नु पनि समस्या हो।

### चुनौती तथा अवसर

सूचना प्रविधिलाई सवै क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउने गरी विस्तार र यसको सही प्रयोग चुनौतीपूर्ण रहेको छ।

नयाँ पिंढी सूचना प्रविधिमा बढी अभ्यस्त रहेका, प्रविधिको विकासले स्मार्ट मोवाइलको विस्तार उल्लेख्य रुपमा भएको, प्रायः सबै आर्थिक क्षेत्रमा सूचना प्रविधिको प्रयोगबाट फाइदा लिन सकिने अवसर रहेको छ। इन्टरनेट मार्फत् सेवा तथा सफ्टवेयर निर्यात गरेर उल्लेख्य मात्रामा वैदेशिक मुद्रा आर्जन गर्न सकिने अबस्था छ।

### क्षेत्रगत सोच

सञ्चार र सूचना प्रविधिको सहज पहुँच मार्फत आर्थिक र सामाजिक सुधार।

### लक्ष्य

- सार्वजनिक निकायहरुमा सूचना प्रविधिको प्रयोग बढेको हुने।
- स्थानीय तहमा टेलिफोन र इन्टरनेटको सहज पहुँच भएको हुने।

### उद्देश्य

- टेलिफोन र इन्टरनेटको पहुँच विस्तार गरी आर्थिक समृद्धिमा सहयोग पुर्याउनु।
- सरकारी कामकाजलाई इन्टरनेट तथा सूचना प्रविधिमा आधारित बनाउनु।

### रणनीति

- सूचना प्रविधिको पहुँच विस्तार गरी यसको उत्पादनशील प्रयोगबारे जनचेतना वृद्धि गर्ने।
- विभिन्न आर्थिक क्षेत्रमा सूचना प्रविधिको प्रयोग वृद्धि गर्ने।
- कृषि उत्पादन र उत्पादकत्व बढाउने गरी सूचना प्रविधिको प्रयोग गर्ने।

### कार्यनीति

- प्रदेशका दुरसञ्चारको सिग्नल कमजोर भएका वस्तीहरुमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरुलाई प्रोत्साहन गरिनेछ।
- मोवाइल फोनको सिग्नल नपुगेको ठाँउहरुमा टावरहरु निर्माण गर्न सेवा प्रदायक कम्पनीहरुलाई लगानी गर्न प्रोत्साहित गरिनेछ।
- प्रदेश भित्रका शैक्षिक संस्थाहरूमा इन्टरनेट पहुँच पुऱ्याउन सहयोग गरिनेछ।
- प्रदेश सरकारका प्रशासनिक संरचनाहरुले इ-गभर्नेन्सको अवधारणा अनुरुप सूचना प्रविधिको अधिकतम प्रयोग गरी काम कारवाहीहरुलाई प्रभावकारी बनाइनेछ।
- प्रादेशिक सूचना प्रविधि पार्क स्थापना गर्न निजी क्षेत्रलाई उद्योग तथा सेवा बिस्तार गर्न प्रोत्साहन गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा रेडियो, एफ्. एम्., टेलिभिजन संचालन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन भएको हुने, प्रदेशको सबै ठाँउमा टेलिफोन र इन्टरनेटको सेवा पुगेको हुने, प्रादेशिक सूचना प्रविधि पार्क सञ्चालनमा आएको हुने, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वृद्धि भई ३० प्रतिशत पगेको हुने, सवै स्थानीय तहलाई विद्युतीय शासन प्रवर्द्धन र इन्टरनेट उपयोग क्षमता अभिवृद्धिमा सहयोग भएको हुने, स्थानीय तह र प्रदेश वीच सूचना सञ्जाल विस्तार भएको हुने, प्रदेश संचार

ग्राम दुई, प्रदेश टेलिभिजन दुई, प्रदेश छापाखाना एक स्थापना भएको हुनेछ। यसवाट सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग ९० प्रतिशत तथा इन्टरनेट, टेलिफोन, मोवाइल मध्ये कुनै एक उपयोग गर्ने नागरिकको संख्या ९५ प्रतिशत पुगेको हुनेछ।

## ७.५ जलवायु परिवर्तन, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन

### विद्यमान अवस्था

नेपाल मौसमजन्य, भौगर्भिक, जैविक तथा जलवायु परिवर्तनको जोखिमको दृष्टिकोणबाट निकै संवेदनशील अवस्था मा रहेको छ। बाढी, आगलागी, आँधी, बज्रपात, सर्पदंश, सुख्खा र शीतलहर जस्ता विपत्तिहरूले एकपछि अर्को गर्दै प्रदेशलाई पिरोलिरहेका छन्। विपद्को कारण हुने क्षतिको दर निकै उच्च छ। जोखिम न्यूनिकरण तथा पूर्व तयारीमा पर्याप्त लगानी र चासो कम हुनु, जनचेतनाको अभावजस्ता कारणहरूले गर्दा विभिन्न खालका प्रकोपहरूबाट हुने आर्थिक तथा मानवीय क्षति बढिरहेको अवस्था छ र राहत, उद्धार, पुनर्निर्माण, पुनःस्थापनाजस्ता क्रियाकलापमा त्योभन्दा पनि ठूलो धनराशी खर्च भइरहेको छ। हाम्रो जस्तो प्रकोप दोहोरिइरहने तर सीमित आर्थिक स्रोत–साधन भएको देशमा प्रकोप न्यूनिकरण र विपद् व्यवस्थापनको पूर्व तयारीमा लगानी गरेर स्रोतको बचत गर्नु र सामुदायिक सशक्तिकरण मार्फत विपद्को दिगो व्यवस्थापन गर्दै क्षति न्यूनिकरण गर्नु अत्यावश्यक भइसकेको छ। बढ्दो जनसंख्या सँगै वातावरण विनाश, प्रदूषण तथा मौसमी प्रतिकूलताका कारण प्राकृतिक प्रकोपका घटनामा वृद्धि भइरहेको छ। लामखुट्टे र अन्य पराजिवीका कारण डेंगु, औलो र हैजाका घटनाहरु बढेको देखिएको छ। जलवायु परिवर्तनको असरले भइरहेको अतिवृष्टि, अनावृष्टिका कारण उल्लेख्य सामाजिक सम्पतिको ह्रास हुँदै आएको छ। योजनाविहिन बस्ती विकास, व्यक्तिगत लाभको कारणले बिस्तार गरिएका भवन तथा अन्य संरचना, पर्याप्त अध्ययन तथा पूर्व तयारीबिना बनाइएका भौतिक पूर्वाधारहरूले भूउपयोगको सिद्धान्त अबलम्बन गरेको देखिंदैन। राष्ट्रिय अनुकूलन योजनाका अनुसार जलवायु परिवर्तनका दृष्टिले यस प्रदेशका जिल्लाहरूमा न्युनदेखि मध्यम जोखिम छ।

नेपालको संविधानमा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा रहेको छ भने विपद व्यवस्थापन तीनै तहको साझा अधिकार सूचीमा पर्दछ।

आ.व. ०७५/७६ मा विपदवाट भएको क्षति कूल गार्हस्थ्य उत्पादनको ०.१६७ प्रतिशत, विपदवाट ८२ जनाको मृत्यु, घाइते तथा वेपत्ता १२९५ जना, रु २ अरव १० करोड

वरावरको क्षति, क्षति भएका घर २०२२, प्रभावित परिवार ४७७६ रहेको अवस्था छ। त्यसै गरी आ.व. ०७५/७६ सम्म डुवानमा परेका वस्ति संरक्षण ३० वटा गरिएको, जल उत्पन्न प्रकोप न्यूनिकरण अन्तर्गत जमिन उकास र जमिन वचाउ क्रमशः क्रमशः ५ हजार र एक लाख ५० हजार हेक्टर रहेको, ७ सय ५० कि.मी. मा तटवन्ध निर्माण र २५ वटा डुवान क्षेत्रको वचाउ गरिएको अवस्था छ।

### प्रमुख समस्या

अव्यवस्थित र जोखिमयुक्त बस्ती विस्तार, खोलानाला अतिक्रमण, जलवायु परिवर्तन, प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको अभाव यस क्षेत्रका समस्याहरू हुन्।

### चुनौती तथा अवसर

विपद्को पूर्वानुमान, विपद् व्यवस्थापनको पूर्व तयारी, अव्यवस्थित वस्ती नियन्त्रण, विभिन्न निकायहरू बीचको प्रभावकारी समन्वय, विपद् भईसकेपछि समयमै उद्धार र प्रभावकारी विपद् व्यवस्थापनको संरचना निर्माण चुनौतीपूर्ण रहेको छ।

गागन, औंक्सी, कमला, बागमती, गेरुवा, जंघा, जलाद, झिम, दुधौरा, पासा, बलुवा, बगही, खाँडो लगायतका नदीहरुको नियन्त्रण तथा आपतकालीन बाढी पुनर्स्थापनाका कार्यक्रमहरु सञ्चालनमा छन।

### क्षेत्रतग सोच

विपदको घटना र यसको प्रभाव न्यूनिकरण भएको अवस्था ।

### लक्ष्य

जलवायू परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद् सृजित हानि र नकारात्मक प्रभाव न्यून भएको हुने।

### उद्देश्य

- सम्भावित प्राकृतिक प्रकोपको पूर्व नियन्त्रण गर्नु।
- प्राकृतिक प्रकोपले बढाउने गरिबी र सङ्कटलाई न्यून गर्नु।
- विपदको प्रभाव न्यूनिकरण गरी तदारुकताका साथ उद्धार, राहत र पुनर्वास गर्नु।
- जलवायु परिवर्तन अनुकूलन आर्थिक गतिविधि सञ्चालन गर्नु।

## रणनीति

- चुरे संरक्षणको प्रभावकारी नीति र कार्यक्रमहरु तदारुकताका साथ कार्यान्वयन गर्ने।
- प्रदेशको अवस्था अनुरुपका भूमि तथा बस्ती व्यवस्थापन गर्ने।
- प्राकृतिक प्रकोप सृजित गरिबी न्यूनीकरणको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।
- प्राकृतिक प्रकोपका समस्याहरूमा परम्परागत र निर्बाहमुखी भन्दा पनि बृहत्तर दृष्टिकोणबाट समाधानका उपाय खोज्ने।
- प्राकृतिक प्रकोपले असर गर्नसक्ने ठाँउहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनिकरण गर्ने।
- विपद व्यवस्थापनको पूर्व तयारी गरी विपद आएको खण्डमा कुशलता पूर्वक व्यवस्थापन गर्ने।
- भवन तथा संरचना निर्माण संहिता कडाइका साथ लागू गर्ने।
- प्रकोप पश्चातको व्यवस्था, उद्धार तथा राहत व्यवस्थापन प्रभावकारी ढंगले सञ्चालन गर्ने।
- जलवायु परिवर्तन अनुकूलनको कार्यक्रम लागू गर्ने।

## कार्यनीति

- संकटासन्न स्थानको पहिचान तथा नक्शांकन समेत गर्दै भूमि तथा बस्ती व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइनेछ।
- प्रकोपलाई नियन्त्रण गर्न नसकिने ठाँउका वासिन्दाहरुलाई सुरक्षित एकीकृत वस्ती निर्माण गरी स्थानान्तरण गरिनेछ।
- विपद्को कारणले जोखिममा पर्ने पूर्वाधारहरूको संरक्षणका कार्यक्रम लागू गरिनेछ।
- जलाधारमा आधारित अवधारणा लागू गर्दै बाढीले प्रभाव पार्ने सम्भावित क्षेत्रहरूमा घर निर्माण गर्न रोक लगाईने छ र तटबन्ध बनाइनेछ।
- शीतलहर र आगलागीबाट बच्न स्थानीय तहसँगको सहकार्यमा न्यूनतम सुरक्षित आवासको व्यवस्था गरिनेछ।
- भवन आचारसंहिता कार्यन्वयन गरी भूकम्पको सम्भावित प्रभाव कम गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् न्यूनिकरण गर्न प्रदेशस्तरका मापदण्डहरू विकास गर्ने, परिमार्जन गर्ने र लागू गर्ने संयन्त्र बनाइनेछ।

- बहु प्रकोप जोखिम लेखाजोखालाई संस्थागत गर्दै लगिनेछ।

**अपेक्षित प्रतिफल**

योजनाको अन्त्य सम्ममा ८ वटा विपद उद्धार सामग्री भण्डारण गृहको स्थापना, दुई वटा विपद् एकीकृत प्रतिकार्य केन्द्र स्थापना र संचालन, ६० वटा डुवानमा परेका वस्ति संरक्षण, जल उत्पन्न प्रकोप न्यूनिकरण अन्तर्गत जमिन उकास र जमिन वचाउ क्रमशः एक लाख र दुई लाख २५ हजार हेक्टर, एक हजार कि.मी. तटवन्ध निर्माण र ५० वटा डुवान क्षेत्रको वचाउ भएको हुनेछ। यसवाट मृत्यु र घाइते तथा वेपत्ता हुनेको संख्यामा उल्लेख्य कमी आई क्रमशः ५१ र ८०४ जनामा आएको र प्रभावित परिवार २९६६ मा झरेको हुनेछ। परिणामस्वरुप योजनाको अन्तिम वर्ष आ.व. ०८०/८१ मा कूल गार्हस्थ्य उत्पादनमा विपदवाट भएको वार्षिक क्षति कम भई ०.१३१ प्रतिशतमा झरेको हुनेछ। साथै ८० वटा स्थानीय तहसंग जलवायु परिवर्तन अनुकूलन सम्वन्धि कार्यमा सहकार्य भएको हुनेछ। विपदबारे जनस्तरमा तथा संस्थागत हिसाबमा उल्लेख्य चेतना वृद्धि भइ सुरक्षित बस्ती तथा भौतिक संरचनाहरू निर्माण भएका हुनेछन्।

## ७.६ मानव संशाधनको विकास

**विद्यमान अवस्था**

दक्ष एवम् योग्य जनशक्तिबाट नै उपलब्ध स्रोत र साधन उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने हुन्छ। प्रदेशमा कृषि र पर्यटन उद्योगलाई जोड दिइ रहेको अवस्था मा यी क्षेत्रतर्फ दखल राख्ने जनशक्तिको माग उच्च छ भने अर्ध वा अदक्ष जनशक्तिका रुपमा विदेशीने सङ्ख्या सबैभन्दा बढी यसै प्रदेशमा रहेको भएता पनि हालसम्म प्रदेशस्तर र स्थानीय तहहरुमा समेत जनशक्ति योजना तर्जुमा भई कार्यान्वयन भएको अवस्था छैन।

**प्रमुख समस्या**

पर्याप्त मात्रामा दक्ष एवम् योग्य जनशक्ति उत्पादन गर्न नसकिनु नै समस्याको रुपमा रहेको छ।

## चुनौती तथा अवसर

सार्वजनिक विद्यालयमा पढने विद्यार्थीहरुलाई प्राविधिक, व्यवसायिक र उद्यमशील शिक्षा हासिल गर्न सक्ने बनाउनु, दक्ष एवम् योग्य जनशक्ति उत्पादन गर्न पर्याप्त मात्रामा प्राविधिक शिक्षामा पहुँच पुऱ्याउनु, बजारको जनशक्ति माँगको नियमित रुपमा सुक्ष्म अध्ययन गर्नु चुनौतीको रुपमा रहेका छन्।

प्राविधिक शिक्षातर्फ चासो बढेको, साक्षरताको स्थिति पनि सुधार हुँदै गएको, परिवर्तित राजनैतिक अवस्था र राजनैतिक स्थिरताले गर्दा आर्थिक गतिविधि विस्तार भई श्रम माँग बढी रहेकोले मानव संसाधन विकासको लागि अनुकूल अवसर रहेको छ।

## क्षेत्रगत सोच

दक्ष जनशक्ति उत्पादन गरी उत्पादन र उत्पादकत्व वृद्धि।

## लक्ष्य

मानव संसाधन विकासको लागि आवश्यक व्यवस्था भई प्रादेशिक अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन भएको हुने।

## उद्देश्य

प्रादेशिक अर्थतन्त्रको लागि चाहिने दक्ष एवम् योग्य मानव संशाधनको विकास गर्नु।

## रणनीति

- विभिन्न उत्पादन क्षेत्रहरुलाई चाहिने जनशक्तिको आवश्यकतालाई आँकलन गर्ने।
- व्यवसायिक र प्राविधिक शिक्षालाई प्रवर्द्धन गरी अर्थतन्त्रलाई आवश्यक दक्ष एवम् योग्य जनशक्ति उत्पादन गर्ने।

## कार्यनीति

- सरोकारवालाहरूको सहयोगमा प्रदेशलाई चाहिने दक्ष जनशक्तिको माग आंकलन गरिनेछ।
- श्रम बजारमा आउने परिवर्तनलाई सुक्ष्म रुपमा नियमित अध्ययन गरिनेछ।
- काममा आधारित व्यवसायिक तालिमहरु प्रदान गर्ने व्यवस्था गरिनेछ।
- मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादनमा बढी जोड दिइनेछ।
- न्यून आय भएका युवाहरुलाई सीप हासिल गर्न सहयोग गरिनेछ।
- परामपरागत सीप भएका व्यक्तिहरुलाई सीप प्रमाणीकरणको व्यवस्था गरिनेछ।

**अपेक्षित प्रतिफल**

योजनाको अन्त्य सम्ममा ५० वटा स्थानीय तहको जनशक्तिको योजना कार्यान्वयनमा आएका हुने, सवै स्थानीय तहहरुसंग प्राविधिक जनशक्ति उत्पादनमा सहकार्य भएको हुने, सवै स्थानीय तहमा जनशक्तिको माग र आपूर्तिको अध्ययन गरी विद्युतीय अभिलेख राखिएको हुनेछ।

## ७.७ सामाजिक समावेशिता

**विद्यमान अवस्था**

शक्ति, स्रोत र अवसरमा सबैको न्यायोचित साझेदारीका लागि जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक, क्षेत्रीय र राजनैतिक समावेशीकरण अपरिहार्य छ। आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, एवम् प्रशासनिक लगायतका क्षेत्रमा बहिष्करणमा परेका मधेशका समुदाय राज्यबाट प्रदान गरिने सुविधा समान रुपमा प्राप्त गर्नबाट बञ्चित रहेका छन्। संविधानले सामाजिक न्यायको हक, लगायत राज्यको निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीतिले पनि राज्यका पछाडि परेका सबै समुदाय र वर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ। मधेश आन्दोलनको उपलब्धि, समानुपातिक समावेशिताको मर्मअनुरुप प्रदेशभित्र रहेका सम्पूर्ण जनताको प्रदेशको हरेक संयन्त्रमा समानुपातिक सहभागिताको सुनिश्चितता गरिनेछ।

आर्थिक सामाजिक विकासलाई समावेशी विकासका आधार सूचकका रुपमा विश्लेषण गर्दा आ.व.०७५/७६मा यस प्रदेशको आय असमानता सूचकांक (Gini-coefficient) २९.५ रहेको, विपन्न जनसंख्या (तल्लो ४०प्रतिशत) को जम्मा आयमा हिस्सा १०.८५ प्रतिशत रहेको, वित्तीय सेवामा पहुंच १८.३ प्रतिशत रहेको, अर्ध वेरोजगारी २४.७ रहेको अवस्था देखिन्छ।

**प्रमुख समस्या**

सबै जातजाति, धर्म, भाषा, लैङ्गिक तथा यौनिक, वर्ग, क्षेत्र र सम्प्रदायका व्यक्तिहरुको आर्थिक अधिकार एवम् न्यायमा समान रुपमा पहुँच नहुनु समस्याको रुपमा रहेको छ।

## चुनौती तथा अवसर

समावेशी कानूनहरुको अस्पष्टता एवम् यथेष्ट रुपमा कानूनहरुको अभाव र कार्यान्वयनमा समस्या देखिनु, पछाडि पारिएका वर्ग, समुदायहरुको क्षमता अभिवृद्धि गर्नु मुख्य चुनौतीका रुपमा देखिन्छन्।

लैङ्गिक विभेद रहित समाज निर्माणमा सहयोग हुनु, समान व्यवहारको सुनिश्चितता हुनु, संविधानमा समावेशी हक मौलिक हकको रुपमा व्यवस्था गरिनु, विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुमा हस्ताक्षर गरि देश भित्रै कानून निर्माण गर्दा, बजेट विनियोजन गर्दा समावेशी सिद्धान्त अवलम्वन गरिनु, संघीय देखि स्थानीय तहसम्म समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुलाई अवसरका रुपमा लिन सकिन्छ।

## क्षेत्रगत सोच

सामाजिक न्याय र समानतामा आधारित प्रदेश निर्माण।

## लक्ष्य

समृद्ध प्रदेश निर्माणमा समावेशी सिद्धान्त अवलम्वन भएको हुने।

## उद्देश्य

- सामाजिक रुपमा बहिष्करणमा परेका वर्ग तथा समुदायलाई विशेष संरक्षणको व्यवस्था सुनिश्चितता गर्नु।
- आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, स्वास्थ्य, एवम् प्रशासनिक लगायतका क्षेत्रमा पछाडि परेका समुदायहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।
- भेदभावरहित समाज निर्माण गर्नु।

## रणनीति

- आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, एवम् व्यवसायिक रुपमा पछाडि पारिएका वर्ग वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक एवम् व्यवसायिक अवस्था सुधार्न राज्यले सकारात्मक विभेदको नीति अवलम्बन गर्ने।
- बहिष्करणमा परेका वर्ग र समुदाय केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्ने।
- समावेशी सिद्धान्तलाई प्रवर्द्धन गर्ने नीति तथा कानूनहरु निर्माण गर्ने।

- समुदायको विशिष्ट पहिचानलाई आत्मसात गरि सामाजिक व्यववस्थापन गर्ने र संवाद, अभिमुखीकरण, अनुसन्धानले छुवाछुतको समूल अन्त्य गर्ने।

## कार्यनीति

- वहिष्करणमा परेका वर्ग, समुदाय लक्षित मौलिकतामा आधारित क्षमता र आर्थिक सशक्तिकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामाजिक र सांस्कृतिक भेदभाव अन्त्य गर्न बनेका कानूनहरुबारे सम्वाद केन्द्र, गुनासो सुनुवाई केन्द्र आदि स्थापना गरी प्रदेश तहबाट जानकारी गराईनेछ।
- वहिष्करणमा परेका वर्ग लक्षित प्राविधिक, व्यवसायिक तथा सीपमूलक शिक्षा सञ्चालन गरिनेछ र यी वर्ग समुदायसँग सम्बन्धित नियम कानूनहरु अध्ययन गरी प्रदेश र स्थानीय तहमा सान्दर्भिक नीति नियम र कानूनहरु निर्माण, संशोधन तथा कार्यान्वयन गरिनेछ।

## अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा समावेशीकरण सम्वन्धि प्रादेशिक नीति तर्जुमा हुने, २५ वटा स्थानीय तहमा विपन्न र वञ्चितीकरणमा परेका समुदायलाई नमूना लक्षित कार्यक्रम संचालन गरिएको हुने, ५० वटा परम्परागत प्रविधिद्वारा संचालित व्यवसायको आधुनिकीकरण भएको हुने, स्थानीय स्तरमा संचालन हुने उद्योग व्यवसायको शेयर लगानीमा स्थानीय लक्षित वर्गको चार प्रतिशत हिस्सा सुनिश्चित गरिएको हुने, प्राकृतिक स्रोतको उपयोगमा लक्षित वर्गको संलग्नता वढाइएको हुने, पिछडिएका तथा वञ्चितीकरणमा परेका वर्ग र समुदायको लागि शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास आदि कार्यक्रम संचालन भई स्रोत र अवसरमा पहुँच वृद्धि भई मूलप्रवाहीकरण भएको हुनेछ। यसवाट विपन्न जनसंख्या (तल्लो ४० प्रतिशत) को जम्मा आयमा हिस्सा १२.३ प्रतिशत पुगेको हुने, वित्तीय सेवामा पहुंच वृद्धी भई ३१ प्रतिशत पुगेको हुने र अर्ध वेरोजगारी १७ प्रतिशतमा झरी आय असमानता सूचकांक (Gini-coefficient) २७.२ मा झरेको हुनेछ।

## ७.८ सुशासन तथा भ्रष्टाचार नियन्त्रण

### विद्यमान अवस्था

ट्रान्सपरेन्सी इन्टरनेशनल लगायत हालैका विभिन्न सर्वेक्षणले नेपाल सुशासनका दृष्टिले ज्यादै कमजोर देखिन आएको छ। यसलाई माथि उठाउन र सुशासनप्रति सबै क्षेत्र संवेदनशील हुन आवश्यक छ। प्रदेश सरकारको कार्यप्रणाली जनअपेक्षा अनुरुप स्थापित गर्दै प्रदेश सरकारमार्फत हुने सेवा प्रवाह पारदर्शी, जवाफदेही, जनमूखी र कानूनसम्मत गराई सवै तह र स्वरुपका भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त प्रदेशको निर्माण गर्न आवश्यक भएको छ। प्रदेश सरकारले जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने र प्रदेश शासन व्यवस्था सञ्चालनका सम्पूर्ण पूर्वाधारहरु तयारी गरी जनतामा सुशासनको प्रत्याभूति दिने नीति लिएको छ।

आ.व. ०७५/७६को स्थितिमा प्रदेशको कानूनी शासन सूचकांक ०.५४ रहेको, भ्रष्टाचार अनुभूति सुचकांक र सरकारको प्रभावकारिता सूचकांक क्रमशः २६ र -०.९ रहेको देखिन्छ। सुशासनसंग सम्वन्धित अन्य सूचकहरु विश्लेषण गर्दा वेरुजु फर्स्यौंट ६० प्रतिशत, ३४ वटा कानून, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा भएका, विद्युतीय नागरिक वडापत्र राखिएका प्रदेश अन्तर्गतका सरकारी निकायहरुको संख्या २० वटा, ई विडिढ लागू भएका प्रदेश र मातहतका निकायहरुको संख्या १० वटा रहेको अवस्था देखिन्छ।

### चुनौती तथा अवसर

संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गर्न यथाशीघ्र सुशासन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून निर्माण गर्नु, विकास निर्माणका कार्यहरू तोकिएको लागत, मापदण्ड र गुणस्तरमा तोकिएकै समयमा सम्पन्न गर्नु, समग्र प्रदेशको सार्वजनिक प्रशासन संयन्त्रको नैतिकता, इमान्दारिता र सदाचारितामा अभिवृद्धि गरी प्रभावकारी, गुणस्तरीय एवम् मितव्ययी सेवामा जनताको सरल र सहज पहुँच कायम गर्नु प्रमुख चुनौती रहेका छन्।

सार्वजनिक सुनुवाई, सूचनाको हक, सूचना प्रविधिमैत्री कर्मचारी, प्रशासनिक परीक्षण लगायतका विषयहरुको बढ्दो प्रयोगले सुशासन कायम गर्न सहयोग हुन्छ। प्रदेश सरकारसँग जनताको सकारात्मक अपेक्षा रहेको सन्दर्भमा तल्लो तहसम्म अधिकार र स्रोत आएसंगै जिम्मेवारी पनि आएकोले सार्वजनिक निर्माण तथा खरिदका कामको

अनुगमन गर्न सहज हुने देखिएको छ। भ्रष्टाचार नियन्त्रण सम्बन्धी संघीय कानून, संस्थागत एवम् योजना तथा कार्यक्रमहरुको व्यवस्था रहेको छ।भ्रष्टाचार विरुद्ध आम नागरिक, नागरिक समाज, सञ्चारजगत तथा सामाजिक संजालहरु क्रियाशील रहेका छन।

## सोच

सुशासन सहितको नैतिकवान समाजको निर्माण।

## लक्ष्य

प्रदेशको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितताको नियन्त्र गरी सुशासनमा अभिवृद्धि भएको हुने।

## उद्देश्य

- भ्रष्टाचार र अनुचित कार्य निर्मुल गर्नु र सदाचार संस्कृति प्रर्वद्धन गर्नु।
- प्रदेश तथा स्थानीय सरकारी सेवालाई जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाई विधिको शासन र सुशासन कायम गर्नु।

## रणनीति

- नैतिकता र सदाचार प्रवृतिलाई प्रोत्साहित गरी प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाहरुलाई गुणस्तरीय, मितव्ययी एवम् पहुँचयोग्य बनाउने।
- सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्ने र बेरुजु कम गर्ने गरी काम गर्ने।
- भ्रष्टाचारको सवालमा शून्य सहनशिलता नीति अबलम्बन गर्ने।

## कार्यनीति

- प्रदेशको सार्वजनिक सेवाहरुलाई गुणस्तरीय, प्रभावकारी एवम् जनताको पहूँच पुऱ्याउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ।
- राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च बनाउदै सार्वजनिक प्रशासनलाई सक्षम, जिम्मेवार, विकासमैत्री र परिवतर्नको सम्बाहक संस्थाको रुपमा विकास गरी "आहाँके सरकार, आहाँके द्वार" भन्ने अभियान चलाईनेछ।
- प्रदेशको प्रशासन संयन्त्रलाई प्रदेशभित्रका जिल्लाहरुमा स्थापना गरिनेछ।
- नैतिकता र सदाचार प्रवर्द्धन गर्न जनचेतना तथा जागरणका कार्यहरु गरिनेछ।
- विकास निर्माणका कार्यहरुको समयतालिका तयार, गुणस्तर एवम् परिमाण यकिन गरी सोही अनुरुप कार्यान्वयन गरिनेछ।

- विकास निर्माण र सरकारको काम कारवाहीको प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ।

### अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा आवश्यकता अनुसार कानून, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा र कार्यान्वयन, जनचेतनात्मक अभियान संचालन, स्थानीय तहहरुसंगको सहकार्य आदि द्वारा भ्रष्टाचार न्यूनिकरण र सुशासन प्रवर्द्धनका सवै सूचकहरुमा सुधार भई कानूनी शासन सूचकांक ०.५९, भ्रष्टाचार अनुभूति सुचकांक १६ र सरकारको प्रभावकारिता सूचकांक ०.९ भएको हुनेछ।

## ७.९ शान्ति सुरक्षा

### विद्यमान अवस्था

नेपाल लामो समयसम्म विभिन्न प्रकारका द्वन्द र आन्दोलनहरुबाट गुज्रेको छ। लामो समय पश्चात शान्ति सुरक्षामा क्रमिक सुधार हुंदै आएको छ। तथापि समाजमा हत्या, हिंसा, बलात्कार, अपहरण, मानव बेचविखन, ठगी, चोरी डकैती जस्ता अपराधिक गतिविधिहरूको सङ्ख्यामा कमी आउन सकेको छैन। जनताको समृद्धि र आर्थिक गतिविधिहरू सञ्चालन गर्न सुरक्षित वातावरण आवश्यक हुनाले अपराधिक गतिविधिहरूलाई नियन्त्रणमा राखी शान्तिसुरक्षा प्रदान गर्नु सरकारको पहिलो कर्तव्य हो।

नेपालको संविधानले प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षालाई प्रदेशको अधिकार सूचीमा राखेको छ। प्रदेशको कार्य क्षेत्र भित्र प्रदेश भित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई सार्वजनिक स्थल लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन आदि रहेको छ।

नेपाल हालै मात्र संघीय प्रणालीमा प्रवेश गरेको हुंदा प्रदेश सरकार अन्तर्गत आवश्यक कानून, सुरक्षा संरचना, जनशक्ति, उपकरण आदिको समुचित व्यवस्था भई सकेका छैनन। ०७५/७६ को अवस्था हेर्दा ६० प्रतिशत नागरिकले मात्र शान्ति सुरक्षाको अनुभूत गर्न सकेका छन भनें ५० प्रतिशत मौजुदा सुरक्षा निकायहरुको संस्थागत सुधार तथा स्तर अभिवृद्धि गरिएको देखिन्छ।

### प्रमुख समस्या

अपराधिक गतिविधिहरू नियन्त्रण गर्न पर्याप्त सूचनाको अभाव, सुरक्षा निकायको क्षमता र दक्षता नहुनु यस क्षेत्रका समस्याहरू हुन्।

### चुनौती तथा अवसर

प्रभावकारी प्रदेशस्तरीय सुरक्षा सयन्त्र समयमै स्थापना गर्नु, अपराधिक प्रवृति र मनोवृतिलाई नियन्त्रणमा राख्नु, शान्ति सुरक्षा खलल गर्ने अपराधीहरूलाई समयमा पहिचान गरी कारवाही गर्नु शान्ति सुरक्षाका चुनौतीहरू हुन्। सूचना प्रविधिको प्रयोगबाट हुने साइवर क्राइम नियन्त्रणको चुनौती पनि बढ्दै गएको छ।

तीनै तहको सरकारले शान्ति सुरक्षामा ध्यान दिन सक्ने, आधुनिक प्रविधिको प्रयोग गरेर अपराधिक गतिविधि नियन्त्रण गर्न सकिने, सञ्चार माध्यमको प्रयोग मार्फत जनचेतना अभिवृद्धि गर्न सकिने अवसरहरू रहेका छन्। आवश्यकता अनुसारको प्रभावकारी सुरक्षा संयन्त्र बनाउन सकिने अवसर रहेको छ।

### क्षेत्रगत सोच

शान्त र सुरक्षित प्रदेश।

### लक्ष्य

प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति भएको हुने।

### उद्देश्य

प्रभावकारी शान्ति सुरक्षा व्यवस्था कायम गर्नु।

### रणनीति

- शान्ति सुरक्षा कायम राख्न प्रादेशिक संस्थागत क्षमता बढाउने।
- प्रदेश प्रहरीको दक्षता, क्षमता अभिवृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग बढाउने।
- अपराधिक गतिविधि कम गर्न सुरक्षा सम्बन्धमा सामाजिक चेतना अभिवृद्धि गर्ने।
- सुरक्षा कायम गर्न संघीय सरकार, स्थानीय तह र अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने।

### कार्यनीति

- प्रदेश प्रहरी गठन गरी सञ्चालनमा ल्याइनेछ।
- प्रत्येक वडामा वडा प्रहरी इकाइ स्थापना गर्दै लगिनेछ।
- लैङ्गिक मैत्री, बालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री शान्ति सूरक्षाको व्यवस्था गरिनेछ।
- आपराधिक गतिविधि कम गर्न सामाजिक जागरणका कार्यक्रमहरू सञ्चालन गरिनुको साथै अपराध अनुसन्धानका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ।
- घरेलु तथा लैंगिक हिंसा नियन्त्रणका लागि निरोधात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी सामाजिक मेलमिलाप कायम गर्न सहयोग गरिनेछ।
- सीमा सुरक्षा र आपराधिक गतिविधि नियन्त्रणका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ।

### अपेक्षित प्रतिफल

योजनाको अन्त्य सम्ममा प्रदेश प्रहरी सेवा सम्बन्धी नीति, कानून, कार्यान्वयन, प्रदेश प्रहरी गठन, सुरक्षा निकायको भौतिक संरचना निर्माण तथा स्तरोन्नति, जनशक्ति व्यवस्थापन, सुरक्षा उपकरणको व्यवस्था आदि द्वारा ८० प्रतिशत सुरक्षा निकायहरुको संस्थागत सुधार तथा स्तर अभिवृद्धि भई ९५ प्रतिशत नागरिकले शान्ति सुरक्षाको अनुभूत गरेका हुनेछन।

## ७.१० कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### विद्यमान अवस्था

नीति, योजना वा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जवाफदेहिता वहन गर्ने विषय ती क्षेत्रमा गरिने अनुगमन तथा मूल्याङ्कनको अबस्थामा भरपर्छ। म.ले.प.को प्रतिवेदनहरुमा अन्य प्रदेशको तुलनामा यस प्रदेशको सरकारी खर्चमा हुने गरेको अनियमितता बढी र विकास आयोजनाहरुको कार्य सम्पादन अबस्था बढी कमजोर देखिएको छ। प्रदेशस्थित कार्यालयहरु र गाउँपालिका तथा नगरपालिकाहरुमा विकास आयोजना र खर्चसम्बन्धी प्रतिवेदन पद्धति सुचारु छैनन। भ्रष्टाचारसम्बन्धी उजुरी सङ्ख्या क्रमिक बढेको छ। आ.व. ०७४।७५ मा रौतहट र बारा जिल्लामा सबैभन्दा बढी ५२५ उजुरी दर्ता भएको छ। प्रदेशको आफ्नो आवश्यकता र उपलब्ध तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा अनुगमन प्रणाली अबलम्बन गर्न सकिएको छैन।

विकास योजना तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनका लागि **प्रदेश** नीति तथा योजना आयोगबाट नतिजा खाका तथा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनहरु जारी भएका छन्। अनुगमन र मूल्याकंन प्रभावकारी हुन नसक्दा योजनाहरूको कार्यान्वयन पक्ष कमजोर रहने गरेको छ। प्रदेश सरकारका नीति तथा योजना आयोगले प्रदेश सभाका समितिहरु समेतलाई अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा साझेदारका रुपमा सरिक गराई सेवा प्रवाहलाई शीघ्र, सरल र सहज बनाउने कार्यको थालनी गर्नेछ।
नेपाल भर्खर मात्र संघीय प्रणालीमा गएको र प्रदेश सरकारको संरचना नितान्त नयां भएको र प्रदेश नीति तथा योजना आयोग पनि भर्खरै मात्र गठन भई पहिलो योजना तर्जुमा एवं कार्यान्वयनको चरणमा छ। हालसम्म १० प्रतिशत प्रदेश तथा स्थानीय तहले नतिजामा आधारित योजना प्रक्रिया शुरु गरेको देखिन्छ।

### प्रमुख समस्या

प्रदेश योजनाबद्ध विकासको प्रारम्भिक चरणमा रहेको कारणले अनुगमन तथा मूल्याङ्कनका वस्तुगत सूचकहरू विकास गर्न बाँकी रहेको, संस्थागत र सांगठनिक संचरनाहरू तयार हुँदै गरेका, साधन तथ्याङ्क र जनशक्तिको अभाव हुनु अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा प्रमुख समस्याका रुपमा रहेका छन्।

### चुनौती तथा अवसर

सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयका लागि संविधानतः परिकल्पना गरिएको समन्वय सम्बन्धी कानून प्राप्त गर्नु, नतीजामूलक अनुगमन र मूल्याङ्कन प्रणालीका लागि वस्तुगत सूचकहरूको विकास गर्नु, दिगो विकासका लक्ष्यहरूलाई प्रादेशिक लक्ष्यसँग आवद्ध हुने गरी परिमाणात्मक खण्डीकरण गर्नु, स्वचालित अनुगमन प्रणालीको स्थापना र सञ्चालन गर्नु, स्रोत साधन र जनशक्तिको सुनिश्चितता र क्षमता विकास गरी सूचना प्रविधि मैत्री बनाउनु मुख्य चुनौतीका रुपमा रहेका छन्।

त्यसैगरी योजनाले परिलक्षित गरेका आयोजना, परियोजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नु, अनुगमन र मूल्याङ्कन प्रणालीलाई बलियो बनाई योजना कार्यान्वयनको लागि उत्प्रेरणा र जिम्मेवारीबोध गराउनु चुनौतीपूर्ण रहेको छ।

देशका सबै जिल्लाहरूमा सडक पहुँच भएको, राजनैतिक नेतृत्व सुशासनप्रति प्रतिबद्ध भएकोले नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न सकिने अवसर छ। नयाँ राजनैतिक संरचनामा स्थानीय तह र प्रदेश सरकारले नजिकबाट योजनालाई

कार्यान्वयनमा लान सक्ने, नियमित ढङ्गले जनप्रतिनिधिहरु मार्फत अनुगमन र मुल्याङ्कन गर्न सकिने अवसर रहेको छ।

**क्षेत्रगत सोच**

प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीको विकास।

**लक्ष्य**

प्रभावकारी कार्यान्वयन संरचना एवम् स्वचालित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापित भएको हुने।

**उद्देश्य**

- योजनाले परिलक्षित गरेका आयोजना, परियोजना र कार्यक्रमहरुको प्रभाबकारी कार्यान्वयन गर्नु।
- प्रभावकारी एवम् स्वचालित अनुगमन र मूल्याङ्कन प्रणालीको स्थापित गर्नु।

**रणनीति**

- अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक नीतिगत व्यवस्था गरी प्रदेशका सबै निकाय र सबै स्थानीय तहमा स्वचालित अनुगमन प्रणालीलाई संस्थागत गर्ने।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको बहुउपयोग नीति अवलम्बन गर्ने।
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि साधन स्रोतको उपलब्धताको सुनिश्चितता साथै सम्बन्धित निकाय र जनशक्तिको क्षमता विकास गर्ने।

**कार्यनीति**

- वार्षिक कार्यक्रमहरुलाई आवधिक योजनाको परिमाणात्मक लक्ष्य र कार्यक्रमसँग आबद्ध गरिनेछ।
- आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गरी परिणाम प्राप्त गर्नका लागि कार्यान्वयन विधि, समय कार्यतालिका र जिम्मेवारी समेटिएको कार्यान्वयन योजना मार्फत कार्यान्वयन गर्ने परिपाटी मिलाइनेछ।
- कार्यान्वयन विधि निर्धारण गर्दा योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारबालाबीच समन्वय साझेदारी गर्नुपर्ने आवधिक विकास योजनामा उल्लेखित योजनाको भौतिक निर्माण सम्बन्धी कार्यान्वयनको विधि,

सार्वजनिक खरिद ऐनको परिधिभित्र रहि (ठेका पट्टा, उपभोक्ता समिति, करार, संयुक्त व्यवस्थापन वा साझेदारी, अन्य) तयार गरी कार्यान्वयनमा लगिनेछ।

- कार्यसम्पादन करार गर्ने प्रणाली अपनाइनेछ।
- आवश्यक जनशक्ति सहित प्रदेश सरकारको प्रभावकारी संस्थागत संरचना बनाईने छ।
- योजना तथा बार्षिक कार्यक्रमहरु सफलता पुर्वक सम्पन्न गर्ने प्रदेश सरकारको निकाय तथा संलग्न कर्मचारीहरुलाई पुरस्कृत गर्ने र न्यूनतम मापदण्ड भन्दा कम कार्यान्वयन गर्नेलाई दण्डित गर्ने व्यबस्था गरिनेछ।
- कार्यालय/ आयोजना प्रमुख र लेखा प्रमुखलाई कम्तिमा एक आर्थिक वर्षसम्म सरुवा नगर्ने पद्धति अपाइनेछ।
- कार्यक्रम तथा आयोजना कार्यान्वयनको सन्दर्भमा आउने जनगुनासो सङ्कलन संयन्त्र बनाई सम्बोधन गर्ने व्यवस्था गरिनेछ।
- अनुगमन तथा मूल्याङ्कनमा बहुपक्षीय मूल्याङ्कन प्रणालीलाई प्रयोग गरिनेछ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको संस्थागत अभिलेखिकरण गर्नुको साथै प्रयोगमा ल्याइनेछ।
- प्रदेशस्तरका विकास आयोजना र खर्च प्रणालीको अनुगमनका लागि स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र राष्ट्रिय तथ्याङ्क प्रणालीसँग आबद्ध हुने गरी Monitoring Information System प्रदेश नीति तथा योजना आयोगको कार्यालयमा राखिनेछ।
- तथ्याङ्क भण्डार व्यवस्था, सूचकहरूको निर्माण र स्थापना, लक्ष्य सम्बद्ध तथ्याङ्क खण्डीकरण र जनशक्ति व्यवस्थापन नीति तथा योजना आयोगबाट तयार गरिने अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई आधार मानी गरिनेछ।
- अनुगमन सूचकहरु लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा प्रदेश सरोकारका विषय, मानव विकास सूचकाङ्क, निर्दिष्ट लक्ष्य, दीगो विकास लक्ष्य, स्थानीय तहले योगदान गर्ने खालका स्थापित गरी अनुगमन गरिनेछ।
- योजनाका उपलब्धि (outcome) र प्रभाव (impact) तहका सूचकमा आएको परिबर्तन मापन आवश्यकता र प्रकृति अनुसार मध्यमकालीन अवधिमा तेश्रो पक्षबाट मुल्याङ्कन मार्फत गराइनेछ।

**अपेक्षित उपलब्धि**

योजनाको अन्त्य सम्ममा सवै स्थानीय तहहरुले स्रोत नक्सांकन, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र वस्तुगत विवरण तयारी गरि अद्यावधिक गरेका हुने, वार्षिक कार्यक्रम र आवधिक योजना वीच ६० प्रतिशत तादात्म्यता भएको र शतप्रतिशत प्रदेश निकाय तथा स्थानीय तहहरुले नतिजामा आधारित योजना प्रणाली अवलम्वन गरेका हुनेछन।

प्रदेशका सबै निकायहरु सूचना प्रणालीमा आवद्ध भएका हुनेछन्। प्रदेशका सबै आयोजनाहरू एउटै सूचना प्रणालीमा एकीकृत भएका र निर्णय प्रक्रिया सहज भएको हुनेछ। योजना अधिकतम रुपमा कार्यान्वयनमा आई योजनाले परिलक्षित गरेका उद्देश्यहरु र परिमाणात्मक लक्ष्यहरु हासिल भएका हुनेछन्। सूचना प्रविधिमा आधारित स्वचालित अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार भई प्रयोग भएको हुनेछ ।

# परिच्छेद आठ : नतिजा खाका

आवधिक योजनाको लगानी देखि लक्ष्य प्राप्ति सम्म हुने नतिजाका चरणहरुलाई नतिजाको तीन वटा तहगत श्रृङ्खलामा आवद्ध गरी सवै क्षेत्र तथा उपक्षेत्र समेटी हरेकको वेग्लावेग्लै तर्कवद्ध खाका (Logical Framework) प्रस्तुत गरिएको छ। यस क्रममा कार्यक्रम तहदेखि प्रतिफल हुंदै लक्ष्य वा प्रभाव सम्म पुग्न कारण र असरहरुको विश्लेषण सहित नतिजाहरुको तहगत सम्वन्ध स्थापित गर्ने प्रयास गरिएको छ। नतिजाहरुलाई योजनाका लक्ष्य, उद्धेश्यहरुलाई समेट्ने गरी सकेसम्म यथार्थपरक वनाइएको छ।

नतिजा खाकामा प्रस्तुत अधिकांश तथ्यांकहरु सम्वन्धित मन्त्रालयवाट प्राप्त गरिएका छन। आधार तथ्यांक सम्वन्धित मन्त्रालय वाहेक अन्यत्रवाट लिइएकोमा कैफियतमा यथा सम्भव स्रोत उल्लेख गरिएकोछ। लक्ष्य सूचकहरु वार्षिक भनि स्पष्ट उल्लेख गरिएकोमा वाहेक अन्य सूचकहरु यौगिक (Cumulative) रुपमा उल्लेख गरिएको छ। नतिजा खाकामा सूचकहरुको दीर्घकालिन राष्ट्रिय लक्ष्य सूचक र दीगो विकास लक्ष्य सूचकसंगको अन्तर्सम्वन्ध देखाई यस प्रादेशिक योजनाको पन्ध्रौं योजना र दीगो विकासका लक्ष्यसंग पनि तादात्म्यता देखाइएको छ।

यो योजना प्रदेश सरकारको मात्र नभई समस्त प्रदेशको नै भएकोले तीनै तहका सरकार, निजीक्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, नागरिक समाज लगायत समाजका सवै क्षेत्र र समुदायको योगदानवाट नतिजा खाकामा उल्लेखित नतिजाहरु प्राप्त हुने अपेक्षा गरिएको छ र नतिजा प्राप्तिमा सवै क्षेत्रहरू एक अर्काका परिपूरक हुनेछन। तथापि प्रदेशको योजना भएकोले उल्लेखित नतिजाहरु प्राप्त गर्न प्रदेश सरकारको नेतृत्वदायी भूमिका निर्वाह हुने नै छ।

नतिजा खाकाका साथ तीनै तहका सरकारले संचालन गर्ने कार्यक्रमको सूची समेत उल्लेख गरिएको छ। आवश्यकताको आधारमा यस सूचीमा थप घट गर्न

सकिनेछ। प्रदेशमा संचालन हुने सवै विकासका कार्यक्रमहरुलाई समन्वयात्मक ढंगले प्रभावकारी रुपमा संचालन गर्न प्रदेश सरकारले नेतृत्वदायी भूमिका खेल्ने नै छ। यस परिप्रेक्षमा प्रदेश सरकारले आफैं संचालन गर्ने भनिएका कार्यक्रमहरुमा पनि आवश्यकताको आधारमा स्थानीय तह र संघीय सरकारसंग समन्वय गर्ने छ भनें अन्य कार्यक्रम संचालनमा पनि आवश्यकता अनुसार दुवै सरकारसंग समन्वय, सहकार्य, सहजीकरण र पहल गर्नेछ।

मध्यमकालिन खर्च संरचना तयार गर्दा र वार्षिक कार्यक्रम तर्जुमा गर्दा यस नतिजा खाकालाई आधारको रुपमा लिइनेछ।

तर्कवद्ध खाका

८.१ समष्टिगत आर्थिक क्षेत्र ( परिच्छेद ३ संग सम्वन्धित )

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाका स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम | दीर्घकालीन राष्ट्रिय लक्ष्य संकेत | दिगो विकास लक्ष्य सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **क) कुल गार्हस्थ उत्पादन (०७५/७६ को मूल्यमा)** | **रु अर्वमा** | **४४४.४९** | **४७५.६०** | **५१३.६५** | **५५९.८८** | **६१५.८७** | **६८३.६२** | आर्थिक सर्भेक्षण/केतवि | **प्रदेश सरकार** | | **१.४** | **८ र १२** | |
| | **ख) वार्षिक आर्थिक वृद्धि दर** | **प्रतिशत** | **६.५३** | **७.०** | **८.०** | **९.०** | **१०.०** | **११.०** | आर्थिक सर्भेक्षण/केतवि | **प्रदेश सरकार** | **संघीय सरकार र निजी क्षेत्रसँग समन्वय भएको हुने ।** | | | |
| असर १ | क) कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | ४.१ | ४.३ | ५.४ | ६.१ | ७.० | ७.९ | | | | | | |
| | ख) उद्योग क्षेत्रको वृद्धि दर | प्रतिशत | ९.८ | ११.१ | १२.० | १२.९ | १३.८ | १४.७ | | | | | | |
| | ग) सेवा क्षेत्रको वृद्धि दर | प्रतिशत | ७.४ | ८.१ | ९.१ | १०.१ | ११.५ | १२.२ | | | | | | |
| असर २ | क) आयमा आधारित असमानता जनाउने ( ० देखि १) | (Gini Coefficient) | ०.२९५ | ०.२८९ | ०.२८४ | ०.२७८ | ०.२७३ | ०.२६७ | | | | | | |
| | ख) माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात (PALMA Ratio) | अनुपात | १.११ | १.०५७ | १.००७ | ०.९५९ | ०.९१३ | ०.८७० | | | | | | |
| **असर १** | **आर्थिक वृद्धि दर अन्तर्गतका प्रतिफल सूचकहरु** | | | | | | | | | | | | | |
| प्रतिफल १ | कृषि क्षेत्रको उत्पादन ( ०७५/७६ को मूल्यमा) | रु अर्वमा | १७७.८ | १८५.४८ | १९५.१९ | २०७.१६ | २२१.७१ | २३९.२७ | आर्थिक सर्भेक्षण/केतवि | **प्रदेश सरकार** | संघीय सरकार र निजी क्षेत्रसँग समन्वय भएको हुने । | | | |
| प्रतिफल २ | उद्योग क्षेत्रको उत्पादन ( ०७५/७६ को मूल्यमा) | रु अर्वमा | ५७.७८ | ६४.२१ | ७१.९१ | ८१.१८ | ९२.३८ | १०६ | | | | | | |
| प्रतिफल ३ | सेवा क्षेत्रको उत्पादन ( ०७५/७६ को मूल्यमा) | रु अर्वमा | २०८.९१ | २२५.९१ | २४६.५५ | २७१.५४ | ३०१.७८ | ३३८ | | | | | | |
| प्रतिफल ४ | बैंकमा खाता भएका परिवार | प्रतिशत | ६१ | ६५ | ७६ | ८१ | ८८ | ९५ | प्रदेश आर्थिक सर्भेक्षण | | स्थानीय तह तथा बैंकहरुको सहयोग भएको हुने | | | |
| प्रतिफल ५ | प्रदेश सरकारको पुंजीगत खर्च ( ०७५/७६ को मूल्यमा) | रु अर्वमा | १५.०५ | १७.२० | २०.९२ | २५.३६ | ३०.६९ | ३७.१६ | प्रदेश वार्षिक वजेट | | | | | |
| प्रतिफल ६ | आन्तरिक राजस्व ( ७५/७६ को मूल्यमा) | रु अर्वमा | ९.०० | ११.०० | १२.०० | १४.४० | १७.५६ | २०.०० | आर्थिक मामिला तथा योजना मन्त्रालय | | | | | |
| प्रतिफल ७ | योजनाको कुल लगानी ( ०७५/७६ को मूल्यमा) | रु अर्वमा | | १५०.८७ | १८३.५२ | २२२.४३ | २६९.२२ | ३२५.९२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | | सरकारी, निजी तथा सहकारी क्षेत्रहरुको सहकार्य भएको हुने | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर २ | आयमा असमानता अन्तर्गतका प्रतिफल सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल १ | तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीमा हिस्सा | प्रतिशत | १०.८५ | ११.६६ | १२.५४ | १३.४८ | १४.४९ | १५.५८ | आर्थिक सर्वेक्षण | प्रदेश सरकार | संघीय सरकार, स्थानीय तह, सहकारी र निजी क्षेत्रसँग समन्वय भएको हुने | | | आधार तथ्यांक दि.वि.ल. / रा.यो.आ. |
| प्रतिफल २ | वहु आयामिक गरिवी | प्रतिशत | ४७.९ | ४३.५५ | ३९.५९ | ३५.९९ | ३२.७२ | २९.७४ | आ.मा.यो.म. | प्रदेश सरकार | | | | आधार तथ्यांक दि.वि.ल. / रा.यो.आ. |
| प्रतिफल ३ | गरिवीको रेखामुनी रहेका जनसंख्या | प्रतिशत | २६.६९ | २५. | २४. | २३. | २२. | २१. | आर्थिक सर्वेक्षण | | | | | |

**प्रदेश सरकारवाट संचालन गरिने कार्यक्रम**

| | |
|---|---|
| १ | प्रदेश आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | वित्तीय संस्थाहरुको संचालन, विस्तार र सहजीकरण |
| ३ | औद्योगिक लगानी |
| ४ | राजस्व प्रशासन सुदृढीकरण |
| ५ | राजश्व सुधार योजना तर्जुमा र कार्यान्वयन |
| **स्थानीय तहसंगको समन्वय र सहकार्यमा संचालन हुने कार्यकमहरु** | |
| १ | गरिवी निवारण ( लक्षित कार्यक्रम) |
| २ | लैङ्गिक उत्तरदायी वजेट प्रणाली प्रवर्धन |
| ३ | पुंजीगत खर्चमा वृद्धी |
| **संघीय सरकारसंगको समन्वय र सहकार्यमा संचालन हुने कार्यक्रमहरु** | |
| १ | मूल्य नियन्त्रण |
| २ | वित्त परिचालन |

८.२ कृषि, पशुपंक्षी तथा मत्स्य विकास ( परिच्छेद ४.१ र ४.३ संग सम्वन्धित)

| नतिजा सूचक | नतिजा सूचक | इकाई | आधार वर्ष २०७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | योजनाको अन्तिम वर्ष २०८०/८१ | सूचनाका स्रोत | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुमान तथा जोखिम | राष्ट्रिय लक्ष्य संकेत | दिगो विकास लक्ष्य सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कूल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान | प्रतिशत | ४० | ३९ | ३८ | ३७ | ३६ | ३५ | के.त.वि | भू.कृ.स.म. र मातहत निकाय | | १.३ | ८ | |
| | | रु अर्वमा (०७५/७६ को मूल्यमा) | १७७.८० | १८५.४८ | १९५.२० | २०७.१६ | २२१.७१ | २३९.२७ | | | | | | |
| असर १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के.जी | १६१.९ | १७०.०० | १७८.४९ | १८७.४२ | १९६.७९ | २०६.६३ | भूकुसमंको प्रतिवेदन | | वित्तीय संघसस्था, सहकारी, स्थानीय तह लगायत सबै कृषि सम्वन्धि काम गर्ने निकायहरुको सहकार्य भएको हुने | १.३ | २ र ८ | |
| असर २ | तेलहन,मसला तथा नगदेवाली उत्पादन | मे.टन हजारमा | २८९८.४ | ३०४३.३२ | ३१९५.४९ | ३३५५.२६ | ३५२३.०२ | ३६९९.१७ | | | | | | |
| असर ३ | तरकारी तथा वागवानी उत्पादन | मे.टन हजारमा | १४१२.२५ | १४८२.८६ | १५५७.०१ | १६३४.८६ | १७१६.६० | १८०२.४३ | | | | | | |
| असर ४ | पशुपंक्षीजन्य उत्पादन | रु अर्वमा (०७५/७६ को मूल्यमा) | ७१.१२ | ७५.०६ | ७८.८१ | ८२.७५ | ८६.८९ | ९१.२४ | | | | | | |
| असर ५ | प्रदेशमा उत्पादित कृषि तथा पशुजन्यवस्तुमा विक्रीको अंश | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ६० | | | | | | |
| असर ६ | क्षमता विकास ( कर्मचारी तथा कृषक) | जना | ० | २०० | ५०० | १००० | १५०० | २००० | | | | | | |
| असर ७ | उन्नत प्रविधिमा पहुंच भएका कृषक | प्रतिशत | २० | ३० | ५० | ६५ | ८० | ९० | | | | | | |
| असर १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन अन्तर्गतका प्रतिफल सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल १ | खाद्यान्न उत्पादन | | | | | | | | | | | | | |
| १.१ | धान | मे.टन हजारमा | १२८५.८० | १३५०.०९ | १४१७.५९ | १४८८.४७ | १५६२.९० | १६४१.०४ | | भू.कृ.स.म. र मातहत निकाय | वित्तीय संघसस्था, सहकारी, स्थानीय तहलगायत सबै कृषि सम्वन्धि काम गर्ने निकायहरुको सहकार्य भएको हुने | | | |
| १.२ | धानको उत्पादकत्व प्रति हेक्टर | मे.टन | ३.४० | ३.५७ | ३.७५ | ३.९४ | ४.१३ | ४.३४ | | | | | | |
| १.३ | गँहु | मे.टन हजारमा | ५६६.९० | ५९५.२५ | ६२५.०१ | ६५६.२६ | ६८९.०७ | ७२३.५२ | | | | | | |
| १.४ | गहुको उत्पादकत्व प्रति हेक्टर | मे.टन | ३.३० | ३.४७ | ३.६४ | ३.८२ | ४.०१ | ४.२१ | | | | | | |
| १.५ | मंकै | मे.टन हजारमा | १३१.७० | १३८.२९ | १४५.२० | १५२.४६ | १६०.०८ | १६८.०९ | | | | | | |
